अभिलेख

ABHILEKHA

२६



राष्ट्रिय अभिलेखालय

२०६५

अभिलेख
ABHILEKHA

वर्ष २६ ❁ २०६५ ❁ पूर्णाङ्क २६

दुई शब्द

आजको मानव सभ्यता अतीतको अथक प्रयास र परिश्रमको परिणाम हो । मानवको बौद्धिक विरासतका प्रतीक अभिलेख त्यही अतीतको ज्ञान, सीप र अनुभवको आधिकारिक स्रोत हुन् । आजको बदलिदो परिवेश र परिस्थितिमा यसको संरक्षण र सम्प्रेषण प्रति अझ बढी सचेत हुन आवश्यक देखिन्छ । राष्ट्रको तथ्यपरक इतिहास, प्रशासनिक संरचना र सांस्कृतिक विविधताका क्षेत्रमा देखापरेका असहजता अनि तिनको समाधानको भगीरथ प्रयासको क्रममा गौरवमय विगतसँग सम्बन्धित अभिलेखले आगामी पुस्ताका लागि भरोसायोग्य भविष्यप्रति सहयोग गर्नेछ । अभिलेखका विषयमा प्राथमिकता दिनुपर्ने क्षेत्रमध्ये, सूचना प्रवाहको व्यापकता र सुलभता पनि एक हो भन्ने हाम्रो मान्यता र प्रतिबद्धता हो । सूचना प्रवाहमा तथ्यमा आधारित विचारमूलक पत्रिकाको भूमिकालाई मनन गर्दै "अभिलेख" को २६ औं अङ्क प्रकाशन गरिएको छ । यस अङ्कमा पनि अभिलेखको मर्म र भावना अनुरूप अभिलेखालयमा संग्रहित सामग्री र अनुसन्धान मूलक लेख-रचनाहरूलाई स्थान दिइएको छ । यी सामाग्रीबाट अभिलेखको अध्ययन अन्वेषणमा संलग्न विद्वानहरूलाई उपयोगी विषयवस्तु प्राप्त हुने र यसमा रूचि राख्ने अन्य पाठकवर्गलाई समेत यसको महत्व बोध गराउने विश्वास लिइएको छ ।

यस अङ्कमा आफ्ना लेख रचना दिइ सहयोग गर्नुहुने विद्वान् वर्ग र यस कार्यमा सहयोग पुऱ्याउने सहकर्मी मित्रहरू प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । यसलाई स्तरीय र अझ उपयोगी बनाउन प्रशस्त प्रयास गर्दागर्दै पनि कतिपय कमजोरी हुन सक्छन् । यसमा विज्ञ एवं सचेत पाठकहरूको सकारात्मक दृष्टि रहने छ भन्ने अपेक्षा गरेको छु ।

भीमप्रसाद नेपाल
प्रमुख
राष्ट्रिय अभिलेखालय

मिति : २०६५ आश्विन

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय फोन नं. : ४२६४३५३ Email: narchives@yahoo.com
प्रकाशन मिति	:	२०६५ साल आश्विन
प्रकाशित प्रति	:	५००
मूल्य .	:	२५ /-
मुद्रक	:	कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौँ फोन नं. : ४२२५६९६

दुई शब्द

राष्ट्रिय अभिलेखालयबाट वि.सं. २०४० देखि वार्षिक रुपमा निरन्तर प्रकाशन हुँदै आएको अभिलेख पत्रिकाको नेपाली अनुसन्धानको क्षेत्रमा विशेष महत्त्व छ । यसमा प्रकाशित अनुसन्धानमूलक लेख रचनाहरूले हाम्रो इतिहास र संस्कृतिका अदृष्य पाटाहरूलाई सदैव उजागर गर्ने प्रयत्न गरेका छन् । अनुसन्धानमूलक मौलिक लेखहरू प्रकाशन हुने भएकाले पाठकहरूले पुराना प्रतिहरू पनि माग गर्ने गरेको अनुभव हामीसँग छ । विभिन्न विद्वान्हरूका महत्त्वपूर्ण खोजमूलक लेख रचना प्रकाशित भएको आठ अंकको सान्दर्भिकता आज पनि उत्तिकै छ । अभिलेख पत्रिका अंक २६ को माग व्यापक भएको तर यस प्रकाशनका सम्पूर्ण प्रतिहरू समाप्त भएको हुँदा पाठक वर्गको आवश्यकतालाई मध्यनजर गरी यसलाई पुनर्मुद्रण गरी पाठक समक्ष ल्याएका छौं । आशा छ, यसको पुनः प्रकाशनले अनुसन्धान क्षेत्रमा लाग्ने समस्त खोजकर्ताहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो बनाउने छ ।

अन्त्यमा, यस पुनः प्रकाशन कार्यमा सहयोग गर्नुहुने समस्त व्यक्तिहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग

प्रमुख

राष्ट्रिय अभिलेखालय

विषय-सूची

न्यायविकासिनीः विश्वकै पहिलो पूर्ण कानूनका रूपमा

– प्रकाश वस्ती*


कानून हुन केही विशेषताको आवश्यकता पर्दछ। पहिलो कुरो त्यो साार्वभौमद्वारा जारी हुनुपर्दछ। आज संसदबाट पारित विधेयकमा राष्ट्राध्यक्षको स्वीकृति प्राप्त हुनुलाई सार्वभौमिकताको प्रयोग भएको रूपमा ग्रहण गरिन्छ। तर, पहिले मुलुकको शासक राजामै सार्वभौमसत्ता रहेको मानिन्थ्यो। कानून हुनका लागि त्यसका दोस्रो शर्तका रूपमा त्यस लिखतका पछाडि शक्ति रहेको हुनुपर्दछ। अर्थात् त्यसको पालन नभएको अवस्थामा दण्ड गर्ने निकाय हुनुपर्दछ, त्यसलाई पालन गर्नै पर्ने बाध्यता हुन्छ। आज प्रहरी, प्रशासन र अदालतका रूपमा कानूनको परिपालन गराउने कार्य हुन्छ। पहिले राजाका आदेश नै शक्तिको परिचायक थियो। कानून लागू हुन भूभागको पनि आवश्यकता पर्दछ।

यिनै सैद्धान्तिक कसीमा न्यायविकासिनीको चर्चा गरिन आवश्यक छ। नेपाल सम्बत् ५०० सालमा राजा जयस्थिति मल्लले यो कानून जारी गरे। यसलाई विक्रम सम्बत्मा परिणत गर्दा १४३६ र ईश्वी सन्मा परिणत गर्दा १३८० हुन आउँछ। त्यस बेलाको नेपाल भनेको पूर्वमा हालको दोलखा र पश्चिममा आजको नुवाकोटसम्म विस्तारित थियो। नेपालको राजधानी भक्तपुर थियो। काठमाडौं र ललितपुर अलग राज्य भइसकेक थिएनन्। तसर्थ एउटा निश्चित भूभागका लागि एउटा कानुनको आवश्यकता थियो। न्यायविकासिनीको रूपमा यो देखापऱ्यो। त्यसबेलाको राजकीय शक्ति अर्थात् सार्वभौमसत्ताको प्रयोग जयस्थिति मल्लले गर्ने गरेका थिए। निश्चय नै उनमा दण्डाधिकार पनि थियो। यी सबै दृष्टिले न्यायविकासिनी एउटा पूर्ण कानूनका रूपमा देखा पर्दछ। तर यसका विपरीत उठन सक्ने तर्कहरूमा पनि समुचित छलफल नभए विषयवस्तु प्रति न्याय गरेको ठहर्ने छैन। छलफल अगाडि बढाउन न्यायविकासिनीलाई हालै कानून पत्रिका कानून व्यवसायी क्लब, काठमाडौँको द्वैमासिक प्रकाशनले पुस्तकका रूपमा नेपाली र अंग्रेजी अनुवादसहित प्रकाशित गरिदिएको भएबाट अध्ययन तथा छलफल गर्न सजिलो भएको छ।

यो ग्रन्थ प्रकाशन गर्दा मानवन्यायशास्त्रका विभिन्न प्रतिहरू अध्ययन गरिएका हुन्। जसमध्ये मूल ग्रन्थका रूपमा राष्ट्रिय अभिलेखालयको संग्रहमा रहेको प्र. १२३१ रिल नं. A ११६०/६ को ताडपत्रमा मूलसंस्कृत भाषा र त्यसको नेवारी भाषा टीका भएको मानवन्याशास्त्रलाई बनाइएको हो। यसका आदिका १० पत्र चाहिं मूलग्रन्थ केशर पुस्तकालयमा र माइक्रोफिल्म राष्ट्रिय अभिलेखालयमा रहेको सी. ४०/२ बाट लिइएको हो।

---

* *वरिष्ठ अधिवक्ताः अध्यक्ष, कानून व्यवसायी क्लब, काठमाडौं*



राष्ट्रिय अभिलेखालयमा संग्रहित मानवन्यायशास्त्र

आज यो कानूनको यति नम्बर/दफा अनुसार सजाय गरियो भनेर लेखिएको पाइए जस्तै न्यायविकासिनीको अमुक व्यवस्थाको पालना नगरेकोमा अमुक व्यवस्थाअनुसार यस्तो सजाय भयो भन्ने अभिलेख पाइए जस्तो लाग्दैन। यदि यस किसिमका अभिलेख पाइएको भए यो लागू भएको कुरामा कुनै सन्देह बाँकी रहने थिएन। तर, यो तर्क अघि सार्नु अगाडि के कुराको अध्ययन हुन आवश्यक छ भने त्यस बेला कुनै मुद्दाको फैसला कसरी हुन्थ्यो ? लेख्ने चलन त्यसबेला थिएन भन्दा हुन्छ। ताडपत्र वा भोजपत्र खोज्नु, मसी बनाउनु र लेख्न जान्ने मानिस खोज्नु सजिलो पक्कै थिएन। तसर्थ विवाद आजको जस्तो फिरादका रूपमा दर्त्ता हुने, प्रतिउत्तर पर्ने, साक्षी प्रमाण बुझ्ेर लिखित निर्णय दिने त्यसबेला कल्पना बाहिरका कुरा हुन्। त्यसैले मौखिक उजूरी, मौखिक प्रतिवाद र मौखिक रूपमा नै साक्षी प्रमाण परीक्षण तथा मौखिक निर्णय र तत्काल कार्यान्वयन नै त्यसबेलाको न्याय प्रणालीको प्रकृति थियो भन्ने अनुमान सहजै लगाउन सकिन्छ। त्यसकारण जब निर्णय नै लिखित हुँदैनथ्यो भने न्यायविकासिनीको अमुक व्यवस्था प्रयोग गरेर निर्णय लेखिएको हुनु र त्यो पाइनु भन्ने कुरा स्वभाविक हुन सक्दैनन्।

न्यायविकासिनी लेखाइनुको तात्पर्य के हुन सक्दछ त्यसमा पनि खोजी पस्न आवश्यक छ। राजा जयस्थिति मल्लले आफ्ना मन्त्री जयत वर्माका लागि मणिक

नामका विद्वानद्वारा यो न्यायविकासिनी लेखाएको कुरा उक्त कृति (पुस्तक पृष्ठ ३२७) मै उल्लेख छ। मन्त्रीका लागि, के पढ्नका लागि मात्र यत्रो मिहिनेत गराइएको होला त ? भन्ने प्रश्न पनि त्यत्तिकै सान्दिर्भिक छ। वास्तवमा त्यसबेला मन्त्री नै न्यायधीश/प्रधान न्यायाधीश हुन्थ्यो। अर्को शब्दमा कार्यपालिका र न्यायपालिका छुट्याइएको थिएन। वास्तवमा १९९७ साल असार १२ गतेको जुद्धशमशेरको सनदपछि १९९७ साल साउन १ गतेदेखि प्रधान न्यायालय र अपील अड्डा स्थापना गरी एउटै गढी/गौंडा/गोश्वाराबाट भइआएको न्याय प्रशासन, सामान्य प्रशासन, विकास निर्माण र अभिलेखनका कार्यबाट न्यायिक कार्य अलग गरिएको हो। त्यसैले जयस्थिति मल्लको शासन कालमा मन्त्री जयतले नै न्याय दिने काम पनि गर्दथे भन्ने कुरा स्वीकार्नु पर्दछ। यी सबै कारणबाट न्याय होस् भन्नकै लागि न्यायविकासिनी तैयार गराइएको मान्नुको विकल्प छैन।

यसै कृतिमा सर्वसाधारणले यो बुझून् भन्ने अभिप्राय राखिएको छ। त्यसबेलाको जनभाषा नेपाल भाषामा यसको टीका गराइनुको पछाडि सबैले बुझून् भन्ने अभिप्राय राखिनुबाहेक अर्को विकल्प हुनै सक्दैन। यस कुराको पुष्टि त्यसमा लेखिएको, 'ठूलो महत्व भएको नारदीय न्यायशास्त्र जुन यहाँ छ, यो कम बुद्धि भएका मानिसहरूका लागि भनेजस्तो गरी बुझ्न गाह्रो छ। त्यसको यो स्पष्ट टीका नेवारी भाषामा लेखिन्छ' (पुस्तक पृष्ठ ३२६) भन्ने कुराबाट हुन्छ। सामान्य जानतालाई पनि यो बुझाउन किन आवश्यक भयो भने यो पालना गर्नुपर्ने, पालना नगरे वा उल्लंघन गरे त्यसमा लेखिए बमोजिम दण्ड जरीवाना र दायित्व व्यहोर्नु पर्ने थिति बन्देज, यो थियो। यति मात्र नभइ यस कानूनको कार्यान्वयन गाउँ-गाउँमा पनि हुन्थ्यो। त्यहाँका स्थानीय न्यायकर्ता पञ्च भलादमी संस्कृत भाषाका ज्ञाता नहुनु स्वभाविक हो। नेवारीमा लेखिएको हुनाले ती न्यायकर्ताले बुझ्न सक्ने भइ तदनुरुप न्यायगर्न सक्दथे भन्ने तर्क निकै बलशाली हुन्छ।

कतै यो कृति कुनै कानून नभइ नारदस्मृतिको नेवारी टीकामात्र पो हो कि भन्ने तर्क पनि छलफलको उचित विषय हुन सक्दछ। यो नारदस्मृतिबाट प्रभावित भए पनि सम्पूर्ण रुपले नारदस्मृतिकै विशुद्ध अनुवाद भने होइन भन्ने कुरा मान्नैपर्ने प्रशस्त आधारहरू छन्। उदाहरणका लागि पुस्तकको ३०१ पृष्ठमा एउटा व्यवस्थाको उल्लेख गर्ने क्रममा लेखिएको छ, पारखी नारद ऋषिले दोहोऱ्याएर बताएका छन्।

आफैँले आफूलाई सम्बोधन गर्दा यसरी पक्कै लेखिन्न। नारदस्मृति वा नारदीय संहिता लेख्ने व्यक्ति र नारद ऋषि बेग्ला बेग्लै व्यक्ति पो हुन् कि भन्ने ठाउँ पनि छैन। कारण पृष्ठ ३२६ मा एक ठाउँमा लेखिएको छ, 'मानवन्यायशास्त्रमा नारद ऋषिले बताएको संहितामा न्याय धर्मपदहरू समाप्त भए।' यो वाक्यले दुईटा कुरा प्रमाणित गर्दछ। पहिलो नारदस्मृति नारद ऋषिले लेखेका हुन् अर्थात् यो ग्रन्थका लेखक र नारद ऋषि अलग-अलग व्यक्ति होइनन् एउटै हुन् र दोस्रो कुरा न्यायविकासिनी नारदस्मृतिको नेवारी अनुवाद नभइ त्यसका आवश्यक न्यायधर्मपदहरूलाई व्याख्या गरी बनाइएको कानून हो। यस कानूनलाई नारदीयसंहिता वा नारदस्मृति नभनी न्यायविकासिनी भन्ने नाम दिनुका पछाडि पनि यसको मौलिकताको थप पुष्टि हो, थप प्रमाण हो।

न्यायविकासिनी र नारदस्मृतिको पृथकताका बारेमा उल्लिखित पुस्तकका सम्पादक प्रा. दिनेशराज पन्तले यसै पुस्तकको भमिका (वक्तव्य) मा लेख्नु भएको छ, 'नारदस्मृतिका प्रकाशित र अप्रकाशित गरी विभिन्न संस्करण छन्। नारदस्मृतिको एकथरि संस्करणको पहिलो अध्यायको पहिलो श्लोक न्यायविकासिनीको पनि पहिलो श्लोक बनाइएको छ, दोस्रो श्लोक भने सोझै नारदस्मृतिको होइन। ... नारदस्मृतिको पहिलो अध्यायका दुई श्लोकदेखि बाँकी श्लोक, दोस्रो अध्यायका सम्पूर्ण श्लोक तेस्रो अध्यायका सम्पूर्ण श्लोक न्यायविकासिनीमा दिइएका छैनन्। चौथो अध्यायका पनि निकै श्लोक न्यायविकासिनीमा छैनन्। यसको साथै नारदस्मृतिका श्लोक दिँदा पनि कहीँ-कहीँ तल माथि पारेर दिने काम न्यायविकासिनीमा भएको छ। .... त्यसपछि आएको दिव्यको केही भाग भने त्यस संस्करणमा पनि पाइँदैन। सो भाग पितामह दिव्यशुद्धिमा पाइन्छ। यसरी न्यायविकासिनीका रचयिता मणिकले आफ्नो ढंगले मूलको चयन गरेको देखिन्छ।' प्रा. पन्तको यो अध्ययनले न्यायविकासिनीको मौलिकता झल्किन्छ।

वास्तवमा श्रुति र स्मृति परम्परा हिन्दु विधिशास्त्रका विशेषता हुन्। स्वयम् भगवानले ऋषि मुनिहरूलाई जम्मा गरेर मौखिक प्रवचनका रूपमा दिइएका सूत्रहरू धेरै वर्ष सुनेकै भरमा जोगाएर राखी तदनुरुप समाज सञ्चालन भयो। यसले श्रुति परम्पराको नाम पायो। जनसंख्या बढ्यो, उब्जाऊ जमीनको खोजीमा बस्तीहरू फैलिए, सुनिएको भरमा काम चलेन। भगवानका उपदेश सम्झेर लिपिबद्ध गर्ने काम भयो - यसैलाई स्मृति भनियो। जुन ऋषिमुनिले स्मृतिका आधारमा लेख्ने काम गरे उनकै नाम त्यो स्मृतिसँग गाँसियो। मनुको स्मृति मनुस्मृति भयो, याज्ञवल्क्यको स्मृति याज्ञवल्क्यस्मृति, विष्णुको स्मृति विष्णुस्मृति र नारदको स्मृति नारदस्मृति भए।

त्यसबेलाको धर्मभीरू समाजलाई ईश्वरीय भय नै सुमार्गमा हिँडाउने बलियो उपाय थियो। त्यसैले न्यायविकासिनी एउटा सम्पादित र संग्रहित कानून हुँदाहुँदै पनि नारदीयसंहितासँग नाता गाँसिदिनु पर्ने बाध्यता परेको सहजै महसूस गर्न सकिन्छ। यस्ता कारणहरूले गर्दा न्यायविकासिनी हुबहु नारदीयसंहिता नै हो भन्नु यस कानूनप्रति अन्याय हुन जान्छ।

वास्तवमा यो कानूनले स्मृतिका रूपमा अभिव्यक्त विभिन्न विद्वान्हरूको अभिमत र सामाजिक व्यवहारलाई समयानुकूल व्यवस्थित गर्ने प्रावधानसहित न्यायविकासिनी जारी भएको हो भनेर मान्नै पर्ने प्रमाणहरू पनि पुस्तकमा मनग्गे छन्। सानो उदाहरण पुस्तकको पृष्ठ ३०१ मा एक ठाउँमा भनिएको छ '... भगवान मनुले आज्ञा गर्नु भएको छ।' त्यो व्यवस्थाले मनुस्मृतिको अनुशरण गरेको यसबाट प्रष्टै देखिन्छ। वास्तवमा पछिल्लो स्मृति ग्रन्थले आफू भन्दा अगाडिका सबै स्मृतिहरूको प्रभावलाई अध्ययन गर्दै समसामयिक परिवर्तनलाई आत्मसात् गरेका हुन्थे। नारदस्मृति त्यसबेलाको नेपाली समाजअनुकूल भएकै कारणले यो स्मृतिको जनभाषा नेवारीमा टीकासहित जारी गरिएको हुनुपर्दछ। कुनै पनि ऋषिसँग दण्ड गर्न सक्ने अधिकार हुने कुरा भएन, यो अधिकार राजासँगै हुने भयो। राजाकै शक्ति मन्त्री र मातहतका कर्मचारीले प्रयोग गर्ने भए। ऋषि अर्थात् स्मृतिका संरचयिताले दिएका सुझाव राज्यले ग्रहण गरी यसो गरेमा यस्तो दण्ड हुनेछ र यसो नगरेमा यस्तो दायित्व व्यहोर्नु पर्नेछ भनी गरिएका व्यवस्था कानून हुन्, निसन्देह कानून हुन्। तसर्थ, न्यायविकासिनी परामर्शमात्र होइन अनिवार्य रुपले लागू हुने कानून हो।

आफूभन्दा अगाडिका मनुस्मृति याज्ञवल्क्यस्मृति, विष्णुस्मृति, आपस्तम्बरस्मृति, गौतमस्मृति, वशिष्ठस्मृति र वौधायनस्मृति लगायतका पुस्तकलाई छाडेर नारदस्मृतिले नै स्थानीय भाषामा टीका गरिने अवसर पायो। यत्तिमात्र होइन २०० वर्षसम्म त्यो ग्रन्थ हातले ताडपत्रमा सारिँदै आयो। यसबाट नै यो ग्रन्थ राज्यमा लागू भएको थियो भन्ने कुराको थप प्रमाण हो। फेला परेका ताडपत्रकै मात्र उल्लेख गर्ने हो भने नेपाल संवत् ५०० (विक्रम सम्बत् १४३६) पछि ५२७ (वि.सं. १४६३), ६३१ (वि.सं. १५६७), ६७२ (वि.सं १६०८), ७१४ (वि.सं. १६५१), ७२१ (वि.सं. १६५७) र ८२० (वि.सं. १७५६) सम्म न्यायविकासिनीले आफ्नो कानूनी परम्परा चलाएको छ। अझ सारिएका कति कृति हराए, नासिए वा नष्ट

भए होलान् । यति मात्र नभइ जयस्थिति (स्थितिराज) मल्ललाई यस ग्रन्थमा राजाहरूका शिरोमणि भनिँदै पृष्ठ ३२६ मा '... यो पढेर राजाहरूले न्यायमार्गमा हिँडून्' भनिएको छ । यसबाट त्यसबेलाको प्रभावशाली, शक्तिशाली र धनी राज्य नेपालका छिमेकी राजाहरूले पनि यही न्यायविकासिनी सारेर आफ्नो राज्यमा लगी न्याय व्यवस्था चलाउनु पर्ने प्रयोजनका लागि यो कानून जारी गरिएको अर्थबाहेक अर्को अर्थ निकाल्नु अनर्थ हुनेछ ।

न्यायविकासिनी नेपालमा सन् १३८० मा जारी विस्तारित कानून हो । यसमा देवानी, फौजदारी, देवानी कार्यविधि र फौजदारी कार्यविधिसमेतका विषयका विस्तृत व्यवस्थाहरू छन् । सन् १८०४ र १८०६ मा फ्रान्समा सम्राट नेपोलियनले जारी गरेको सिभिल कोड र सिभिल प्रसिड्युरल कोडलाई विश्वले पहिलो विस्तारित लिखित कानून मानेको छ । तर, सन् १३८० मै नेपालमा त्योभन्दा उत्कृष्ट कानून जारी भएको थियो भन्ने कुरा विश्वलाई नै बुझाउनु हामी सम्पूर्ण नेपालीहरूको कर्तव्य हो । हाम्रो दावीका पछाडि आधार र प्रमाण छन् । तर, यसका लागि समय लाग्नेछ । सरकारको सहयोग र समर्थनको पनि त्यत्तिकै आवश्यकता छ । अझै अध्ययनको खाँचो छ । न्यायविकासिनीका नेवारी टीकाको मात्र अनुवाद गराउनु पर्ने आवश्यकता छ । बेलायतमा रहेका नेपाल सम्बत् ५२६ र ८२० मा सारिएका प्रतिहरूका पनि कम्तिमा प्रतिलिपि मगाइ अध्ययन गरिनु आवश्यक छ ।

न्यायविकासिनी विश्वकै पहिलो लिखित कानून हो र विश्वलाई यो दिने काम नेपालले गरेको हो । यो सत्य हामीले आफूले मानेर मात्र भएन, विश्वलाई मनाउने हाँक हाम्रा सामु उपस्थित भएको छ । यो कोट्याउने काम वकीलहरूको सानो जमात कानून व्यवसायी क्लब काठमाडौंले गरेको छ । युएनडीपी, न्यायमा पहुँच अभिवृद्धि परियोजनाको सहयोगमा अध्ययन गरी २०६५ दशैंमा न्यायविकासिनी नाम दिएर अंग्रेजी अनुवादसहित पुस्तक प्रकाशित गरेको छ । सबैको सहयोग प्राप्त भएमा यो नेपाली गौरवलाई विश्वका सामु चिनाउन कुनै कठिनाइ पर्ने छैन । अहिलेलाई यही आशा गरौं ।

पण्डित जानकीदत्तले सदानन्द भट्टलाई प्रेषित अप्रकाशित धर्माधिकारपत्र

- ऐश्वर्यधर शर्मा

धर्मशास्त्र तथा धर्मग्रन्थहरू गहनतापूर्वक अवलोकन गर्दा त्यहाँ देश, काल एवं परिस्थिति अनुसार अधिकांश धार्मिक क्रियाकलापमा क्रमिक सुधार तथा फेरवदल भए गरेको देखिन्छ। सम्भवतः ऋषिवर्गबीच आ-आफ्ना वचनहरूमा प्रायः एकरूपता न पाइनु र भिन्नता देखिनु यो नै खास कारण हुन सक्दछ। यसलाई अस्वाभाविक मान्न सकिन्न। किनभने स्रष्टाको सृष्टिसौन्दर्य परिवर्तनशील छ। यो क्रमचक्र सदादेखि चलिरहेको छ। भविष्यमा पनि निरन्तर चलिनै रहनेछ।

पूर्वका चिन्तकहरूको मूलभूत विचार दर्शन बुझ्नुपर्दछ। अन्यथा "छिन्ने मूले नैव शाखा न पत्रम्" (जरो काटिएको रूख विशेषमा हाँगाविंगा तथा पातपत्ता पलाउन सक्दैन)। मानव-मानवबीच विभेद तथा असमान विभाजन न्यायपरक मानिएको छैन। पञ्चमहाभूतीय संरचना मानवमूर्तिका प्राणी पवित्र तथा विचित्र छ। मोक्षको साधन वा सोपान पनि मानिन्छ। आत्मतत्त्ववेत्ताहरूको यो कथनलाई स्वीकार्नुपर्दछ। यसले निश्चयनै कल्याण गर्दछ।

"आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्" भन्ने मूल प्रवाहमा प्रवाहित बन्नु वस्तुतः अत्यन्त कठिन छ। अन्तर्मुखी प्रवृत्तिविना तदनुसार जीवनमा ढाल्न सकिदैन। केवल आत्मीयतापूर्ण तथा आत्मौपम्य आदि शब्दजाल समाजमा फिजाउँदैमा मूलत्वलाई स्पर्श गर्न सक्दैन। आत्मीयतापरक व्यवहारका लागि अन्तर्बोधको आवश्यकता पर्दछ।

स्मृतिकार देवल ऋषि यस्तै मूलभूत धरातलमा बसी सुधार र शुद्धिकरण कार्य गर्दथे। त्यस ताका समाजंमा व्याप्त विकृति, सङ्कीर्ण, कट्टर तथा रूढिवादी परम्परालाई सुधार गर्न समयानुकूल स्मृतिग्रन्थ नै रचे उनले। जसलाई लोकमा 'देवलस्मृति' भन्दछन्।

विशेषतः हिन्दू धर्मालम्बीहरूबीच एक-आपसमा स्पर्शास्पर्श उँचनीचको खाडल गहिरो रूपमा विद्यमान छ। तल्लो जातले छोएको खाने कुरा माथिल्लो जातले भोजनान्न ग्रहण गर्दैनथे। कथंकदाचित् लसपस हुन गएमा धर्माधिकारीबाट शास्त्रले तोकिए बमोजिम प्रायश्चित्त गराइन्थ्यो।

---

* *अनुसन्धानकर्ता: पूर्णचण्डी वलायेल, पाटन*

देवल ऋषि क्रान्तिद्रष्टा थिए। उनले देश, काल, परिस्थितिलाई मध्यनजरमा राखी केही संशोधन वा सुधारकार्य गरे।

"उच्छिष्टं मानवं स्पर्श्य भोजे चापि तथाविधम्। तथैव हस्तौ पादौ च प्रक्ष्याल्याचम्य शुद्धयति ॥" जूठो व्यक्तिलाई खाँदै बस्दा संयोगवश छोइएमा दुवैथरिकाले हात गोडा धोई आचमन गरेपछि चोखिन्छ। भोजनान्न खेर फाल्नुपर्दैन। यो उनको सानो सुधारको नमूना हो। यस्ता कुराहरूमा हाम्रो ध्यान जानुपर्छ।

त्यस ताका ऐन-कानून भनेको धर्मशास्त्र हो। यसैको आधारमा सम्पूर्ण निर्णयहरू धर्माधिकारीद्वारा गरिन्छ। छुट्टै धर्माधिकारप्रथा (पतिया दिने आदिकार्य) थियो। सो प्रथा अचेल विलुप्त भइसकेको छ।

हालसालै मदन भट्टको सौजन्यबाट विक्रम संवत् १८७१ मा पण्डित जानकीदत्तले सदानन्द भट्टलाई लेखेको अप्रकाशित पत्र प्राप्त भएको छ। यस पत्रमा धर्माधिकारको कामकाजको अख्तियारी सदानन्द भट्टलाई सुम्पेको बेहोरा परेको छ। धर्माधिकार पाउने व्यक्तिले तोकिएबमोजिम गाउँ-ठाउँका चारै वर्णका व्यक्ति विशेषको अपराधको स्वरूप हेरी शास्त्रोक्त प्रायश्चित्त गराउँथे। पुस्तकमा चढाइएका दक्षिणा भेटी, आम्दानी सम्बन्धित निकायमा दाखिला गर्नुपर्थ्यो। सो रकम छिपाए - दवाएवापत दोब्बर रकम वेहोर्नु पर्ने चेतावनी पनि दिइएको छ। जिज्ञासु एवं अनुसन्धित्सु, मनीषी वर्गका लागि उपयोगी देखिएको हुँदा यहाँ सो पत्रको दुरुस्त उतार प्रस्तुत गरिन्छ।

मूलपाठ

श्री

श्री ६ गुरुज्यू

त्रिशूल चिन्ह

पत्र सही

मूलपाठ (१)

१. स्वस्ति श्री धर्माधिकार, श्रीजानकीदत्तपण्डीतकस्य पत्रम् ....

२. आगे सदानन्द भट्टके गजुरि, प्यडा, किरांचोक, कटुवाल गाउँ कह्लारि,

३. एति जग्गाभरमा, चारै वर्णमा धर्माधिकारी काजको अष्तियारी दिन्यूँ

४. प्रायश्चित्तको कामकाज परिआयामा शास्त्र हेरि यथायोग्य परि .... को

५. छाप लाग्याको पुर्जिमा प्रायश्चित्त लेषी देऊ, ठुला काम परिआयामा साध

६. त्यो कुरो हामि छेऊ भनि पठाउनू र साधी पठाउला, एताबाट लेषिपठायाब

७. मोजिम् कामकाज गर्नु, अपराध हेरि उसैमाफिक पुस्तकको दक्षिना भेट


८. लिनु, प्रायश्चि (त्त) को जो भयाको आमदनी ल्याई बहिपत्र वेवहारले बुझावनु,

९. फार्षती लिनु, आमदनि, दवाई छपाई राष्या दुग्ना तिर्नुपर्ला इति संम्वत १८७१

१०. साल मीति भाद्रसुदि ५ रोज ७ शुभ्म्

प्रस्तुत पत्र वि.सं. १८७१ सालमा जानकीदत्त पण्डितले सदानन्द भट्टलाई गजुरी, प्याडा, किरांचोक, कटुवाल गाउँ कल्लारी यी ठाउँ गाउँभित्र चारै वर्णको धर्माधिकारीको कामकाज गर्ने अधिकार दिइएको छ। शास्त्रग्रन्थ हेरी सोबमोजिम प्रायश्चित्त गराउनुपर्ने बेहोरा पनि लेखिएको छ। अपराधअनुसार पुस्तकमा दक्षिणा भेटी लिनू। सोबाट उठेको आम्दानी बुझाउनुपर्ने र सो आमदानी रकम छिपाइ दवाइ गरेमा दोब्बर रकमसमेत तिर्नुपर्ने बेहोरा यस पत्रको पेटबोलीमा परेको छ।

यस पत्रको प्रतिलिपि यसै साथ प्रस्तुत गरिएको छ।



मूलपाठ (२)

श्री छापः धर्माधिकार

पहिलो पत्रको मूलपाठमा उल्लेख भएअनुसार अपराधको प्रकारको जानकारीका लागि दोस्रो पत्रको मूलपाठ नमूनाको रूपमा यहाँ प्रस्तुत गरिन्छ। यो पत्र मेरो सङ्ग्रहमा सुरक्षित छ।

श्रीकुवलयरा

जपण्डितज्यू

सम् १९५१

१. श्रीमद्गोरक्ष मु (भू) पेन्द्रप्रहितं स्मृतिसम्मतम् ॥

२. दुरी (रि) तच्छेदनोपायप्रायश्चित्तं समाचर ॥१॥

३. प्रथम दिन मुण्डन गरि माटो भस्म पंचगव्य लेपन गरि स्नान गर्नु तस दीनदीन्नेमा

४. ह (द) विषे ग्रास १५ दोस्रा दीन रात्रीमा ग्रास १ षानु तेश्रा दीन दया गरि कसैले षा भनी


५. दीया ग्रास २४ षानु चौथा दीन निराहार गर्नु पाचौ दीनमा पंचगव्य षाई ब्राह्मणला

६. ई सीधा दक्षणा दीई कुस्लेनी धोवेनी सर्केनी दमेनी ई जात्संग

७. करणी चुकेका लोग्ने र कसाही मुसलमान् कामी सार्की ई जात्संग

८. करणी चुकेका स्वास्नीस्मेत्हरूको सामनि पानी संसर्ग भयावापत्

९. नरदेव पंतको घरसुद्ध ईति सम्बत् २०५७ साल मीति भाद्र सुदी ९ रोज १ शुभ्म्



सो प्रतिलिपि अनुसार विक्रम संवत् १९५७ सालको यस पत्रमा पहिलो दिन मुण्डन, माटो, खरानी तथा पंचगव्य शरीरमा लेपन गरी स्नान गर्ने

सो दिनदेखि १५ गाँस खाने,

दोस्रा दिन १५ गाँस खाने,

तेस्रो दिन दया राखी कसैले खान दिएको खण्डमा चौविस गाँस खाने,

चौथो दिन पूरै निरहार बस्ने,

पाँचौ दिन प्रंचगव्य खाई ब्राम्हणलाई सिधा दिने ।

कुसलेनी, धोविनी, सार्किनी दमाइँनी यी जातसित करणी गर्न चुकेका लोग्ने र कसाही, मुसलमान्, कामी, सार्की यी जातसित करणी गर्न चुकेका स्वास्नी समेतका सामुन्ने पानी संसर्ग भएवापत् नरदेव पन्तको घर शुद्ध । यसबाट त्यस ताका शुद्धीकरणहेतु यस प्रकार प्रायश्चित्त गर्ने गराउने प्रचलन रहेछ भन्ने कुरा ज्ञात हुन्छ ।

अभिशाप शब्द र नेपाली अभिलेखमा यसको प्रयोग

- महेशराज दाहाल*

अर्थ

अभिशाप शब्दको अभिप्राय बदनामी, झूट, मिथ्या आरोप, दुःखका कारण भन्ने हुन्छ। नेपाली शब्दकोश अनुसार अभिशाप भन्नाले ब्राह्मण, गुरुजन, बुढापाका, साधुसिद्धबाट अनिष्टकाम गरिनु, श्राप दिनु, शाषित हुनु र मिथ्या दोषारोपण भन्ने बुझिन्छ (शर्मा २०५७:७६)। आश्चर्यजनक आक्रोशको अभिव्यक्ति, कुनै व्यक्ति वा समूहलाई श्राप दिन गरिएको आह्वान, श्राप दिनु, दुःख वा मृत्यु दिन सक्ने दैवी शक्ति, ठूलो पीडा र गाली जस्ता विभिन्न समयानुसारका परिस्थितिमा अभिशाप शब्दको अर्थ आ-आफ्नै प्रकारले लाग्ने गर्दछ र लगाउने गरिएको पाइन्छ। अंग्रेजीमा CURSE भनिन्छ।

विकास

अभिशाप शब्दको विकास धर्म र दर्शनमा, लोकविश्वासमा, स्थान विशेष र वस्तु विशेषमा भएको पाइन्छ। धार्मिक र दार्शनिक पृष्ठभूमिमा अभिशाप भन्नाले धार्मिक वा सामाजिक सिद्धान्तको उलंघन गर्दा भाग्यबाट हटाउन नसकिने दैवी शक्तिबाट प्रेरित दार्शनिक श्राप लाग्नु भन्ने बुझिन्छ। यस प्रकारको श्राप लोकधर्म र अन्धविश्वासमा आधारित हुन्छ। यसका धर्मद्वारा स्थापित केही सिद्धान्तहरू हुन्छन्, तर ती सबै चलन चल्तीमा आई नसकेका पनि हुन सक्तछन्। यिनै कुरालाई ध्यानमा राखेर सबै धर्ममा आशीर्वाद दिने गरिएको पाइन्छ। पैशाचिक अधिकार नै खासगरी श्रापका केही प्रकार हुन्। श्रापवाट मुक्त गराउनका लागि सबै धर्मका धामी झांक्रीले पैसा लिने गरेका लोक प्रयोग पनि पाइन्छन्।

मानिस मात्र होइन खास वस्तु वा स्थान पनि श्रापित हुन सक्तछन्। Tecumsehs मा परेको श्रापले गर्दा अमेरिकाका सन् १९४० पछिका बीसवटा राष्ट्रपतिको मृत्युको कारण बन्यो। यस प्रकारको श्राप सन् १९८० देखि समाप्त भएकाले रोनाल्ड रेगन मर्नबाट बचेको मानिन्छ। Hope Dimond जस्ता केही वस्तुहरू श्रापित भएको मानिन्छ। यस्ता वस्तुको स्वामित्व जस्को हुन्छ दुर्भाग्य मान्नु पर्दछ। नेपाली सन्दर्भमा हेर्दा राजाहरूले बूढानीलकण्ठको दर्शन गर्नु हुँदैन, गरेमा वंश विनाश हुन्छ भनिएको पाइन्छ।

* उपप्राध्यापकः पदमकन्या बहुमुखी क्याम्पस

वाइवलका केही परिच्छेदहरू श्रापसँग सम्बन्धित रहेका पाइएका छन्। ईश्वरको इच्छा भएमा श्राप पूर्ण हुन्छ भन्ने वर्णन पाइन्छ। नतोकिएको श्रापको कुनै असर हुँदैन यसलाई ईश्वरले आशीर्वादमा बदलिएको मानिन्छ। Godless भनेर वाइवलमा श्रापको विशेषता खिच्ने प्रयत्न गरिएको पाइन्छ। गलत काम, ईश्वरको डाहा आदि काम नगर्नका लागि हतियारका रूपमा अभिशापका शब्दहरू प्रयोगमा ल्याइने गरिएका पाइन्छन्। भनिएको छ अधिकारवाला व्यक्तिले दिएको श्राप लाग्दछ, किनकि ईश्वरले पनि तिनलाई साथ दिएका हुन्छन्। के पनि भनिएको पाइन्छ भने ईश्वर, अधिकारवाला, निसहाय र बहिराहरूलाई श्राप दिनु हुँदैन।

कुरानमा पनि अभिशाप शब्दका भावार्थ बोकेका हरपहरू पाइन्छन्। कुरानमा अभिशापको शक्तिमा विश्वास राख्तै विद्वानले मात्र होइन अज्ञानले दिएको सरापलाई पनि हल्का लिनु हुँदैन भनिएको पाइन्छ। धार्मिक प्रवृत्तिबाट दिएको श्राप स्वीकार हुने गर्दछ।

प्राचीन रोममा अभिशाप शब्दको प्रयोग सरापसँग जोडेर गरिएको पाइन्छ। रोमन श्रापहरू आधिकारिक र बढी औपचारिक हुन्थे। श्रापका शब्दहरू लेखेर प्रभावकारी ठाउँहरूमा राखिएका थिए। शत्रुले दुःख पाओस भनेर रोमनवासीको कारण सहित मन्त्र उच्चारण गर्ने अभ्यासको आरम्भ गरेका थिए।

यस प्रकार धार्मिक र नैतिकवलले सञ्चालित समयको समाजमा अभिशाप शब्दको प्रयोग मानिसको आचरणलाई सामाजिकीकरण तुल्याउन तर्जुमा गरिएका कानूनका रूपमा भएको पाइन्छ। यस प्रकारका कानूनले समाज विकासका लागि गरिएका कार्यहरूको संरक्षण गर्ने प्रयास गरिएको पाइन्छ। धार्मिक र नैतिक बलमा आधारित कानूनहरू दैवी शक्तिबाट प्रेरित छन् र यिनलाई आत्मादेखी स्वीकार गर्नु मानव जातिको धर्म हो भन्ने अभिप्रायमा अभिशाप शब्दले विकास गरेको पाइन्छ। आज पनि धर्मका आडमा यस शब्दले लोकविश्वास जितेको छ।

प्रयोग

अभिशाप शब्दको प्रयोग प्राचीन अभिलेखहरूमा भएको पाइन्छ। अनिच्छित कार्य गर्ने, कसैको राम्रो काम विगार्नेलाई हतोत्साह गर्न अभिशाप शब्दको प्रयोग गर्ने परम्परा हिन्दू समाजमा प्रचीनकालदेखि रहिआएका उदाहरण त्यस वखतका अभिलेखमा पाइन्छन्। विशेष गरी धार्मिक वा सामाजिक खाले अभिलेखमा अभिशाप शब्दहरू पाइन्छन्।

प्रारम्भिक अभिलेखमा नैतिक धार्मिक वा समर्पणात्मक विवरणहरू उल्लिखित गर्दा अभिशापका निश्चित र

अभिशाप शब्द र नेपाली अभिलेखमा यसको प्रयोग

- महेशराज दाहाल*

अर्थ

अभिशाप शब्दको अभिप्राय बदनामी, झूट, मिथ्या आरोप, दुःखका कारण भन्ने हुन्छ। नेपाली शब्दकोश अनुसार अभिशाप भन्नाले ब्राह्मण, गुरुजन, बुढापाका, साधुसिद्धबाट अनिष्टकाम गरिनु, श्राप दिनु, शाषित हुनु र मिथ्या दोषारोपण भन्ने बुझिन्छ (शर्मा २०५७:७६)। आश्चर्यजनक आक्रोशको अभिव्यक्ति, कुनै व्यक्ति वा समूहलाई श्राप दिन गरिएको आह्वान, श्राप दिनु, दुःख वा मृत्यु दिन सक्ने दैवी शक्ति, ठूलो पीडा र गाली जस्ता विभिन्न समयानुसारका परिस्थितिमा अभिशाप शब्दको अर्थ आ-आफ्नै प्रकारले लाग्ने गर्दछ र लगाउने गरिएको पाइन्छ। अंग्रेजीमा CURSE भनिन्छ।

विकास

अभिशाप शब्दको विकास धर्म र दर्शनमा, लोकविश्वासमा, स्थान विशेष र वस्तु विशेषमा भएको पाइन्छ। धार्मिक र दार्शनिक पृष्ठभूमिमा अभिशाप भन्नाले धार्मिक वा सामाजिक सिद्धान्तको उलंघन गर्दा भाग्यबाट हटाउन नसकिने दैवी शक्तिबाट प्रेरित दार्शनिक श्राप लाग्नु भन्ने बुझिन्छ। यस प्रकारको श्राप लोकधर्म र अन्धविश्वासमा आधारित हुन्छ। यसका धर्मद्वारा स्थापित केही सिद्धान्तहरू हुन्छन्, तर ती सबै चलन चल्तीमा आई नसकेका पनि हुन सक्तछन्। यिनै कुरालाई ध्यानमा राखेर सबै धर्ममा आशीर्वाद दिने गरिएको पाइन्छ। पैशाचिक अधिकार नै खासगरी श्रापका केही प्रकार हुन्। श्रापवाट मुक्त गराउनका लागि सबै धर्मका धामी झांक्रीले पैसा लिने गरेका लोक प्रयोग पनि पाइन्छन्।

मानिस मात्र होइन खास वस्तु वा स्थान पनि श्रापित हुन सक्तछन्। Tecumsehs मा परेको श्रापले गर्दा अमेरिकाका सन् १९४० पछिका बीसवटा राष्ट्रपतिको मृत्युको कारण बन्यो। यस प्रकारको श्राप सन् १९८० देखि समाप्त भएकाले रोनाल्ड रेगन मर्नबाट बचेको मानिन्छ। Hope Dimond जस्ता केही वस्तुहरू श्रापित भएको मानिन्छ। यस्ता वस्तुको स्वामित्व जस्को हुन्छ दुर्भाग्य मान्नु पर्दछ। नेपाली सन्दर्भमा हेर्दा राजाहरूले बूढानीलकण्ठको दर्शन गर्नु हुँदैन, गरेमा वंश विनाश हुन्छ भनिएको पाइन्छ।

---

* उपप्राध्यापकः पदमकन्या वहुमुखी क्याम्पस

वाइवलका केही परिच्छेदहरू श्रापसँग सम्बन्धित रहेका पाइएका छन्। ईश्वरको इच्छा भएमा श्राप पूर्ण हुन्छ भन्ने वर्णन पाइन्छ। नतोकिएको श्रापको कुनै असर हुँदैन यसलाई ईश्वरले आशीर्वादमा बदलिएको मानिन्छ। Godless भनेर वाइवलमा श्रापको विशेषता खिच्ने प्रयत्न गरिएको पाइन्छ। गलत काम, ईश्वरको डाहा आदि काम नगर्नका लागि हतियारका रूपमा अभिशापका शब्दहरू प्रयोगमा ल्याइने गरिएका पाइन्छन्। भनिएको छ अधिकारवाला व्यक्तिले दिएको श्राप लाग्दछ, किनकि ईश्वरले पनि तिनलाई साथ दिएका हुन्छन्। के पनि भनिएको पाइन्छ भने ईश्वर, अधिकारवाला, निसहाय र बहिराहरूलाई श्राप दिनु हुँदैन।

कुरानमा पनि अभिशाप शब्दका भावार्थ बोकेका हरपहरू पाइन्छन्। कुरानमा अभिशापको शक्तिमा विश्वास राख्तै विद्वानले मात्र होइन अज्ञानले दिएको सरापलाई पनि हल्का लिनु हुँदैन भनिएको पाइन्छ। धार्मिक प्रवृत्तिबाट दिएको श्राप स्वीकार हुने गर्दछ।

प्राचीन रोममा अभिशाप शब्दको प्रयोग सरापसँग जोडेर गरिएको पाइन्छ। रोमन श्रापहरू आधिकारिक र बढी औपचारिक हुन्थे। श्रापका शब्दहरू लेखेर प्रभावकारी ठाउँहरूमा राखिएका थिए। शत्रुले दुःख पाओस भनेर रोमनवासीको कारण सहित मन्त्र उच्चारण गर्ने अभ्यासको आरम्भ गरेका थिए।

यस प्रकार धार्मिक र नैतिकवलले सञ्चालित समयको समाजमा अभिशाप शब्दको प्रयोग मानिसको आचरणलाई सामाजिकीकरण तुल्याउन तर्जुमा गरिएका कानूनका रूपमा भएको पाइन्छ। यस प्रकारका कानूनले समाज विकासका लागि गरिएका कार्यहरूको संरक्षण गर्ने प्रयास गरिएको पाइन्छ। धार्मिक र नैतिक बलमा आधारित कानूनहरू दैवी शक्तिबाट प्रेरित छन् र यिनलाई आत्मादेखी स्वीकार गर्नु मानव जातिको धर्म हो भन्ने अभिप्रायमा अभिशाप शब्दले विकास गरेको पाइन्छ। आज पनि धर्मका आडमा यस शब्दले लोकविश्वास जितेको छ।

प्रयोग

अभिशाप शब्दको प्रयोग प्राचीन अभिलेखहरूमा भएको पाइन्छ। अनिच्छित कार्य गर्ने, कसैको राम्रो काम विगार्नेलाई हतोत्साह गर्न अभिशाप शब्दको प्रयोग गर्ने परम्परा हिन्दू समाजमा प्रचीनकालदेखि रहिआएका उदाहरण त्यस वखतका अभिलेखमा पाइन्छन्। विशेष गरी धार्मिक वा सामाजिक खाले अभिलेखमा अभिशाप शब्दहरू पाइन्छन्।

प्रारम्भिक अभिलेखमा नैतिक धार्मिक वा समर्पणात्मक विवरणहरू उल्लिखित गर्दा अभिशापका निश्चित र

कडा नियम भएको पाइदैन। केवल नकारात्मक सोचाइ राख्नेलाई चेतावनी दिएका शब्दहरू पाइन्छन्। चौथो शताब्दीसम्मका अभिलेखहरूमा आक्रोशित खालका अभिशापसूचक शब्द परेका पाइएका छैनन्। त्यस वखत समर्पणात्मक खाले अभिलेख गुफाका भित्ता र दैनिक उपभोग्य वस्तुमा कोरिएका पाइनाले तिनीहरूलाई मासेर मानवीय फाइदा नहुने हुँदा नै अभिशापका आक्रोशित वाक्य नपरेका हुन् (पाण्डे, ई. १९८८: १५१)।

हिन्दू समाजका प्राचीन अभिलेख सम्राट अशोकका हुन्। ती अभिलेखहरूमा परेका अभिशाप शब्दका भावार्थ बोकेका हरपहरू यसप्रकार रहेका पाइएका छन् -

क) यस ठाउँमा कुनै प्रकारको जीवनलाई मारेर होम गर्न मनाही गरिएको छ। किनकि देवताहरूका प्रिय प्रियदर्शिराजा धेरै दोष देख्नुहुन्छ।

ख) शीलहीन व्यक्तिबाट धर्मको आचरण हुन सक्तैन (सहाय, सन् १९९३:१६)।

ग) पाप नै एकमात्र विपत्ति हो। (सहाय, सन् १९९३: २४)।

घ) भिक्षुसंघलाई फुटाउने काम जसले गर्दछ त्यसलाई सेतो वस्त्र भिराएर संघ बाहिर निकालिने छ। सारनाथको अभिलेखमा यस प्रकारका आक्रोसित अभिव्यक्ति पाइन्छन् (सहाय, ई. १९९३:५९)।

चौथो शताब्दी अन्त्यतिरका अभिलेखहरूमा प्रशंसात्मक वाक्यका साथ अभिशाप सूचक शब्दहरू अभिलेखमा प्रयोगमा आएका पाइएका छन्। जस्तैः

क) जसले यस पुण्यकर्मलाई अभिद्रोह गर्दछ, जसले लिखत विवरण बिगार्ने काम गर्दछ त्यसलाई पञ्चमहापातक र पाँच उपपातक (मनुस्मृति, ११।५४) लागोस भन्ने अभिशाप सूचक शब्द चन्द्रगुप्त द्वितीयको मथुरास्तम्भमा परको पाइएको छ। (सहाय, ई. १९९३:१८९)।

ख) कुमार गुप्तको धनैध ताम्रपत्र जस्ले दान गरेको भूमि हडप्ने काम गर्दछ, त्यसले विष्टाको कीरा बनेर आफ्ना मृतक पितृकासाथमा रहेर जीवन निर्वाह गर्नु पर्दछ (गुप्त, भाग २ ई २००२: ९५:९६)।

आशीर्वादात्मक श्लोकका अतिरिक्त छैटौं शताब्दीदेखि तेह्रौं शताब्दीसम्म आइपुग्दा अभिशापका भावार्थ बोकेका शब्दले अभिलेखहरूमा स्थान पाइरहेको हुन्छ। केवल समय, शास्त्र र स्थानिय भेदका कारण शब्दमा केही फरक पाइनु स्वाभाविकै हो। कुनै ठाउँमा अभिशाप शब्द जनाउन शब्द नलेखेर गधाको आकृति बनाइएको पनि पाइन्छ। (पाण्डे, १९८८:१५४)। यस प्रकारको चित्रबाट अभिशाप जनाउने

आक्रोशित मुद्राले त्यस बखत समाजमा घटेको असामाजिक घटनाका बारेमा थाहा पाउन मिल्दछ ।

नेपाली अभिलेखमा प्रयोग

नेपालमा अभिलेख राख्ने परम्पराको थालनी ई.पू. देखि नै भएको प्रमाण लुम्बिनी र कपिलवस्तुमा पाइएका अशोक स्तम्भ हुन् तर यी अभिलेख नेपाली शासकहरूबाट राखिएका नभई भारतीय शासक साम्राट अशोकले राखेका हुन् । यी अभिलेखले भगवान बुद्धको जन्म नेपालमा भएको ऐतिहासिक गौरव बोकेका छन् । नेपाली शासकहरूमा लिच्छवि वंशदेखिका अभिलेख पाइएका छन् । यसैकारण नेपालको ऐतिहासिक कालको सुरूवात लिच्छविबाट भएको मानिन्छ । यो राजवंशभन्दा पहिले नेपालमा नेपालम किरात र त्यसभन्दा पहिले आभिर (गोपाल र महिषपाल) राजवंशले राज्य गरेका थिए । अभिलेख नपाइनाले लिच्छविभन्दा पहिलेका राजवंशको राज्य काललाई पौराणिक काल भनेर अध्ययन गर्ने गरिएको पाइन्छ । ऐतिहासिक कालदेखि मध्यकालीन समयभित्रका नेपाली अभिलेखरुको अध्ययन गर्दा सामजिक, धार्मिक र वैयक्तिक प्रतिष्ठाका लागि गरिएका भौतिक विकास र सुधारहरूलाई स्थायित्व र निरन्तरता दिनका लागि अभिशाप शब्दको भावार्थ बोकेका वाक्यांशहरू प्रयोगमा ल्याइएका पाइएका छन् । विशेषगरी समर्पणात्मक वाक्यका साथमा, प्रशंसात्मक वाक्यका साथमा, आशीर्वादात्मक वाक्यका साथमा, आर्शीवादात्मक वाक्यका साथमा आक्रासित तथा चेतावनीका शब्दहरू नेपाली अभिलेखमा प्रयोगमा ल्याइएका छन् ।

कुनै धार्मिक वा सामाजिक संस्थाप्रति समर्पित भएर गरिएका कामहरूले समाज र राष्ट्रलाई फाइदा हुने हुँदा त्यस्ता काम गर्न र गराउन वा गरिएका कामको संरक्षण दिन अभिलेखमा समर्पणात्मक वाक्यका साथमा अभिशाप शब्दहरू प्रयोग गरिएका पाइएका छन् । मन्दिरका झ्याल, ढोका वा कुनै अङ्ग दान दिएर लेखाएका अभिलेखमा नै यस प्रकारका शब्दहरू उल्लिखित छन् । जस्तैः

क) प्राप्त गरेको पुण्यले देवता र पितृलाई मान्ने, परदेश गएका आमा-बाबुको अर्को चोखो जन्ममा पक्का भेट घाट होस् (वज्राचार्य, वि.सं. २०३०:७९) ।

ख) मेरो वंशको समाप्ति भएमा, जुनसुकै व्यक्ति यस राज्यमा राजा भएमा मैले दिएको दान लोप नगरियोस् भनि म त्यस राजाका पाउमा शीर राखेर

सप्रणाम अनुरोध गर्दछु (परिशिष्ट - १)

ग) धर्मशास्त्र बमोजिम धर्म प्रचारगरी पाठ पूजा गर्ने यी लामाहरूलाई कसैले खोसमोस गर्न दु:ख नदिनु भनि यो ताम्रपत्र गरिदिएको छ। पहिले जस्तै गरी सबैले यो आदेशको पालना गर्नु, जसले यो हुकुम मान्दैन त्यसलाई सुन दण्ड लिइ कडा सजाय हुने (खनाल, वि.सं. २०३०:१०)।

घ) आफ्नो सेवा अनुसार देवतालाई सुनको कमल चढाइन्, यी वस्तुमा कसैले लोभ गरे भने पञ्चमहापाप लागुन् (वज्राचार्य: वि.सं. २०५६: १२५)।

ङ) यो अनौठो दान धर्म गरेर मैले पाएको पुण्यले स्त्रीत्व छोडी पुरूषत्व पाई स्वर्ग प्राप्त होस् (वज्राचार्य, २०३०:२)।

प्रशंसात्मक वाक्यका साथमा अभिशाप सूचक शब्दहरू पनि नेपाली अभिलेखमा परेका छन्। प्रशंसात्मक वाक्यहरूमा धार्मिक उपदेश र नैतिक सदाचार पनि हुन सक्छन्, भूमिदान गर्ने र त्यसको संरक्षण गर्ने खालका पनि हुन सक्छन्। राम्रो काम गर्न प्रोत्साहन गर्ने र गरेको कामको विवरण लेखाउने र पतिप्रति भक्तिभाव देखाउने वाक्यहरू पनि अभिलेखमा परेको पाइन्छन्। जस्तै:

क) म भन्दापनि हुने राजाले अन्यथा गर्लान भनिकन सन्तान दर सन्तानलाई सजिलो होस् भनि मैले आफैले यो विधि विधान लेखाएको हुँ (बज्राचार्य, २०३०: ८८)।

ख) आफूले वा अरूले दिएको जग्गालाई जसले हर्ला त्यो विष्टाको कीरा भएर नरकमा पर्ला (बज्राचार्य, २०३०: ९१-९२)।

ग) पछि हुने हाम्रा कूलका राजाहरूले पनि कानूनलाई ठूलो संझी आफ्ना मान्यजनले गरि दिएको निगाहाको ख्याल राखी यो आज्ञाको प्रतिपालन गर्नुपर्दछ। (बज्राचार्य: वि.सं. २०३०: १८७-८८)।

घ) जग्गा दान दिने मानिस साठी हजार वर्षसम्म स्वर्गमा बस्तछन्, जग्गा हर्ने र हर्न लगाउने त्यति वर्षसम्म नरकमा बस्तछन्। (बज्राचार्य, २०३०:२३३-३४)।

ङ) राखिएको गुठीको आयस्ताले बुसाधनको दिन यज्ञ गर्नु पर्दछ। लोभ गर्नु हुँदै लोभ गरे भने ब्रह्महत्या, गोहत्या, गुरूहत्या, स्त्रीहत्या, बालहत्या यी पञ्चमहापाप लागुन्। लोभ गरेनन्

भने पुण्य लागोस् (बज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२:१२)।

च) केही कर माफी गरी गरिदिएको सुवर्णपत्रमा जसले पछि यसको ख्याल नराखी दस्तुर उठाउलान्, तिनलाई पञ्चमहापातक लागोस्। श्री ३ महादेवको निग्रह होस् (बज्राचार्य र श्रेष्ठ २०३१:९८)।

छ) ढुङ्गामा कुँदिएका रेखा, समुन्द्रमा रहेको जल र पृथ्वीमा व्याप्त सूर्यका किरण नास भएर जान सक्तछन् तर कत्युरीवंशी मल्लहरूले प्रदान गरेको भाखापत्र भने कहिल्यै नाश हुँदैन (परिशिष्ट १, पत्र २)।

ज) ज-जस्ले जस्तो-जस्तो दान गर्दछन् त्यस-त्यसले त्यसैनुरूपको फल प्राप्त गर्दछन् (परिशिष्ट १, पत्र ३)।

झ) कसैले श्री श्री राजाकहाँ चुक्लीगरी वाधा पुऱ्याए भने त्यसलाई श्री ३ नुवाकोट भैरवको कुदृष्टि परोस् (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२: १५)।

पुण्य कमाउन गरेको कामबाट प्रसन्न भई यस्तै काम भावी पुस्ताले पनि गरून् भन्ने उद्देश्य लिएर त्यसलाई निरन्तरता दिनका लागि अभिलेखमा लेखाउने प्रचलनलाई नै आशीर्वचन भनिन्छ। विशेषगरी धार्मिक र शैक्षिक संस्था चलाउनलाई गरिएको सहयोग र त्यसलाई निरन्तरता दिन भावी पुस्तालाई प्रेरित गर्न अभिलेखमा लेखाउने प्रचलन नै आशीर्वचन हो। नेपाली अभिलेखहरूमा पनि यस प्रकारका विवरणहरू पाइन्छन्। यस्ता सामाजिक सेवा गरिएको विवरणका साथमा नेपाली अभिलेखहरूमा अभिशाप सूचन शब्दहरू पनि पाइएका छन्। जस्तैः

क) जुन कुरा पहिलेदेखि चलि आएको कायम राख्तछन्, तिनीहरूलाई रोगव्याधि नपरोस्, पछि तिनीहरू शिवलोक पुगुन् (पौडेल, वि.सं. २०२२: १९)।

ख) आफ्ना मान्यजनले गरिदिएको निगाहाको ख्याल राखी यो आज्ञाको राम्ररी पालना गर्नु पर्दछ भन्ने आशा छ (बज्राचार्य, वि.सं. २०३०: २२५-२६)।

ग) गुठीयारले गुठी चलाउँदै लानु पर्दछ, लोभगरी नचलाए पञ्चमहापातक लागोस् (बज्राचार्य, २०५६: १०)।

घ) अभिलेखमा उल्लिखित काम नगर्नेलाई महापातक लागोस्, महादेवको सम्पत्तिको चारे ठहरिन्छ (बज्राचार्य र श्रेष्ठ, २०३२: २४-२५)।

नेपाली अभिलेखहरूको अध्ययन गर्दा राजाज्ञाका साथमा पनि अभिशाप सूचक शब्दहरू परेका पाइन्छन्। यस्ता अभिलेखहरूको उद्देश्य राजनीतिक,

प्रशासनिक सामाजिक खाले भएको पाइन्छ। जस्तैः

क) तलेजु माजुको कुदृष्टि परोस्, श्री श्री श्री पशुपति आदि नेपालका सबै देंवताको कुदृष्टि परोस्, कोटी पञ्चमहापाप लागोस्, कोटी अभक्ष खाएको पाप लागोस, यस ताम्रपत्रमा लेखेजति कुरा मानेनन् भने यस ताम्रपत्रमा लेखेजति हत्या लागोस्।

ख) यसको हेर विचार गरेनन् भने महाराजप्रति अपराधि ठहर्ने छन्। यहाँ लेखिएजति गरेनन् भने पञ्चमहापाप लागोस्, गरे भने पुण्य होस् (बज्राचार्य, २०५६: ३२३)।

ग) यति नियम मानेनन् भने तिनमा श्री ३ वंश इष्टदेवताको कुदृष्टि परोस्, श्री श्री राजाको सामुन्ने ती अपराधी ठहरिने छन् (बज्राचार्य, २०५६: १७०-७४)।

घ) यो देवस्वमा ती अधिकारीले वा अरू कुनै पापीले लोभ गरेर पूजा टुटायो भने त्यसलाई पञ्चमहापाप लागोस्। त्यसलाई श्री ३ महामायाको कुदृष्टि पनि परोस्। जात भात अनुसार त्यसको अपराध हेरी ऐन सवाल बमोजिम ज्यान सजाय दिनुपर्ने रहेछ भने ज्यान सजाय दिनु। त्यसका जहान छोराछोरीहरूलाई पनि कमारा कमारी बनाइदिनु। ज्यान सजाय दिन नहुने ब्राह्मण आदि जातका भए मुडिदिनु। पैसा जरिवाना गर्नु पर्ने ठहरिए उसको अंशबाट कट्टागरी जरिवाना गर्नु। देश निकाला गर्नु पर्ने भए निकाली दिनु (बज्राचार्य र श्रेष्ठ २०३७: २७७-७९)।

लेनदेनका व्यवहारिक पत्र र अन्य विवरण भएका केही अभिलेखहरूमा परेका अभिशाप सूचक शब्दहरू आक्रोशित र अनौठा खालका वा गालीका भाषाका पनि पाइएका छन्। जस्तैः

क) कागको खुट्टा आमाको नाश जसले खिचलो गर्ला त्यसका एकसय पुर्खाले नर्क भोग्नु, त्यसकी आमा सुगुर्नी बाबु गधा होस् (पोखरेल, वि.सं. २०३१: २७)।

उपसंहार

अभिशाप शब्दले दुर्भाग्यको भावार्थ बोके तापनि यसको विकास धर्म र दर्शनशास्त्रीहरूले गरेको पाइन्छ। राम्रो काम गर्न प्रोत्साहन दिन, गरिएका काम नबिगार्न, धर्म र समाजको संरक्षण गर्न नै बढी मात्रामा यस शब्दको भावार्थको प्रयोग भएको पाइन्छ। सामान्य मानिसभन्दा बढी शक्तिशाली शक्तिहरूले आफ्नो प्रभुत्व जनाउन, धर्म दर्शनमा सर्वोपरी स्थान देखाउन, कम शक्तिशालीलाई आफ्नो प्रेरक बनाउन हतियारका रूपमा अभिशाप शब्दको प्रयोग हुन थालेको पाइन्छ।

नेपाली अभिलेखमा धार्मिक र सामाजिक कार्य गर्ने, गराउने, सम्बर्द्धन गर्ने, यस्ता काम गर्नका लागि जनसहभागिता जुटाउने र संरक्षण दिन नैतिक बल प्रयोग गर्ने हेतुले अभिशापका शब्दहरू प्रयोगमा ल्याइएका पाइएका छन्। सार्वजनिक महत्वका कार्य गर्नाले देवलोक प्राप्ति हुन्छ भन्ने उद्देश्य तत्कालीन समाजमा विद्यमान रहेको हुँदा अभिशाप सूचक शब्दहरू बढी मात्रामा प्रयोगमा ल्याइएका हुन सक्तछन्। सामाजिक जटिलता आउन थालेपछि सार्वजनिक सम्पत्तिको संरक्षण गर्न डर, त्रास, शक्ति देखाएर प्रयोग गरिएका अभिशाप सूचक शब्दले मात्र नपुगेर सरकारी स्तरबाट कारवाही गरिने कुराको सूचना समेत नेपाली अभिलेखले दिएको पाइएका छन्। यसरी हेर्दा नेपाली समाजमा अन्य क्षेत्रको तुलनामा धार्मिक र सामाजिक क्षेत्रमा मात्र अभिशाप शब्दको प्रयोग अत्याधिक मात्रमा भएको पाइन्छ।

सन्दर्भग्रन्थ-सूची

खनाल, मोहनप्रसादः मध्यकालीन अभिलेख, काठमाडौँः मोहनप्रसाद खनाल, वि.सं. २०३० ।

गौतम, चमनलाल, मनुस्मृति, वरेलीः संस्कृति संस्थान, ई. १९८७ ।

गुप्त, परमेश्वरीलाल, प्राचीन भारत के प्रमुख अभिलेख, भाग २, वाराणसीः विश्वविद्यालय प्रकाशन ई. २००२ ।

पाण्डे, राजवली, भारतीय पुरालिपि, इलाहावादः लोकभारती प्रकाशन, ई. १९८८ ।

पोखरेल, बालकृष्ण, पाँचसय वर्ष, काठमाडौँः साझा प्रकाशन, वि.सं. २०३१ ।

पौडेल, भोलानाथ, यक्षेश्वर मन्दिर, पूर्णिमा, वर्ष २, अंक १, काठमाडौँः इतिहास संशोधन मण्डल, वि.सं. २०२२ ।

बज्राचार्य, धनबज्र, लिच्छविकालका अभिलेख, कीर्तिपुर, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३० ।

बज्राचार्य, धनबज्र, मध्यकालका अभिलेख, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५६ ।

बज्राचार्य, धनबज्र र टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख, काठमाडौँः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि., वि.सं. २०३७ ।

बज्राचार्य, धनबज्र र टेकबहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रूपरेखा, कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.वि., वि.सं. २०३१ ।

शर्मा, बसन्तकुमार, नेपाली शब्दसागर, काठमाडौँ : भाषापुस्तक पसल, वि.सं. २०५७ ।

सहाय, शिवस्वरूप, भारतीय पुरालेखोँका अध्ययन, दिल्ली : मोतीलाल बनारसीदास, सन् १९९३ ।

परिशिष्ट - १

ॐ ॥ स्वति श्री शाके १४०३ समये मार्गसिर वदि द्वादसी तिथौ रवि वासरे ॥ राजाधिराज माहाराज श्री कीर्ति मल्ल पादश्चिरं जयतु रैका ज्यु पाय संकल्प पसा किइअकऱ्यो कालु भडारि वनु भडारि लै संकल्प पायो गरा २ ॥ जेठराकि फरिको नालि ४ दौनाडिकि फरिको भरिको १ काल ठाकुरको पब्रोटा सहित सर्ब कर अकर सर्व श्रोत्र विवर्जित आकाशको ढिठो पातालकि निधि घालि रैकाज्यु क रौतेलीकं रौलेला दिनु कालु भडारि वनु भडारिक चेली क चेल संकल्प पायो अत्र साक्षी चंन्द्र सूर्य भूमंडलका साक्षि व्यल चंद देउवा सिगोलि ब्रम्ह बगोटि पिरोजु बकोकोटि कुमरू बगोटि रैदास पनेरू, देवु उप्रेति जाणु विष्ट शाना शाउद भार्थु भडारि मोत शेठि जश षडाइत सांशार षडाइत ग्यान बोहरो अर्जुन मघालि जैरू षडगा इदंर शाहा निषल चोषाल रामश्वर करा मय वंशो परिच्छिन्ने यः कश्चिद्भूपतिर्भवेत् ॥ तस्याहं पाद लग्नोस्मि मम दत्तं नलोपयेत् ॥ लिषिंत सुर्जु जोइशि अन्यथा नास्ति शुभं ॥

वाऽर्दी–स्ति ग शुना

कालु बनु भण्डारीबाट प्राप्त

परिशिष्ट – १ पत्र २

श्री शाके १६०३ समये माघ सुदी १५ शुक्रे श्री महाराजधिराज श्री वीक्रम साह पादाश्चिरं जयंतु श्री वीक्रम सहिदेवज्यूले मया चीलोइ, नारद पंथ वीशुगीरी धर महीधर पंथले वीठ्यौडो संकल्प गरी पायो गाडको वगडी लेककी इजरीसुदा सर्वकर अकर सर्वस्रोत वीवर्जीत गरी छत्तीसै परैहरीकोतोडी पायो अत्र । साक्षी चंद्रसूर्य भोमंडलका साछी मांधाता साइ, गुसाइ, ज्यु शीवदास साउद भीया भडारी मथुरा वोगटी रजवार गंगा पनेरू राम कणइ तज्यु भीयावीष्ट लीषीत साक्षी दसरथ जोइसी भाउसींग सेठी, पाषारो क्षीयते रेषा समुद्र क्षयिते जलं ॥ पृथीवी, क्षीयते रेणु मलं भाषा नक्षीयते शुभम् ॥ हए ॥

श्री लोकराज बरालबाट प्राप्त

परिशिष्ट - १ पत्र संख्या ३

[illegible] शाके १५०७ सम्वत् १६४२ समये कार्त्तिकमासे शुक्लपक्षे पूर्णमास्यां
[illegible] तिथि [illegible]
[illegible] पारी चि[illegible] [illegible] पत्र आवाश्चितो [illegible] मा दा [illegible]
ल कुमार [illegible] [illegible] पाइ अनंत पंतले [illegible] तले द
न पायो गैर जीमोजो पायो [illegible] पायो [illegible]
[illegible]
[illegible] पानि [illegible] [illegible] शाद [illegible] द
[illegible] सान [illegible] धर्म [illegible] पाइ [illegible]
[illegible] को [illegible] पाया
[illegible] पालो [illegible] लिमाइ [illegible] को [illegible] पालो पायो [illegible] विषको
[illegible] पायो गाउ [illegible] पायाथ्यो [illegible] को
लाये [illegible] पायो गाउ [illegible] को [illegible] पाया [illegible]
[illegible] श्रीहरि साहिको [illegible] जो [illegible] पा
धी आफ्ना को [illegible] दानु [illegible] छाडी आया [illegible] पासा स
[illegible] सर्व दोषनि [illegible] पायो लि [illegible] थिनोबा
[illegible] उलो [illegible] पायो [illegible] आइको [illegible] या
को सत्ताइस [illegible] भाग [illegible] को भाग [illegible]
दोनी अनन्त पंतको [illegible] हरि साहीको [illegible] ले
[illegible] अगस्ता [illegible] सूर्य [illegible] लको साछी श्री [illegible]
श्री [illegible] साही [illegible] जबरम [illegible] देउबा [illegible]
[illegible] साउ [illegible] भंडारी [illegible] खडका
[illegible] साल [illegible] ब्रह्मी [illegible] पिपने [illegible] सा
[illegible] साल [illegible] धर्म अ
[illegible] अर्जुन पाडे [illegible] पन्त [illegible]
[illegible] गोपाल पुनेत [illegible] खड्का
[illegible] साउद [illegible] विष्ट [illegible] विष्ट केदा
[illegible] विनिआर [illegible] जे [illegible] पनेर अन्यथा [illegible]
लिखितं साखी रामजोसी पत्र [illegible] पत्र [illegible] मागसेरि
[illegible] पत्र [illegible] साखी [illegible]
[illegible] ॥ ॥ [illegible]
[illegible] ॥ [illegible] ॥ [illegible]
[illegible] ॥ ॥ [illegible]

हस्तलिखित नेपाली वाङ्मय र राष्ट्रिय अभिलेखालयको संकलन

- जगन्नाथ उपाध्याय*

आधुनिक नेपाली भाषाको विकास संस्कृति, प्राकृत र अपभ्रंश हुँदै भएको हो । नेपाली नेपालमा राष्ट्रभाषा र प्राचीन कालदेखि नै विभिन्न जात जाति जनजातिका बीच सम्पर्क भाषाका रूपमा प्रचलनमा रहँदै आएको छ। नेपाली भाषाको विकासक्रमलाई हेर्दा पहिलो चरण अर्थात् प्राचीन कालमा अभिलेखमा सीमित रह्यो जसलाई अभिलेख कालीन नेपाली पनि भनिन्छ। मध्य कालमा आएर यसले उपयोगिता मूलक रूपमा अनुवाद परम्परामा आधारित भएर वाङ्मय क्षेत्रमा प्रवेश गरेको हो । नेपाली भाषाका क्षेत्रमा भएको आजसम्मको अध्ययन उपलब्धिलाई हेर्दा र अभिलेख एवं प्राचीन ग्रन्थहरूको विश्लेषण गर्दा प्रारम्भदेखि १४ औं शताब्दीसम्म अभिलेखिरूपमा रहेको, १५ औं शताब्दीदेखि टीका वाङ्मयका ग्रन्थहरूमा विस्तारित भएको र प्रकाशन गतिविधिको थालनीसँगै बीसौं शताब्दीको मध्यदेखि अभिव्यक्तिका सञ्चार, साहित्य, शिक्षा आदि क्षेत्रमा विस्तारित भएको पाइन्छ ।

राष्ट्रिय अभिलेखालय वीर पुस्तकालयकै विकसित र परिवर्तित रुप हो । वीर पुस्तकालयको स्थापनाकालदेखि नै यहाँ नेपाली भाषाका हस्तलिखित वाङ्मय ग्रन्थहरूको संकलन हुँदै आएको छ । अहिले यहाँ सो पुस्तकालयको दाँजोमा अझ बढी सामाग्री संकलनमा आएका छन् । नेपाली भाषाका प्राचीन, हस्तलिखित ग्रन्थहरू मध्ये सबैभन्दा प्राचीन र धेरै ग्रन्थहरू संकलनमा रहेको निकाय राष्ट्रिय अभिलेखालय नै हो । प्रकाशन गतिविधिको थालनी पूर्व हस्तलिखित रूपमा प्रयोगमा आएका र प्रकाशन गतिविधिको थालनी पश्चात् पनि पाण्डुलिपि सुरक्षित राख्न बुझाइएका ग्रन्थहरू यहाँ संकलित छन् । यहाँको संकलनमा मूल संस्कृत भाषाका ग्रन्थहरूबाट हुवहु एवं आफ्नै प्रकारको संक्षेपीकृत शैलीमा गरिएका प्रतिलिपि, संस्कृत भाषाका ग्रन्थहरूबाट नेपाली, मैथिली, नेवारी, संस्कृत आदि भाषामा गरिएको अनुवाद तथा टीकाग्रन्थहरू र संस्कृत, नेपाली, नेवारी मैथिली, तिब्वति आदि भाषाका पाण्डुलिपि गन्थहरू छन् । लेख्य सामाग्रीका रूपमा ताडपत्र, नेपाली कागज आदि प्रयोग गरिएका र ब्राह्मी, लिच्छवि, प्राचीन देवनागरी, नेवारी, रञ्जना, मैथिली, बंगाली, तिब्बति आदि विविध १४ लिपिमा लेखिएका लगभग ३५००० हजार हस्तलिखित ग्रन्थहरू रहेका

* अनुसन्धान अधिकृतः राष्ट्रिय अभिलेखालय

छन्। ती मध्ये नेपाली भाषाका मौलिक रचना, मूल संस्कृत र टीका नेपाली भाषाका र अनुवाद (छायाँ र भावानुवाद) गरिएका हस्तलिखित ग्रन्थहरूको संख्या ५१२ रहेको छ। ती ग्रन्थहरू आयुर्वेद, इतिहास र महाभारत, कथा, काव्यशास्त्र, कर्मकाण्ड, कामशास्त्र, छन्दशास्त्र, ज्योतिष, तन्त्रशास्त्र, धर्मशास्त्र, नाटक, नाट्यशास्त्र, नीतिशास्त्र, पुराण, माहात्म्य, योगशास्त्र, रामायण, वेदान्त, व्याकरण, संगीत, स्तोत्र जस्ता विविध विषयमा लेखिएका छन्। तर यी सबै ग्रन्थहरूमा स्पष्ट रूपमा लेखन समय उल्लेख छैन। यी ग्रन्थहरूमध्ये विभिन्न विषयका १०७ वटा ग्रन्थहरूमा चाहिं स्पष्ट रूपमा लेखन समय उल्लेख छ। लेखन समय उल्लेख भएका ग्रन्थहरूमा प्राचीनमा सम्बत् १४०० तिर मानिएका **खण्डखाद्य र जातक पद्धति** जस्ता ग्रन्थहरूदेखि लिएर अवार्चीनमा कृष्णप्रसाद घिमिरेद्वारा अनुदित **वाल्मीकि रामायण २०३०** को पाण्डुलिपि पनि संकलित छन्। पत्रसंख्याका दृष्टिले न्यूनतम पत्रसंख्या १ देखि अधिकतम ४९० सम्म पत्रहरू रहेका पूर्ण/अपूर्ण अवस्थाका ग्रन्थहरू रहेका छन्। प्राचीन र मध्यकालीन नेपाली भाषाका नमूनाका रूपमा रहेका यी ग्रन्थहरू नेपाली भाषाको ऐतिहासिक विकासक्रम, अनुवाद रुपान्तरण परम्परा, तुलनात्मक भाषाविज्ञान, लिपिविज्ञान जस्ता भाषाविज्ञानका विविध विधा र प्राथमिक कालीन नेपाली साहित्यको वीर, भक्ति र श्रृङगार जस्ता धाराहरूको तुलनात्मक र विश्लेषणात्मक अध्ययनका लागि उपयोगी देखिन्छन्। लेखन समय उल्लेख नभएका ग्रन्थहरूको तिनमा प्रयुक्त लेख्यशैली र सामाग्री तथा लिपि र शब्दभण्डार एवं भाषागत विशेषताको विस्तृत अध्ययन गरेर मात्र लेखन समयको निर्क्यौल गर्नुपर्ने देखिन्छ। यहाँ केवल लेखन समय स्पष्ट रूपमा उल्लेख गरिएका विविध विषयका ग्रन्थहरूको मात्र विवरणात्म चर्चा वर्णानुक्रम अनुसार प्रस्तुत गरिएको छ।

आयुर्वेद विषयका जम्मा ५१ ग्रन्थहरू मध्ये १० वटामा मात्र लेखन समय छ। अजीर्ण मञ्जरी : अजीर्ण मञ्जरीका ४० वटा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ४ पत्रको यो ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १६८६ जेष्ठ शुक्ल दसहरायां लिखित मिद पुस्तकमं लीलाम्वरेण शुम्भ"** लेखेको छ। **अजीर्ण मञ्जरी :** अजीर्ण मञ्जरीको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको १० पत्रको ग्रन्थ पूर्ण छ। प्रारम्भदेखि चौथो श्लोकसम्मको टीका नेवारी र त्यस पछिको अंश चाहिँ नेपाली भाषामा छ। अन्त्यमा **"इति अजीर्ण मंजरि समाप्त सम्बत् ९३१ फाल्गुण वदि २ रोज ४"** लेखेको छ। यो नेपाल संवत् हो भने लेखकको नाम छैन। **अजीर्ण मञ्जरी :** अजीर्ण मञ्जरीका मूल संस्कृत श्लोक र

त्यसको नेपाली भाषा टीका रहेको ९ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति काशीराजले बनायाको अजीर्ण मंजरीको भाषा समाप्त भयो॥ शुभमस्तु संवत १८८८ साल मिति श्रावण बदि २ रोज ५ संपुर्ण सुभं"** लेखेको छ। **उपवन विनोद :** बगैंचा निर्माण गर्ने विधि र मौसम अनुसारका बिरुवा रोप्ने तरिका दिइएको ४१ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९२५ साल मिति जेष्ठ शुदि २ रोज १ शुभमं .... लिखितम् सिद्धिनारायणेन"** लेखेको छ। **पालकाव्यम् (गजायुर्वेद) :** हात्तीका रोगको लक्षण र त्यसको उपचार विधि एवं जात, वर्ण, लक्षण, चक्र तथा हात्तीलाई लगाउने यन्त्र आदि विषय दिइएको २१६ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"स्वस्ति श्री संवत् १९१९ साल मिति कार्तिक शुदि पूर्णिमा शुभम्"** लेखेको छ। **वाज शालीहोत्रम्:** विभिन्न जातका वाजहरूको लक्षण र तिनको उपचार विधिको भाषा अर्थ दिइएको २१ पत्रको ग्रन्थ पूर्ण छ। प्रारम्भका १-५ पत्रसम्म मूल संस्कृत पनि छ भने त्यसपछि नेपाली भाषा टीका मात्र छ। अन्त्यमा **"इति श्री डंवरसेन विरचितं बाजशालिहोत्रे सम्पूर्णम्॥ शाके १७०८ श्रावण कृष्ने ४ शनौ लिषित"** लेखेको छ। **वैद्यकम् भाषाः** तन्त्र, मन्त्र यन्त्रका साथै विभिन्न रोगको औषधि गर्ने तरिका दिइएको २९ पत्रको ग्रन्थ पूर्ण छ। नाथ्री फुटेमा, सुनिएमा, भृङ्गी आदि रोग लागेमा त्यसको आयुर्वेदीय उपचार गर्ने तरिका यसमा छ। अन्त्यमा **"श्री सम्बत् १९४४ साल मिति चैत्र कृश्न १४ रोज एतद्दिने लिखितं समाप्तम् लिखितमिदं पुस्तक श्री ललितापूर नगर श्री महा वौद्धो पाशक श्री जितानन्देन शुभम्"** लेखेको छ। प्रारम्भका २ पृष्ठमा झाक्रीले फलाक्ने मन्त्र बीचमा औषधविद्या एवं अन्त्यका ६ पृष्टमा विभिन्न विषय सिद्ध गर्ने यन्त्रहरू छन्। **वैदाङ्ग पुस्तकम् :** विभिन्न रोगको नाम, लक्षण र त्यसको आयुर्वेदीय पद्धतिबाट उपचार गर्ने विधिको बयान गरिएको २ पत्रको ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९१० साल मीती पौष शुदि १० रोज २ मा लिखितंमिदं पुस्तकं वलभद्र उपाध्या लुन्टिट्याल शुभम्"** लेखेको छ। **वैदाङ्ग संग्रहः** वैदाङ्ग संग्रहका मूल संस्कृत र कही नेपाली भाषा टीका दिइएको ६२ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १६९२ रुक्मा गदेन लिखित मिदं पुस्तकं शुभम्"** लेखेको छ। पुस्तकका अन्तिम पृष्ठको छेउमा **"इदम् पुस्तकं श्री ३ भर्तृहरि साहस्य शुभम् भुयात्"** लेखेको छ। **श्येनायुर्वेदः** वाजको लक्षण, औरांगनाको जात धारकी आदिको लक्षण एवं विविध रोगको लक्षण र त्यसको औषधि गर्ने तरिका दिइएको ११ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"नवदल नगचन्दै १७२९ स्संमिते श्री शकाब्दे दिनकर क्रिया संख्ये कृष्ण पक्षे नवम्यां शुर गुरु**

दिवसेस्मिन् वाजहोत्रम् सुगोप्यां लिखति शिवनृसिंह श्चैकदत्त प्रसादात् शुभं" लेखेको छ। यसमा प्रारम्भको मंगलाचरणमा केही संस्कृत र केही हिन्दी दोहा श्लोक रहेका छन् भने बाँकी सवै नेपाली भाषा छ।

इतिहास र महाभारत विषयका जम्मा ६३ ग्रन्थहरू मध्ये १० वटामा लेखन समय छ। **जैमिनी भारत :** राजा जनमेजय र व्यासजीको सम्बादका रूपमा रहेको महाभारत कालीन पौराणिक आख्यानको बयान गरिएको १२८ पत्रको ग्रन्थ पूर्ण छ। लेखन समय अन्त्यमा श्री संवत् १९३४ साल लेखेको छ। **नेपाले इतिहास :** सेरजङ्गी किताबबाट नेपालको इतिहास अनुवाद गरिएको र ईश्वर स्तुति एकै ठाउँमा समावेश गरिएको यस ग्रन्थमा भारतबाट नेपाल आउने प्राचीन मार्ग, यहाँका मठ मन्दिर भौगोलिक, राजनैतिक, सामाजिक र आर्थिक अवस्थाको बयान छ। देवताहरूको नाम र प्रमुख जात्रा पनि लेखेको छ। अन्त्यमा **"यो किताव सेरजंगी विप्तमान जनरल साहेव बहादुर जनरल भीमसेन थापा सम्बत् १८८४ साल मिति पौष वदी ११ रोज बृहस्पतिबार शुभम्"** लेखेको छ। अन्त्यको सूचीमा **"संवत् १८८४ साल मिति माघ वदी ९ रोज ६ का दिन श्री भीम जनरल वागका विरुवा गैह्र वमोजिम छन्"** भनी विरुवाको नाम र तिनीहरूको संख्या दिइएको छ। **महाभारत आदिपर्व :** महाभारत आदिपर्वको नेपाली गद्य भाषामा रूपान्तरण गरिएको ४९० पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"संवत् १८८९ साल मिति जेष्ठ शुदि ५ रोज १ मा यो पुस्तक सिद्ध भयाको हो॥ यो भाषाको आदिपर्वको पुस्तक श्री जनरल भीमसेन थापाको हो॥ शुभम्॥"** लेखेको छ। **महाभारत सौप्तिकपर्व :** महाभारत सौप्तिकपर्वको सरल नेपाली भावानुवाद पद्यमा गरिएको यस पुस्तकमा आदिका पत्र २० मा महाभारत र अन्त्यका पत्र २० मा रामायण छ। महाभारतको अन्त्यमा **"श्री सम्बत् १९३४ साल मिति फाल्गुण वदी ३ रोज ४ मा तस दिन लेषितम्"** लेखेको छ। लेखकको नाम चाहिँ सदा हरिको सेवक रणसेर भट्ट उल्लेख भएको ग्रन्थ अपूर्ण छ। **महाभारत विराटपर्व :** महाभारत विराटपर्वको ७२ अध्यायको भाषा अनुवादका रूपमा आएको पत्र १५९ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् ९८६ साल मिति भाद्र वदी १५ रोज ३ सम्बत् १९२३ साल आश्विन वदी १ रोज ३ मा भादगाउँ टौमाछी टोलका कासिनाथले लेख्याको, पोष्टक यो पोष्टक कसैले लोभ गरि दवाया हुँदी पाप लागन्या छ"** लेखेको छ। **महाभारत सभापर्व :** महाभारत सभापर्वको नेपाली भाषानुवाद गरिएको यस ग्रन्थमा जम्मा ८० अध्याय छन्। २७५ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् ९४३ श्री विक्रम संवत् १८८० मिति श्रावण वदी ९ रोज ६ सभापर्व सिद्ध**

दिन" लेखेको छ। आख्यानात्मक शैलीमा गरिएको नेपाली अनुवाद कथा आस्वादनका दृष्टिले निकै रोचक छ। **महाभारत विराटपर्व :** यसमा केही महाभारत विराटपर्व एवं केही विश्वन्तर कुमार कथा र वंशावली समेत मिसिएको छ। विराटपर्वको राजा धृतराष्ट्रले पाण्डवहरू गुप्तवास वस्दा चियोचर्चो गर्न पठाएको र दूतले धृतराष्ट्रलाई पाण्डवको सन्देश सुनाएदेखिं लिएर अभिमन्यु विवाहसम्मको प्रसङ्ग दिइएको पत्र १५५ को ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"स्वस्ति श्री शाके १७९ ॥ श्री विक्रमदित्य १९३१ ॥ श्री नेपाली श्रेयोक्त सम्बत् ९९४ साल मिति नष्ट आषाढ वदि ८ रोज ३ मा लिषितम् शुभम्" साखु देश चलखु टोल आधा इनारा भएको घरको न्हुँलछे नारायणको मनमा धर्म चित्त उत्पत्ति भै यस भाषाको किताब लेखाएर राखिएको हो। शुभम्** लेखेको छ। **भारत गदापर्व :** अश्वत्थामा दुर्योधनका पक्षमा लड्न थालेको प्रसङ्गदेखि लिएर पाण्डुपुत्रहरूको हत्या गर्नका निमित्त अश्वस्थामा पाण्डवहरूको शिविरमा प्रवेश गरेको प्रसङ्ग बयान गरिएको पत्र १९३ को पूर्ण महाभारत गदापर्वमा जम्मा ४३ अध्याय छन्। यसको भाषा लेखाइ अत्यन्त त्रुटिपूर्ण छ। अन्तिम वाक्यमा **"संवत् १८८६ साल मिति अगहण शुदि ११ रोज १ लिखित मिदं पुस्तकं विजयानंदेन"** लेखेको छ। **शाहवंश चरित्रम् :** चित्रकुटका अधिपति महाराज विक्रमको पालादेखि चन्द्रसमशेरका पालासम्मको बयान गरिएको र नेपालका शाहवंशीय राजाहरूलाई विक्रमादित्यकै परम्परामा जोड्न लगिएको १४३ पत्रको ग्रन्थ पूर्ण छ। यस ऐतिहासिक काव्यमा शार्दूलवीक्रिडित, मन्दाक्रान्ता, वसन्ततिलका जस्ता विभिन्न छन्द एवम् वीर, करुण, श्रृङ्गार आदि रसको प्रयोग गरिएको छ। **"उंडाइस् सये असी उपर चर्साल वीक्रमैको छ, यो कार्तिक् शुक्ल युगादिका नवमिमा ग्रन्थै समाप्ती भयो"। कार्तीकमास अठार दिं वितिगया वार्श्री गुरुका पर्‍यो येही साहितमा समाप्त हुन गै यो ग्रन्थले दिल्भर्‍यो।"** लेखेको छ। **शाहवंश चरित्रम् :** मुद्रण गर्नका लागि पछि तयार गरिएको देखिने पत्र १६१ को अर्को अपूर्ण शाहवंश चरितम् पहिलो शाहवंश चरितको प्रतिलिपि देखिन्छ।

कथा विषयका जम्मा ६४ ग्रन्थहरू मध्ये १२ वटामा लेखन समय छ। **उपाख्यान कथा :** कुर्म र राजहंशको सम्वादका रूपमा आएको पत्र ६४ को ग्रन्थ अपूर्ण छ। यसमा उपायले आफूभन्दा बलियो शत्रु जित्न सकिन्छ, सबैसँग वैरभाव राख्नु हुँदैन भन्ने जस्ता नैतिक उपदेशमूलक कथाहरू छन्। आफ्नो स्वभाव मिल्दोलाई मात्र मित्र बनाउनु, पैल्येको शत्रुलाई पछि मित्र भएपनि पूर्ण विश्वास नगर्नु भन्ने निकै रोचक नैतिक

उपाख्यानहरू छन्। अन्त्यमा **"श्री शाके ॥ १८०१ ॥ श्री संम्वत् ॥ १९३६ ॥ साल फाल्गुण शुदी ॥ ११ ॥ रोज ॥ ७ ॥ लिखितम् व्राह्मविस्या । वजार ग्रामे वास्तव्यं गौरी नारायण पत्र हस्तव्यं उपख्यान कथा लेषितम् शुभम्"** लेखेको छ। **नलोपाख्यान कथा :** भीम नाम गरेका राजाले कसरी पुत्र प्राप्त गरे। नलको जन्म कसरी भयो एवं उनले दमयन्तीसित कसरी विवाह गरी राज्य सुखभोग गरेर वसे भन्ने राजा नल र रानी दमयन्तीको कथालाई निकै रोचक तरिकाले नेपाली भाषामा लेखिएको पत्र ७५ को ग्रन्थ पूर्ण छ। यसको मूल कथा महाभारतको वनपर्ववाट लिइएको हो। अन्त्यमा **"इति श्री सम्वत १८८८ साल मिति श्रावण सुदि १ रोज २ लिषितमिदं संपूर्णम्"** लेखेको छ। **बृहत्कथा :** बृहत्कथा संस्कृत साहित्यका लोककथाको संगालो हो। यसको संकलन कर्ता गुणाढ्य मानिन्छन्। यसमा तत्कालीन भारतको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक विषयसँग सम्बन्धित अनेकौ लोककथाहरू छन्। त्यही बृहत्कथाको नेपाली भाषा टीका गरिएको ३१७ पत्रको यो ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति श्री सम्वत १९५४ साला मिति आषाढ वदी १३ रोज १ लिखितम् सम्पूर्णम् शुभम्"** लेखेको छ तर नेपाली टीकाकारको नाम भने छैन। **बृहत्कथा :** यो बृहत्कथा पनि ३१७ पृष्ठको पूर्ण छ। यी ग्रन्थहरूमा लेखन समय र प्रतिलिपि गरिएको समय फरक भए तापनि दुवै समान छन्। अन्त्यमा **"बिक्रम सम्बत् १९०७ श्री नेपाली सम्बत् ९७० साल अधिक वैशाष शुदी ९ रोज ७ शुभम्"** लेखेको छ। यी दुईवटा बृहत् कथाहरूको कृतिगत रूपमा तुलनात्मक अध्ययन गरिएमा थप भाषिक र विषयगत विशेषता फेला पार्न सकिन्छ। **महालक्ष्मी रानी योगसंवाद :** योग, जप, ध्यान जस्ता विषयलाई कथात्मक शैलीमा ऋषि दत्तात्रेयले महामतिलाई दिएका उपदेशको बयान गरिएको पत्र २१ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति श्री गोपाल विलासी विरंचितायां बुद्धि प्रसादिनी महालक्ष्मी रानी योग सम्वादे पंच दशमोध्याये ॥ स्वस्ति श्री सम्बत् १९३५ साल मिति मार्गवदी १० रोज ४ मा विषितम् संपूर्ण ॥"** लेखेको छ। योगसँग सम्वन्धित यो ग्रन्थ भाषाशैली र विषयवस्तु दुवै दृष्टिले निकै महत्वपूर्ण देखिन्छ। **लक्ष्मीधर्म संवाद :** पूर्वीय धार्मिक मान्यता अनुसार स्त्री जातिले गर्नुपर्ने कर्तव्य, धर्म आचरण आदि विषयमा लक्ष्मी र धर्मको संवादका रूपमा रहेको १ पत्रे ठ्यासफुमा लेखिएको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १७१६ श्री सम्बत् १८५१ साल चैत्र वदी १२ रोज ४ नक्षेत्र धनेष्ठा योगे मैत्र लिषितं राम भद्र पाध्या"** लेखेको छ। **लक्ष्मीधर्म संवाद :** धर्मले संसारका मान्छेहरू कोही धनी कोही गरीब किन भएका हुन् ? तपाँइ कसरी प्रसन्न

हुनुहुन्छ र कहाँ ? कहाँ ? बास गर्नु हुन्छ भन्ने प्रश्न लक्ष्मीसँग गरेको र लक्ष्मीले उत्तर दिएको प्रसङ्ग रहेको १७ पत्रको ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९४१ साल मिति वैशाख वदी ७ रोज ५ का दिन .... लिषितंम् नैनिसिं वानीआ क्षेत्रीले शुभम्"** लेखेको छ। **सतलसेनको कथा :** राजा सतलसेन र रानी सुवर्णकेशरीको कथा बयान गरिएको यस ग्रन्थमा हिन्दी भाषा दोहा र नेपाली भाषा छ। १६ फिट ९ इन्च लामो एउटै पत्र वनाइएको नेपाली कागजमा राजारानीको कथा श्रृङ्गारिक शैलीमा लेखिएको ग्रन्थ अपूर्ण छ। अनत्यमा **"इति सम्बत् १९५५ साल मिति प्रथम आसुन सुदी २ रोज ७ शुभम्"** लेखेको छ तर लेखक भने छैन। **सोमवार व्रतकथा :** शरशय्यामा सुतेका भीष्म पितामहसँग युधिष्ठिरले गरेको प्रश्न र भीष्म पितामहले दिएको उत्तर एवं सोमवारे औसीका दिन गरिने व्रतका महत्वको बयान गरिएको पत्र ११ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९३४ साल मिति श्रावण वदी ४ रोज १ शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **स्वस्थानी व्रतकथा :** स्वस्थानी व्रतकथाको कथासार मात्र दिइएको ५२ पत्रको यो ग्रन्थ अपूर्ण छ।

अन्त्यमा **"स्वस्ती श्री शाके १७५५ श्री सम्बत् १८९० साल मिति चैत्र वदी १३ रोज १ लिषित पुस्तकं पाल्या देशे शालीग्राम निकटे तानसी नगरे शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **स्वस्थानी व्रतकथा :** पत्र १०९ को पूर्ण यस स्वस्थानी व्रतकथामा जम्मा २२ अध्याय छन्। अन्त्यमा **"इति सम्बत् १९३० शाल श्री शाके १७९५ वैशाख मासे दिन १६ शनिवासरे तिथौ १४ पर अमावस्या लिषितंमिदं पुस्तकम् श्री श्री श्री वदभद्र पाध्या लुइट्याल लिषकं भीर्पानी वसत श्री स्वस्थानी परमेश्वरीकथाह शुभम्"** लेखेको छ। **स्वस्थानी व्रतकथा :** नेपाली कागजको ११७ पत्रमा लेखिएको यस अपूर्ण स्वस्थानी व्रत कथामा जम्मा २० अध्याय छन्। ११६ औं पृष्ठमा **"श्री शाके १७५६ श्री संवत् १९४० साल मिति वैशाख सुदी ॥ दिन गते ॥ २६ श्री सम्बत् १९०४ साल वैशाख सुदी ॥ दिन गते ॥ २६ गुरु वासरे ॥ ५ ॥ श्री स्वस्थाणी परमेश्वर्यो कथा श्री विश्नुभक्तेन लिखितम्"** लेखेको छ। लेखाइ निकै अस्पष्ट र अशुद्ध रहेको छ। **स्वस्थानी व्रतकथा :** ११५ पत्रमा जम्मा २२ अध्याय रहेको यो स्वस्थानी व्रतकथा पूर्ण छ। अन्त्यमा **"॥ श्री सम्बत् ॥ १९०४ ॥ साल मिति वैशाख शुदी ॥ १५ ॥ रोज ॥ ६ ॥ शुभम् ॥ भुयात् ॥ इदं पुस्तकं ॥ वीश्नु विनोद लिषेते"** लेखेको छ।

कर्मकाण्ड विषयका ५ वटा ग्रन्थहरूमा कुनैमा पनि लेखन समय छैन भने कामशास्त्र विषयमा जम्मा ७ वटा ग्रन्थहरू मध्ये २ वटामा लेखन समय छ।

अनङ्गरङ्ग (नेपाली टीका) : ग्रन्थ निर्विघ्न पूर्वक समाप्त होस् भन्नका निमित्त प्रारम्भमा मंगलाचरण संस्कृत श्लोकमा गरिएको छ भने यस पछि मूल संस्कृत र त्यसको नेपाली टीका समेत दिइएको छ। कामदेवको शारीरिक बयानबाट प्रारम्भ गरी स्त्री लक्षणको बयान गरेर टुङ्ग्याइएको ९९ पत्रको ग्रन्थ पूर्ण छ। **अन्त्यमा "इति सम्बत् १९०९ साल कार्तिक वदी २ रोज ७ का दीन यो पुस्तक नेपालका राजा श्री ५ राजेन्द्र बिक्रम शाहका वैठक्याले लेख्याको हो शुभम्"** लेखेको छ। **अनङ्गरङ्ग (नेपाली टीका)** विषयवस्तु पहिलो अनङ्गरङ्गकै रहेको र त्यसैको प्रतिलिपि गरिएको पत्र ५५ को यस अपूर्ण ग्रन्थको अन्त्यमा **"सम्बत् १००५ मिति भाद्र सुदी ९"** लेखेको छ।

काव्यशास्त्र विषयका ३० ग्रन्थहरू मध्ये ४ वटामा लेखन समय लेखेको छ। **गीत गोविन्द** : गीत गोविन्दका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको पत्र ६२ को श्रृङ्गार र भक्ति मिश्रित काव्यग्रन्थ पूर्ण छ। २१ वटा रंगीन चित्रहरू पनि छन्। प्रारम्भदेखि बाह्रौ सर्गसम्म रहेको ग्रन्थको अन्त्यमा **"शाके १७५३ सम्बत् १८८८ साल श्रावण माशे लिखित् पुस्तकं समाप्तं शुभम्॥ लिखितम् धिर्जनर सिंहस्य पुस्तकम्"** लेखेको छ। **दशकुमार चरित** : संस्कृत भाषाको प्रसिद्ध आख्यान दशकुमार चरितको नेपाली भाषा कथा रहेको १०४ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १७५८ मासे ६ तिथौ ७ वासरे कान्तिपुर राजाधानीम् लिखितमिदं पुस्तकं गोरक्षा चलाधिपं मंत्री त्रिविक्रम सिंहस्य पठनार्थम पूर्ण पीठिका शुभम्"** लेखेको छ। स्तरीय गद्यमा रुपान्तरण गरिएको यो ग्रन्थ कथा आश्वादनको लागि निकै उपयोगी छ। **दशकुमार चरित** : दशकुमार चरितको नेपाली भाषा कथा रहेको पूर्व पीठिकाका चार र उत्तर पीठिकाका आठ गरी जम्मा १२ उच्छ्वासको १०४ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"खवेद सप्तशशि संमिते शके भाद्र सितास्ष्टम्यां भौम वासरे लिखित मिदम्"** लेखेकोले लेखन समय शाके १७४० रहेको स्पष्ट हुन्छ। **दशकुमार चरित** : दशकुमार चरित उत्तर पीठिकाको श्रृङ्गारिक र मनोरञ्जनात्मक कथालाई सरल नेपाली भाषामा उतारिएको ८८ पत्रको ग्रन्थ अपूर्ण छ तर उत्तर पीठिका चाँहि पूर्ण छ। अन्त्यमा **"श्री शाके १७५८ साल १८९३ मासे ८ तिथौ वालाचतुर्दशी मंत्री पाठार्थम् शुभम्"** लेखेको छ तर लेखकको नाम छैन।

छन्दशास्त्र विषयको १ मात्र ग्रन्थमा लेखन समय छैन भने ज्योतिष विषयका ५१ ग्रन्थहरू मध्ये १३ वटामा लेखन समय छ। **खण्डखाद्य** : सिएर पुस्तक आकार बनाइएको १६८ पत्रको मूल संस्कृत र त्यसको नेपाली भाषामा अर्थ रहेको

ज्योतिष विषयको अपूर्ण ग्रन्थमा लेखक लेखन समय छैन। आदि अन्त्य किराले मुसाले काटेको, पानीले भिजेको र ध्वाँसो समेत लागेको अवस्थामा राष्ट्रिय अभिलेखालयमा प्राप्त हुन आएका यस ग्रन्थको विस्तृत चर्चा ठाकुरप्रसाद पराजुलीले वाङ्मय वर्ष ४ मा गरेर लेखन समय शाके १५१३ उल्लेख गरेका छन्। **ग्रहगुण फलम् :** गुणन गरेर ग्रहहरूको मान निकाल्ने विधि नेपाली भाषामा दिइएको पत्र २० को ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"इषुराम मुनि ईन्दुश्च शाके : ब्योम अद्रिनाग ईन्दुरच सभुत॥**

मासे मृगे तिथौराम नक्षत्रे वेद नेत्रय योगे वसु इन्दुश्चः पक्षेच ससिनामस्य वारे च नेत्र कस्तथा करणेच वेद कस्तथा॥ दुग्ध कौसिका निकते सोह्रद्धि समिपे वास्तव्यं सल्याना व्राह्मक्षत्रे मिदं पुस्तकं लिखितं रामभद्र सर्मणेणा व्रंह्मण" लेखेकोले यसको लेखन समय वि.सं. १८७० शाके १७३५ मंसीर, महिना, तृतीया तिथी रोहिणी नक्षत्र, भाद्र योग कृष्ण पक्ष, सोमवारका दिन दूधकोशीका नजीकमा बसेर रामभद्र शर्मा ब्राह्मणले लेखेको भन्ने बुझिन्छ। **चन्द्रोदय शिक्षा :** शालिनी, मालिनी, भुजङ्गप्रयात आदि शास्त्रीय छन्दमा लेखिएका त्रिभुवन विख्यात चन्द्रमार्ग वर्णन र चन्द्रोदय शिक्षा विषयका नेपाली भाषाका कविता रहेका छन्। चन्द्रसमशेर कै बयानमा आधारित भएतापनि कविता स्तरीय छन्। जम्मा २९ पत्रको यो सानो ग्रन्थको अगाडिको कवरमा पेजमा (पं.रेबतीरमण वि.सं. १८७०) लेखेको छ। **चिनालेख्ने विधि :** चिना लेख्ने विधिको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको पत्र १६ को ग्रन्थ अपूर्ण छ। लेखन समय शाके १६६६ देखिन्छ भने लेखकको नाम छैन। यसमा विभिन्न विधिबाट विभिन्न प्रकारका चिना बनाउने तरिक दिइएको छ। **जातक पत्रिका :** जन्मकुण्डली बनाउने तरिकाको मूल संस्कृत अंश र कहीँ - कहीँ त्यसको नेपाली भाषा टीका समेत दिइएको यो ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १७८३ सम्बत् २९२१ साल मिति चैत्र कृश्न ८ रोज २ शुभम् समाप्ति भयो"** लेखेको छ तर लेखक वा प्रतिलिपिकारको नाम छैन। भाषा र विषय दुवै दृष्टिले यो ग्रन्थ निकै महत्वपूर्ण देखिन्छ। **नक्षत्र जातकम् (लघुजातकम्) :** कुन नक्षत्रमा जन्मिएको मान्छे कस्तो स्वभावको हुन्छ भन्ने विषयको बयान गरिएको ग्रन्थ पूर्ण छ। यसमा विभिन्न नक्षत्रका चित्रहरूपनि दिइएका छन्। अन्त्यमा **"सम्बत् ९५० जेष्ठ सुदी १ रोज १ का दीन यो नक्षत्रमाला श्री श्री श्री देवप्रकाश मल्लले लेषी सिद्यायाको पोस्तकमा सार्‍याको"** लेखेको छ। यसबाट सम्बत् ९५० मा लेखिएको नक्षत्र जातकमबाट यो ग्रन्थ प्रतिलिपि गरिएको बुझिन्छ। **पवनविजय स्वरोदय :** शिव र पार्वतीको सम्वादका

रुपमा आएको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ६० पत्रको ग्रन्थ पूर्ण छ। पार्वतीले शिवसँग यो संसार र यहाँका चराचर जीवको उत्पत्ति सम्बन्धी प्रश्न गरेकी छन् भने शिवले त्यसको उत्तर दिएका छन्। आदिको पत्रमा **"सम्बत् १८९७ साल जेष्ठ सुदी १० रोज ३"** लेखेको छ तर लेखकको नाम छैन। **पवनविजय स्वरोदय :** शिव र पार्वतीको सम्वादका रुपमा आएको यस ग्रन्थमा पृथ्वीको उत्पत्तिदेखि सम्पूर्ण चर अचरका सृष्टिको बयान गरिएको छ। मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ३८ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९४१ साल मिति मार्गसीर वदी ३ रोज ५ तस्मीन् दिने लिखितं पुस्तकं ... लीखनार्थे पद्मदास भक्तनाम्"** लेखेको छ। **पवनविजय स्वरोदय :** नाडीभेद, तत्वनिर्णय, युद्धविजय जस्ता भेदहरू रहेको यो ग्रन्थ पनि शिव पार्वतीको सम्वादका रुपमा आएको छ। मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको ६९ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९०७ साल मिति माघ सुदी १३ रोज शुभम्"** र **"प्रणव प्रकासी देव है सव घट सो हं निवास, यो हंते ॐ कार प्रकट है अम्वर्गीय कीयो प्रकाश"** लेखेको छ। **भाश्वती :** यस ग्रन्थमा भाश्वती नेपाली टीकाका २ पत्र रहेका छन्। डा. जगदीश चन्द्र रेग्मीले यसलाई १४५७ पूर्वको नेपाली अनुवाद मानेका छन् तर यसमा लेखन समय र लेखक वा प्रतिलिपिकारको नाम स्पष्ट लेखेको छैन। ग्रन्थ अत्यन्त जीर्ण अवस्थाको अपूर्ण छ। **मुहुर्त चिन्तामणि :** मुहुर्त चिन्तामणिको नेपाली भाषा अर्थ दिइएका एकपत्रे ठ्यासफु ग्रन्थ पूर्ण छ। लेखक वा नेपाली अर्थकारको नाम छैन भने अन्त्यमा **"१५२२ शाकमा मुहुर्त चिन्तामणि नाम गर्‍याको ग्रन्थकन बनाउँदा भया शुभम्"** लेखेको छ। **स्वप्नाध्याय :** कुन प्रहरमा देखेका सपनाको फल कति दिन पछि पाइन्छ भन्ने र कुन-कुन सपना शुभ र कुन-कुन अशुभ हुन् भन्ने विषयको बयान गरिएको ११ पत्रको ग्रन्थ पूर्ण छ। **"श्री सम्बत् १८६२ वैशाषे शुक्ल ८ सोम वासरे शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **स्वरोदय भाष्य :** आदिको अंश नभएको अपूर्ण एकपत्रे यस स्वरोदय भाष्यको अन्त्यमा **"श्री णेपाल देशे पशुपति क्षेत्र उत्तर णिल कंण्ठः पांचपोषरि वाग्मति निकटे श्री नन्दिकेसर महादेव चर्णे नक्साल ग्रामस् थिते कृश्न बहादुर षत्रिस्य पुक्तकम् परोपकारेण लिषितम् ... श्री शाके १८०७ श्री सम्बत् १९४२ साल मिति कार्तिक शुदी १४ रोज ७"** लेखेको छ तन्त्रशास्त्र विषयका १० ग्रन्थहरू मध्ये **दमनारोहण पूजा सम्बन्धी पुस्तक :** नामक एउटा ग्रन्थको प्रारम्भमा **"सम्बत् १९६० साल मिति चैत्र सुदी ९ देखि प्रारम्भ"** लेखेको छ।

धर्मशास्त्र विषयका २० ग्रन्थहरू मध्ये २ वटामा लेखन समय छ। **कर्मविपाक :** कृष्ण र अर्जुनको सम्वादका रूपमा आएको ४ पत्रको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको ग्रन्थ पूर्ण छ। अन्यमा **"सम्वत १९०० साल मिति आषाढ वदी ९ रोज ३ शुभम् संपूर्णम्"** लेखेको छ तर लेखकको नाम छैन। **मैथिलानां स्थिति :** मिथिला क्षेत्रमा बसोवास गर्ने ब्राह्मणहरूको षोडश संस्कार सांस्कृतिक, रीतिस्थितिको बयान गरिएको एकपत्रे ठ्यासफू ग्रन्थको अन्त्यमा **"इति सम्बत् १९१० साल मिति अश्विन सुदी १५ रोज १ शुभम्"** लेखेको छ। संस्कृत श्लोकमा **"स्थितिः केदारनाथेन कृता जाङ्ग बहादुरी.॥ मैथिलानां सदा कल्पं स्थीयता मनिवारिता"** उल्लेख गरिएकाले यसका लेखक केदारनाथ हुन् कि भन्ने अनुमान गर्न सकिन्छ। साथै यसमा व्यवस्था गरिएको सम्पूर्ण रीतिथिति जङ्गबहादुर राणाले लागू गरेको देखिन्छ।

नाटक विषयका २१ ग्रन्थहरू मध्ये २ वटामा लेखन समय छ। **प्रबोधचन्द्रोदय :** मूल संस्कृतका लेखक श्रीकृष्ण मिश्रको प्रबोधन्द्रोदय नाटकको नेपाली भाषा टीका रहेको ५९ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९२२ साल मिति चैत्र सुदी ॥१॥ रोज ॥२॥ तस्सीन् दिने लिषितं ॥ नेपालदेश्य. श्री पशुपति क्षेत्रेः वैशनमती नद्यां निकटे वुरांषेल ग्रामेलिखितः लीषनार्थे पद्मदास भक्तानां."** लेखेको छ। **शुभद्राहण :** शुभद्राहरण नाटकको प्रारम्भदेखि ३३० सम्मका भाषा श्लोक रहेका नेपाली कागजमा लेखिएको १९ पत्रको ग्रन्थ पूर्ण छ। महाभारत आदिपर्वबाट विषयवस्तु लिइएको यस नाटकमा भाषा श्लोक निकै परिस्कृत देखिन्छन्। आदिमा पं जगन्नाथ भट्टराई लेखिएकाले यसका लेखकको नाम थाहा हुन्छ भने अन्त्यमा **"सम्वत् १९८६ साल जेठ १४ गते जेठ सुदी चतुर्थी सोमवारमा"** लेखेको छ।

नाट्यशास्त्र विषयका विभिन्न ग्रन्थहरू मध्ये नेपाली भाषा रहेको एउटामात्र ग्रन्थमा लेखन समय छैन भने नीतिशास्त्र विषयका ४५ ग्रन्थ मध्ये १४ वटामा लेखन समय छ। **ऐन पुस्तक :** यस ऐनलाई धर्माधिकारको, चोरीको नेवारजात्को अन्नपानी वन्द गर्न्याको, इलाज गर्न्याको, दोपाया चौपाया हटाउन्याको, पापानी गर्न्याको, जग्गा विराउन्याको जस्ता विषयमा विभाजन गरिएको छ। यसमा जम्मा १८७ दफा रहेको छ। प्रत्येक विषयलाई ६ देखि ३३ दफाका बीचमा विषय अनुसार विभाजन गरिएको १७ पत्रको ग्रन्थ पूर्ण छ। **"ईलाज गर्न्याको"** विषयको प्रारम्भमा **"सम्बत् १९४५ साल जेठ वदी १० रोज २ मा भयाको"** लेखेको छ। **ऐन पुस्तक :** छालाको जिल्ला हाली संरक्षण गरिएका ग्रन्थको अगाडि पट्टि नै **"कर्णेल उजिरसिंह**

थापाबाट तज्वीज गरी वनायाको आईन्" भन्ने उल्लेख गरिएकोले यस ऐनको लेखन सं. १८७९ देखिन्छ। कर्णेल उजिर सिंहले पाल्पाको श्री नगरमा बसी मुलुकमा बन्दोबस्त कायम गर्नका लागि जंगी, निजामती एवं मुलुकी ऐन नियम बनाएर लागू गरेको देखिन्छ। विभिन्न ६ वटा बन्देजमा विभाजन गरिएको ग्रन्थ पूर्ण छ। **चाणक्यसार भाषा टीका :** राजनीति, धर्मनीति जस्ता चाणक्यनीतिको सँगालोका रुपमा रहेको २५ पत्रको पूर्ण ग्रन्थमा १०० वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषामा अर्थ रहेको छ। अन्त्यमा **सवत् १९०१ साल मीती कार्तीक वदी ११ रोज ८ शुभं** लेखेको छ। **चाणक्यनीति नेपाली भाषा :** चाणक्यको नीतिशास्त्रको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको पत्र ५८ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् १००९ मिति सुदी अष्टमी ८ रोज ४"** लेखिएको छ। अन्त्यमा नेपाल भाषामा **"यो पुस्तकको लेखक मुनिहर्ष बज्राचार्य, तपालाछी टोलको हर्षनारायणको छोरा आशानारायणलाई कर्म चित्त उत्पत्ति भएर यो पुस्तक भनेर लेखाएको हो।"** लेखेकोले यसको लेखक समय ने.सं. १००९ स्पष्ट हुन्छ। **चाणक्यसार संगह (वुद्धिचाणक) :** चाणक्यसार संग्रहको संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको २८ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् १९४४ साल मिति पौष"** लेखेको छ तर प्रतिलिपिकारको नाम छैन। **चाणक्यसार संग्रह (वुद्धिचाणक) :** चाणक्यसार संग्रहको संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको ४६ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९२३ साल मिति भाद्रवदी ८ रोज ३ शुभम्॥ तस्मीन् दिने लिषितं संपूर्ण शुद्धो वा मशुद्धो वा मम दोष नदियेते॥ लीखनार्थ पद्म भक्तानां, शुभं भवति कल्याणम् शुभम्"** लेखेको छ। **चाणक्य नीतिशास्त्र (वुद्धिचानक):** चाणक्य नीतिशास्त्र तेस्रो शतकका ९९ श्लोकको मात्र संस्कृत श्लोक र नेपाली टीका भएको ५६ पत्रको ग्रन्थ अपूर्ण छ। पहिलो शतकको अन्त्यमा **"श्री सम्बत् १९६२ साल मिति फाल्गुण कृष्ण ८ रोज ७ समाप्त॥ लेखक श्री जितानन्द॥"** भन्ने लेखेको छ। **तन्त्राख्यान कथा :** सूक्तिमय संस्कृत अंश र त्यसको नैतिक उपदेश मूलक कथा उपकथालाई बयान गरिएको ४६ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् १०१७ साल मिति मार्गशिर्स शुदी १४ रोज ३ यतत् दिने संपुर्ण शुभम्"** भन्ने उल्लेख भएकाले यस लेखन समय ने.सं. १०१७ देखिन्छ। **भर्तृहरि शतक :** यस ग्रन्थमा राजा भर्तृहरिलाई वैराग्य लागि धर्म कार्यमा लागेको प्रसङ्ग रहेको छ। आध्यात्मिक र नैतिक विषयलाई नेपाली भाषामा लेखिएको १४ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"स्वस्ति श्री विक्रम सम्बत् १९५४ साल मिति**

कार्तिक कृष्ण अष्टमी स्वम वासरेण. ईदं पुस्तक लिषितम् शुभम्" लेखेको छ तर लेखकको नाम छैन। **रीतिस्थिति वारेको मूठा :** लिम्बु जातिका कमैयाहरूलाई जग्गा कमाउन दिन र नियम बमोजिम कूत असुल गर्नका लागि तयार गरिएको विविध विषयका २८ वटा नियम दिइएको पत्र एकको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९७६ साल भाद्र"** लेखेको छ तर लेखकको नाम छैन। **हितोपदेश :** हितोपदेशको संस्कृत श्लोक र नेपाली टीका रहेको १०४ पत्रको ग्रन्थ पूर्ण छ। पहिलो सन्धिभेदको अन्त्यमा **"सम्बत् ९३१ मिति आषाढ वदी ९"** लेखेको छ जुन नेपाल सम्बत् हो। **हितोपदेश :** विष्णु शर्माद्वारा राजकुमारहरूलाई विभिन्न नैतिक कथा सुनाइएको प्रसङ्ग लेखेको यस ग्रन्थमा हितोपदेश भित्रलाभ र सुहृद्भेदका कथा छन्। ११४ पत्रको ग्रन्थ पूर्ण छ तर लेखक वा प्रतिलिपिकारको नाम छैन। अन्त्यमा **"विक्रमर्क नवनन्द गज भूमित कार्तिके सिपक्ष चतुर्थिके"** लेखेको छ। यो पुस्तक वि.सं. १८९९ कार्तिक कृष्ण चतुर्थी आदित्य वार ब्राह्म नक्षत्र, वरियान योग वालव करणमा सारिएको देखिन्छ। **हितोपदेश :** मूल संस्कृत अंश र त्यसको नेपाली भाषा टीका लेखिएको हितोपदेशमा ७४ पत्र छन्। अन्त्यमा **"सम्बत् १८३५ साल जेठ वदी ९ रोज ४ शुभम्"** र **"लिखित दैवज्ञविश्नुसिंह"** लेखेको छ। **हितोपदेश :** संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको पत्र ३२ को हितोपदेशका प्रारम्भदेखि अन्त्यसम्मको मित्रलाभ प्रकरण पूर्ण छ। अन्त्यमा **"वस्वंक भूपै : प्रमिते शाके ... रे सर्पस्य तिथ्यो शनिवासरे शुभ्॥ हितो पदेशा भिध पुस्तकं तदा, श्री मानुदत्तो अलिखद्धनार्थे॥ श्री भंज्मभगवतीध वीजयति, अनेन लिपि कर्मणा मंत्री पाणि गृही ता ... वला प्रसन्ना ... श्तु"** लेखेको छ। यसका लेखक श्री भानुक्तले शाके १६९८ वि.सं. १८३३ पञ्चमी तिथि शनिवार दिन धनको आसले यो पुस्तक लेखेका हुन् भन्ने स्पष्ट हुन्छ।

पुराण विषयका ६ वटा ग्रन्थ मध्ये २ वटामा लेखन समय छ। **केदारकल्प :** स्कन्द पुराण अन्तर्गत केदारकल्पको नेपाली भाषा टीका रहेको पत्र ७१ को ग्रन्थ पूर्ण छ। पौराणिक आख्यानलाई शिव र स्कन्दको सम्वादका रुपमा व्यक्त गरिएको छ। अन्त्यमा **"इति सम्बत् ९३४ साल श्रावण सुदी ७ रोज ३ शुभम्"** लेखेको छ। **लिङ्गपुराणादि नानाशास्त्र संग्रह :** यसको शीर्षक लिङ्ग पुराणदि नानाशास्त्र संग्रह भनिए तापनि यसमा स्कन्दपुराण अन्तर्गतको स्वस्थानी व्रत कथा रहेको छ। कथालाई २२ अध्यायमा विभाजन गरिएको २३ पत्रको ग्रन्थ अपूर्ण र लेखाइ निकै त्रुटिपूर्ण छ। अन्त्यमा **"स्वस्ति श्री शाके १७९५ श्री सम्बत् १९६१ साल ..... श्री वागेस्वरिमा पुरन् घर्तिले श्री माघ महात्मा स्वस्थाणि परमेस्वरि कथाहा लिषितम्"** लेखेको छ।

माहात्म्य विषयका १० वटा ग्रन्थमा लेखन समय छैन भने योगशास्त्र विषयका १३ वटा ग्रन्थ मध्ये ६ वटामा लेखन समय छ। **अमनस्क योगशास्त्र :** अमनस्क योगशास्त्रको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २३ पत्रको ग्रन्थ पूर्ण छ। ऋषि वामदेव र महादेवको सम्वादका रूपमा रहेको यस ग्रन्थमा योग साधनद्वारा ईश्वर प्राप्त गर्न सकिने उपायको बयान छ। अन्त्यमा **"सम्बत् १९७० साल मिति आषाढ सुदी ८ रोज ६ ... गतेका दिन पुस्तक लिखितम् शुभम्"** लेखेको छ। **अनमस्क योगशास्त्र :** अमनस्क योगशास्त्रका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २६ पत्रको यो ग्रन्थ पनि पूर्ण छ। अन्त्यमा **"इति सम्बत् ॥ १९२३ साल मिति जेष्ठ वदी ॥ रोज ६ मा भाद गाउँ निकटे हनिमान् घाट् ग्रामे. यो पुस्तक भिर्कोट मग्याम वश्न्या वलमान थापाले लेषितम् शुभम्"** लेखेको छ। **अमनस्कम योगशास्त्रः** अमनस्क योगशास्त्र विषयको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ३० पत्रको यो ग्रन्थ पनि पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९१८ साल मिति आश्विन वदी ... रोज .... समाप्त सुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **पातंजलसूत्र व्याख्या :** पातन्जल योगसूत्रका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ४ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति श्री सम्बत् १९१५ साल मिति आश्विन वदी ९ रोज ६ तस्मिन् दिने लिखितं पद्मदास भक्त शुभम्" भवतु कल्याणम्"** लेखेको छ। **योगचिन्तामणि :** योगचिन्तामणिका १०१ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको पत्र ३६ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १०२० साल मिति मार्गसिर वदी ५ रोज ६"** लेखेको छ तर लेखकको नाम लेखेको छैन। **हठरत्नावली :** हठरत्नावलीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ५३ पत्रको यो ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति श्री निवास योगीश्वर विरचिताया हठ रत्ना वल्यां चतुर्थो भाषायां समाप्तम् .... स्वति श्री सम्बत् १०१९ साल मिति आषाढ वदी ५ रोज १ मा श्री चक्रमानले लेख्याको हठरत्नावली भाषाको मंत्र हो कसैले लोभ नगर्नु"** लेखेको छ।

रामायण विषयका २२ ग्रन्थहरू मध्ये ४ वटामा लेखन समय छ। **अध्यात्मरामायणः** अध्यात्मरामायण युद्धकाण्डको मूल कथालाई नेपाली गद्य भाषामा उतारिएको यस कृतिमा शिवजी वक्त र पार्वती श्रोता रहेका छन्। यसको प्रारम्भ हनुमानले सीता खोजी गरेर आएको खुशीयालीका प्रसङ्गबाट भएको छ भने अन्त्य चाहिँ रामले लंका विजय गरी फर्केर अयोध्यामा राज्याभिषेक गरेको प्रसङ्गबाट भएको छ। ९० अध्याय ३४७ पत्र रहेको यो बृहत् ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १७५० स्वस्ति श्री सम्बत् १८८५ साल भाद्र शुक्ल ७ भृगुवासरे ॥ श्री पशुपति क्षेत्रे ॥ वागमत्या संन्निधाने ॥ काष्टमंडप ग्रामे लिखितमिदं पुस्तकम्"** लेखेको तर अनुवादकको नाम दिइएको छैन। **अध्यात्म रामायण :** अध्यात्म

रामायणको बाल, अयोध्या अरण्या, किष्किन्ध्या, सुन्दर, युद्ध र उत्तरकाण्डको नेपाली भाषा टीका रहेको ३२६ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"रत्नवाण ग्रह भूमि संमिते आश्विने ९ सितदले सोमवासरे कान्तिपूर नगरे सदावसन् लेख पुस्तक मिदं हरितुष्टये"** भन्ने लेखिएकोले कान्तिपुर निवासी कुनै व्राह्मणले भगवान हरिलाई प्रसन्न पार्नका निमित्त सम्बत् १९५९ मा यो ग्रन्थ लेखेको भन्ने स्पष्ट हुन्छ तर लेखक वा प्रतिलिपिकारको नाम भने छैन। **अध्यात्म रामाणय** : अध्यात्म रामायण युद्धकाण्डको ९० अध्यायको नेपाली भाषा अनुवाद रहेको पत्र २५३ को ग्रन्थ पूर्ण छ। यसको प्रारम्भ हनुमानले सीताजीको खोजी गरेर आएको खुशीयालीको प्रसङ्गबाट भएको छ भने अन्त्यमा रामका राज्याभिषेकको बयान गरिएको छ। अन्त्यमा **"स्वस्ति श्री शाके १७६१ श्री विक्रमादि सम्बत् १८९६ मासे ४ पक्षे तिथौं छ यो ० नक्षेत्रे १७ वारे ७ तद्दिने लीषीतं. मया" "पुस्तक मिदम् पदमसर्माणां."** लेखेको छ। **वाल्मीकि रामायण (माहात्म्य)** : यो वाल्मीकि रामायणको पद्यमय नेपाली अनुवाद श्रीकृष्णप्रसाद घिमिरेले २०३० सालमा गरेको र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट २०३१ सालमा प्रकाशित समेत भै सकेको छ। यो ग्रन्थ अनुवादकद्वारा २०३० साल आषाढमा पाण्डुलिपि सुरक्षित राख्नका लागि राष्ट्रिय अभिलेखालयलाई समर्पण गरेको देखिन्छ।

वेदान्त विषयका ५५ ग्रन्थहरू मध्ये १६ वटामा लेखन समय छ। **अपरोक्षानुभूतिः** अपरोक्षानुभूतिका १४४ संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २२ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९१६ साल मिति जेष्ठ सुदी ६ रोज २ तद्दिने लिषितं पद्मदास भक्त : शुभम्"** भन्ने लेखेको छ। **अमनस्क भाषा** : पूर्वीय आस्तिक दर्शनहरूको सार अनुसार बन्धन हुने कारण र मुक्तिको उपायको बयान भाषामा गरिएको ४६ पत्रको ग्रन्थ अपूर्ण छ। अगाडिको कवर पृष्ठमा **"स्वस्ति श्री सम्बत् १९२४"** लेखेको छ तर लेखकको नाम छैन। **अष्टावक्र गीता** : अष्टावक्र गीता भनिए तापनि यसमा अपरोक्षानुभूति, गोरक्षशतक, गोरक्षशतक योगशास्त्र भाषा शुकाष्टक भाषा टीका जस्ता ५ वटा ग्रन्थहरू रहेका छन्। ९८ पत्रको ग्रन्थमा सबै मूल संस्कृत र त्यसको नेपाली भाषा टीका रहेको पूर्ण ग्रन्थ छन्। लेखन समय वि.सं. १८९१ रहेको छ। **उपदेश भाषा :** गुरुले आफ्ना शिष्यहरूलाई दिएको उपदेश नेपाली भाषामा रहेको ६ पत्रको ग्रन्थ पूर्ण छ। कृतिलाई प्रथम उपदेश वैराग्यम्बर, द्वितीय उपदेश वैराग्यम्बर एवं जीवात्माको विवेक जस्ता विषयमा विभाजन गरिएको छ। अन्त्यमा **"जवरले लेख्या सम्बत्**

१९१८ सालमा पान्डौ केस्वर महादेव चरने शुभमस्तु" लेखेको छ। **चतुर्वेद सार :** चारवेदका सारको मूल संस्कृत र त्यसको नेपाली भाषा टीका दिइएको पत्र १६ को ग्रन्थ पूर्ण छ। ग्रन्थलाई चार वेद अनुसार चारवटै खण्डमा विभाजन गरिएको छ। अन्त्यमा **"इति सम्बत् १९१५ साल मिति कार्तिक शुदी ९ रोज २ तस्मिन् दिने लीषनार्थ पद्मदास भक्त : शुभमस्तु सर्वदा"** लेखेको छ। **ज्ञानमाला :** सत् र असत् कर्मको बयान गरी सत्कर्म तिर लाग्ने प्रेरणा दिइएको ३७ पत्रको ग्रन्थ पूर्ण छ। अनत्यमा **"इति सम्बत् १९२९ साल मिति श्रावण वदी ३ रोज ३ शुभम् भवेत्"** लेखेको छ तर लेखकको नाम ग्रन्थमा छैन। **तत्वबोध :** तत्वबोधको नेपाली भाषा अर्थ रहेको पत्र १३ को ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री शाके १७ सये श्री सम्बत् १९१७ साल मिति फाल्गुण शुदि ११ रोज शुक्रवाशरे"** लेखेको छ तर लेखकको नाम छैन। **पाण्डवगीता :** पाण्डव गीताका ८३ वटा मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २० पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९२८ साल मिति श्रावण वदी ७ रोज २ शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **प्रबोधसुधाकर :** आत्मा, जीव के हो ? र यस मानव चोलाबाट सहज रुपमा मुक्ति कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयको बयान गरिएको ७ पत्रको ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"इति श्री सम्बत् १८८८ साल भाद्र वदी ४ रोज ५ मा लेषनार्थ्ये हरिदासको दास पद्म हो।"** लेखेको छ। **ब्रह्मयोग वेदान्तः** ब्रह्म योगवेदान्तका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा अर्थ रहेको छ। ब्रह्मको स्वरुप, कर्मको स्वरुप पञ्चतत्वको वर्णन गरिएको छ। जम्मा ३२ श्लोक र त्यसको अर्थ रहेको १६ पत्रको गन्थ पूर्ण छ। अन्त्यमा **"इति ब्रह्म योगवेदान्ते स्मृता अम्मरगीर भाषाष्टिपन्समाप्तम् शुभम्॥ इति सम्बत् १८९१ साल मिति भाद्र सुदी शुभम् १ शुभम्"** लेखेको छ। **भगवतगीता :** भगवतगीताका १ - १८ अध्यायसम्मका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषाको टीका रहेको १०० पत्रको ग्रन्थ पूर्ण छ।

अन्त्यमा **"इति सम्बत् १९२५ साल मिति कार्तिक भुक्त १३ रोज ५ तद्दिने लिषितमं पुस्तकम्"** लेखेको छ तर लेखकको नाम ग्रन्थमा छैन। **यमगीताः** पतिको सेवा गर्ने, अतिथिहरूको सम्मान गर्ने पुण्य तीर्थ भ्रमण र व्रत गर्ने आदि स्त्रीजातिलाई यमराजद्वारा धर्मात्मा भनिएका यमगीताका २२ वटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ६ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सम्वत १९०० साल मिति जेष्ठ वदी रोज शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **योगबाशिष्ठ्यसार :** योगशास्त्रबाट नै

इन्द्रिय वश गरी जीव मुक्त हुनसक्छ भन्ने योगदर्शनको बयान रहेको योग बशिष्ठ्यसारका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ३२ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति श्री सम्बत् १९१९ साल कार्तिक सुदी ११ रोज १ तस्मीन दीने लीषितं ॥ श्री लीषनार्थे पद्मदास भक्त"** लेखेको छ। **रामगीता :** राम गीताका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको १० पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् १८९० साल ... लिषित्य वैशाख सुदी ५ रोज ३ शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **शिवगीताः** पद्मपुराण अन्तर्गतको शिवगीताका १६ अध्यायको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ११२ पत्रको ग्रन्थ अपूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९०९ साल मिति भाद्र शुदि ५ रोज ६ शुभम्"** लेखेको छ तर ग्रन्थमा लेखकको नाम छैन।

व्याकरण विषयको १ मात्र नेपाली भाषामा रहेको ग्रन्थमा लेखन समय छैन भने संगीत विषयका ८ ग्रन्थ मध्ये एउटामा लेखन समय छ। **संगीतदर्पणः** आत्मतत्व, ज्ञानप्रकाश, योगप्रकाश, योगवाशिष्ठ्यसार, रागमाला एवं बिभिन्न रोगको औषधि गर्ने तारिका आदि रहेको १८८ पत्रको ग्रन्थमा आदिको आत्मतत्व प्रकाशमा प्रारम्भका केही पत्रहरू छैनन् भने अरु बाँकी ग्रन्थ पूर्ण छन्। लेखन समय १८८८ देखिन्छ भने लेखक चाहिँ हरिको दास, हरि दास भन्ने लेखेको छ।

स्तोत्र विषयका २६ ग्रन्थमध्ये ८ वटामा लेखन समय छ। **गजेन्द्रमोक्ष :** भागवतको गजेन्द्रमोक्षका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २४ पत्रको ग्रन्थ अपूर्ण छ। अन्त्यमा **साके १७७९ सम्बत् १९१४ साल मिति मार्ग शुदी ७ रोज २ मा ... लाल उपाध्या सर्मण शुभम्"** लेखेको छ। **गजेन्द्रमोक्ष :** भागवतको गजेन्द्रमोक्षको मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको २० पत्रको ग्रन्थ पूर्ण छ। आदिको पत्रमा **"घननाथस्येदम् पुस्तकम्"** लेखेको छ। अन्त्यमा **"श्री शाके १७७१ श्री सम्बत् १९०६ जेष्ठ कृष्ण षष्ठम्यां चन्द्रबासरे"** लेखेको छ तर ग्रन्थमा लेखकको नाम छैन। **चण्डी गोर्षाभाषा :** दुर्गाशप्तशतीको नेपाली भाषा टीका दिइएको ४२ पत्रको ग्रन्थपूर्ण छ। अन्त्यमा **"इति सम्बत् १९०४ साल मिति श्रावण वदी ११ रोज ७ लेषनार्थे पदमदास"** लेखेको छ। **मानसिगीत :** हिन्दी ब्रज भाषा मिश्रित विभिन्न रागका भजनहरू रहेका ३७ पत्रको ग्रन्थ पूर्ण छ। प्रारम्भमा **"श्री महाराज राजेन्द्र विक्रम साहव विजयकाज ॥ भाषत सेवक सिंहवीर पद, भक्ति भजनकि साज ॥ ३ ॥"** भन्ने र आदिको कवर पृष्ठमा **"सिंहविर सुवेदारले चह्रायाको मानिसी गीता"** र अन्त्यमा **"सम्बत् १८९१ कार्तिक**

शुदि १५ शुभम्" लेखेको छ। **बधुशिक्षा स्त्रोत्रम् :** धार्मिक मान्यता अनुसार बुहारीले गर्नुपर्ने कर्तव्यको बयान गरिएका शार्दुलविक्रीडित छन्दको १७ वटा नेपाली भाषा श्लोक रहेको ३ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"इति सत्कवि विरचितायां वधु सिक्षः इति सम्बत् १९१३ साल मिति श्रावण वदी २ रोज ७ शुभम्"** लेखेको छ तर लेखकको नाम छैन। **शुकाष्टक :** शुकाष्टकका आठवटा संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका रहेको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री नारायण सं. १९४१ साल भाद्र कृष्न ३० शुभ"** लेखेको छ तर लेखकको नाम छैन। **सप्तशती (भाषार्थ सहित) :** दुर्गासप्तशतीका मूल संस्कृत श्लोक र त्यसको नेपाली भाषा टीका दिइएको ८५ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"सम्बत् १८७० शाके १७.. साल मिति ज्येष्ठ शुदि ... रोज शुक्रवासरे"** लेखेको छ तर लेखकको नाम छैन। **सप्तशती :** दुर्गासप्तशतीका नाममा मूल लगतमा दर्ता भए तापनि यो ग्रन्थ निरन्जन गोरक्षशतकको हो। यसमा हिन्दी ब्रज भाषा मिश्रित भजन रहेका छन्। ३ पत्रको ग्रन्थ पूर्ण छ। अन्त्यमा **"श्री सम्बत् १८९१ साल मिति आषाड वदि ॥१०॥ रोज ॥३॥ इति श्री लेषन्याको नाम पद्म दास हो ॥ शुभम् ॥"** लेखेको छ।

अभिलेख अध्ययन

- डा. दिनेशचन्द्र रेग्मी*

परिचय

नेपाली भाषाका अभिलेख, अभिलेखन र अभिलेख्य जस्ता शब्द अनेक अर्थ र प्रसंगमा प्रयोग गरिन्छन् । प्राविधिक रूपमा भन्नुपर्दा **अभिलेख** वा एपिग्राफी प्रस्तर, धातु जस्ता कडा वस्तुमा कपेको पुरानो लेखोट हो । ताडपत्र, भोजपत्र, छाला जस्ता नरमवस्तुको सतहमा मसीले लेखिएको पुरानो हाते लेखोट **पाण्डुलिपि** भनिन्छ । कुनै भाषालाई व्यक्तगर्ने व्यवस्थित अक्षर चिन्हहरूको लेखोटको प्रस्तुति **लेखन** हो । पुराना **लेखनप्रति** रूचि लिने अध्ययन **पुरालेखन** वा प्यालियोग्राफी हो। तर नेपालको सन्दर्भमा अभिलेख संरक्षण ऐनले अभिलेख भन्नाले अभिलेखको रूपमा सुरक्षित राखिएका कागजात र अभिलेखालयमा दर्ता भएका कागजातलाई जनाउँछ भन्ने उल्लेख गरेको छ। यस प्रकार अभिलेख शब्दका दुई प्रकारका अर्थ लगाउने गरेको पाइन्छ। प्रस्तुत लेखमा अभिलेखमा पहिलो प्रकारको अभिलेखीय सामाग्रीको चर्चा गरिएको छ ।

अभिलेख अध्ययन वा एपिग्राफीले पुराना अभिलेख पढ्ने अर्थात् कुनै प्रचलित लिपिमा अनुवाद वा लिप्यन्तर गर्ने, व्याख्या र वर्गीकरण गर्ने काम गर्छ। पुरालेखन पुराना लेखनपद्धतिको अर्थात् लेखनको इतिहासको अध्ययन गर्ने काम यसैको हो। दुवैको सरोकारको विषय लेखन वा लिपि हो। पाण्डुलिपिका माध्यम प्राय : जैविक हुनेहुनाले नाशवान् हुन्छन् । स्पष्ट छ, ती धेरै पुराना पाइँदैनन् । शिलास्तम्भ, शिलापत्र, शिलामूर्ति र ताम्रपत्र जस्ता चिरस्थायी माध्यमको सतहमा प्वाल पारी अक्षर कुँदिएका वा धातुमूर्त्ति र सिक्काको सतहमाथि उभाड आउनेगरी लेखिएका अभिलेखमा नै प्राचीनतम लेखोटका नमूना सुरक्षित रहने गर्छन् ।

गत शताब्दीसम्म कडा पदार्थमा कुँदिएको लेखोटको अध्ययनलाई एपिग्राफी मानिन्थ्यो र पेपिरस, ताडपत्र, कागत जस्ता नाशवान् वस्तुमा लिखित पाण्डुलिपिको अध्ययनलाई प्यालियोग्राफी मान्ने गरिन्थ्यो। आज यस्तो सोच ठीक मानिदैन। वास्तवमा लेखन/पुरालेखनको आरम्भ र विकासबारे जानकारीका मुख्य स्रोत पुराना अभिलेख नै हुन्। लेखनको निरन्तरता र विकासको अध्ययनको अर्को स्रोत पाण्डुलिपि हो, जो केही पछिदेखि पाइन्छन्। यी दुवै लेखोटका माध्यम मात्र

* *प्राध्यापक नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रिय*

हुन्। लेखनको अभावमा दुबैथरि अध्ययन संभव हुँदैन। अभिलेख र पाण्डुलिपि दुबै लेखोट पुरातात्त्विक र ऐतिहासिक महत्वका हुन्छन् र राजनीतिक, आर्थिक, धार्मिक, साँस्कृतिक र सामाजिक इतिहासको अध्ययनका आधार बनाइन्छन्।

अभिलेख अध्ययन

अभिलेख अध्ययनको पहिलो काम अभिलेख पढ्नु हो जसको लागि पुरालेखनको जानकारी आवश्यक हुन्छ। लेखनमा लामो निरन्तरता र परम्पराको अध्ययन गर्न काठमाडौं उपत्यकामा पर्याप्त स्रोत विद्यमान छन्। यिनबाट यहाँ अनेकौं मौलिक प्रयोग भएको तथ्य पनि थाहा पाइन्छ। ईसवीको पाँचौ शताब्दीदेखि दशौं शताब्दीसम्मका अभिलेखहरूका लेखावटबाटै लिच्छिवि लिपिका व्युत्पत्ति, विशेषताहरू र लेखनको विकासक्रमको अध्ययन संभव भएको छ। ईशवीको एघारौं शताब्दीदेखि अठारौं शताब्दीका अभिलेख र पाण्डुलिपिको आधारमा विभिन्न शैलीका नेवारी लिपिहरूको, व्युत्पत्ति, विकास र विशेषताहरूबारे अध्ययन गर्न सकिन्छ।

अभिलेख पढ्न भाषाज्ञान निकै सहायक हुन्छ। भाषाबारे जानकारी नहुँदा नै काठमाडौं उपत्यका र वरिपरिका प्राचीन शिलालेखहरूमा उल्लिखित कतिपय संस्कृतेतर शब्दहरूको समुचित व्याख्या संभव भएको छैन। १८३७ ई. भन्दा अघिसम्म अशोकका पालीभाषाका अभिलेख पढ्न सकिएका थिएनन्। त्यसका अनेक कारणमध्ये एक थियो अभिलेखको भाषा संस्कृत रहेको मान्यता।

अभिलेख पढ्ने प्रसंगमा अरूले पढेको गलत प्रतीत हुने पाठ सच्याउने काम पनि महत्वपूर्ण हुन्छ। अभिलेखमा पाप्रो उप्केको, फुटेको वा खिइएको कारण पढ्न नसकिएका अक्षर वा पदको अनुमान पनि गर्नुपर्ने हुन्छ। यसरी सच्याउने र अक्षर वा पदको अनुमानको आधारमा तिनबाट निष्कने अर्थलाई लिएर विभिन्न धारणाको विकास भएको छ र तिनको व्याख्या संभव हुनेगरेको छ।

अभिलेखको व्याख्या

कहाँ र कुन अवस्थामा अभिलेख प्राप्त भयो भन्ने प्रश्नको उत्तरमा मात्र अभिलेखको व्याख्या सिमित रहँदैन। अभिलेखको माध्यम, आकार प्रकार, लिपि र लेखावट, भाषा, शैली, प्रकृति र शब्द वा संकेतमा अभिव्यक्ति बारे छलफल गर्नु पनि यस प्रसंगमा आवश्यक हुन्छ। प्रस्तरमा शिलापत्र, स्तम्भ, मूर्ति र शिवलिंगको पादपीठ तथा धातुमा ताम्रपत्र, मूर्ति घण्टा र सिक्का वा टक नेपालमा अभिलेखका बढी लोकप्रिय माध्यम हुन्। मूर्ति र शिवलिंग झैं यहाँका शिलापत्रको निर्माणमा कलाकारिता छर्लंग देखिन्छ। सिलौटाको

आकारको शिलापत्रमा घोटेर चिल्लो बनाइएको सतहको माथिल्लो गोल भागमा धार्मिक पशु वा चिन्ह र किनारामा फूलबुट्टा वा ज्वालाबली कुँदिएका हुन्छन्। यी सबै व्याख्याका विषय हुनक्छन्।

अभिलेखको अर्को माध्यम प्रस्तरको स्तम्भ (खामो) हो। लुम्बिनी र निग्लीहवाका स्तम्भ घोटेर चिल्याइएका र माथितिर पातलिँदै गएका बेलनाकार (डोला) छन्। लुम्बिनीस्तम्भ ५.३१ मीटर अग्लो छ। गाडिएको फेद र भाँच्चिएको मूलभाग गरी निग्लीहवाको स्तम्भ दुई भागमा टुक्रिएको छ। अन्यत्र अशोकस्तम्भका शीर्षभागमा कुनै पशुका मूर्ति हुन्छन् र अझ अग्ला छन्। यहाँ दुवै ठाउँमा शीर्षभाग फुटेर हराएको छ। नजिकै उत्खननमा प्राप्त बट्टा काटिएको खण्डित प्रस्तरखण्डलाई शीर्षभागको मानी लुम्बिनीस्तम्भको फेदमा राखिएको छ। काठमाडौँ उपत्यकामा पनि चारपाटे स्तम्भको चलन थियो। मूर्तिको र शिवलिंगको तल्लो भाग अर्थात् क्रमशः पादपीठ र जलहरी तथा कलात्मक ढुंगेधाराका पाटा पनि नेपाली अभिलेखका लोकप्रिय माध्यम हुन्।

तामाको पातलो पाता अर्थात् ताम्रपत्र र सिक्का वा टक निकै लोकप्रिय धातुलेख हुन्। धातुमूर्तिको तल्लो भाग वा पादपीठमा, ढलौट घण्टाको वरिपरि र साँचामा ढालेर बनाइएका टकमा सतहमाथि उठेका ससाना लेखोट पाइन्छन्। घण्टामा प्राय : विन्दुयुक्त किनारा भएका गोल आकारका तामा र चाँदीका टकमा ससाना लेख हुन्छन् जसमा पदवीसहित राजा र देवदेवीका नाम हुन्छन्।

अभिलेखको लिपि, लेखनशैली, भाषा र प्रकारबारे चर्चाको साथसाथै लिखित वाक्यको अभिव्यक्ति, पारिभाषिक शब्द, संक्षेपीकरण र संकेतमा व्यक्त अभिव्यक्तिका कुराहरू पनि व्याख्या अन्तर्गत पर्दछन्। यस प्रसंगमा कतै भारतका समसामयिक अभिलेखको संझना र तुलना पनि गर्नुपर्ने हुनसक्छ। नेपालका अभिलेखहरूमध्ये लुम्बिनी र निग्लीहवाका स्तम्भलेखमा अशोककालीन ब्राह्मीलिपिमा पालीप्राकृत भाषा र काठमाडौ उपत्यकाका अभिलेखहरूमा लिच्छिवि लिपि, अनेक शैलीका नेवारी लिपि र तिनमा संस्कृत र नेपालभाषा कुँदिएका छन्।

अभिलेखको वर्गीकरण/प्रकार

अभिलेखको वर्गीकरणको अर्थ माध्यम, पुरालेखनको प्रकृति, कालक्रम र अभिव्यक्त विषय हेरी तिनको वर्गविभाजन गर्नु हो। नेपलका अभिलेख शासकका पनि पाइन्छन्, खर्च गर्नसक्ने अन्य व्यक्तिका पनि। अभिलेखले राजनीतिक, सामाजिक, आर्थिक धार्मिक वा साँस्कृतिक कुन पक्षमाथि प्रकाश पारेको छ भन्ने कुरामा पनि

पाठकको रूचि हुनसक्छ। अभिलेखलाई मात्र राजनीतिक उपकरण वा कालक्रम निर्धारण गर्ने साधन मान्नु हुँदैन। तिनबाट अन्य पक्षहरूमा पनि प्रकाश पारेको हुनसक्छ।

शासकका थरिथरिका अभिलेख हुन्छन्। जितबाजी वा धार्मिक अवसरमा राजाले आफ्नो सुन्दरता, बहादुरी र बुद्धिमत्ताको बयान गर्दै प्राय : पद्यमा कुँदाएर राखेका **प्रशस्ति** एकथरिका अभिलेख हुन्। मानदेवको चाँगुनारायण स्तम्भलेख, जयदेवको पशुपति शिलापत्र र प्रतापमल्लको हनुमान्ढोका अगाडि कृष्णदेवलको शिलापत्र प्रशस्तिका राम्रा उदाहरण हुन्। मानदेवको सुन्दर र प्रौढ पदावली भएको चाँगुनारायण प्रशस्ति (४६४ ई.) मा शार्दूलविक्रीडित छन्दका १९ पद्य (श्लोक) छन्। संयोगको कुरा के हो भने धेरै पछि नेपालीका आदिकवि भानुभक्तले पनि आफ्नो रामायणको आरम्भ यसै छन्दमा गरेका छन्।

अन्य थरिका अभिलेख थितिबन्देज, नियमकानून बारे राजाको आदेश जस्ता प्रशासनिक प्रकृतिका हुन्छन्। प्राचीन अभिलेखहरूमा ढुंगाका यस्ता अभिलेखलाई **शिलापट्टकाशन** र ताम्रपत्रलाई **ताम्रशानपट्ट** भनिएको छ। यस्ता अभिलेखमा विभिन्न कार्यालय, पदाधिकारी र तिनका कर्त्तव्यको उल्लेख पाइन्छ। केहीमा शासकले रिझाएबापत कुनै गाउँमा बस्ने रैतीलाई विशेष निगाह वा प्रसाद गरिएको हुन्छ। लिच्छविकालमा यस्ता अभिलेखहरूलाई **प्रसादशासन** भनिन्छ। यस्ता निगाह विभिन्न किसिमले गरिएका छन्। कुनैमा कर उठाउने सरकारी कर्मचारीलाई गाउँमा पस्न नदिने निगाह गरिएको छ र कुनैमा गाउँलाई कोट्टमर्यादा अर्थात् कोटले पाउने सुविधा दिइएको छ, केहीमा बग्गी, गाडा र साँढे पस्न नपाउने गरी कृपा गरिएको छ भने कुनै गाउँका महिलालाई सुनका गहना लाउन पाउने निगाह गरिएको छ।

यी दुवै थरि अभिलेखहरूका आरम्भ र अन्त्य निर्धारित बेहोरा वा फरमुलामा गरिएका हुन्छन्। आरम्भका कल्याणकामना (स्वस्ति) गरेपछि क्रमशः राजदरबार ... बाट, उपाधिसहित राजाको नाम, उनलाई संचो रहेको बेहोरा, सम्बोधन गरिएको गाउँमा बस्ने जनतालाई 'संचोविसंचो सोधेर' भन्ने बेहोरापछि मात्र 'राजा आज्ञा गर्छ' भनेर थितिबन्देज वा निगाहको विषय उठाइएको हुन्छ। त्यसपछि अन्तमा संवत् महिना, चान्द्र पक्ष, तिथि र दूतक अर्थात् राजकीय आज्ञालाई प्रमाणित गर्ने राजप्रतिनिधिको पदसहित नाम रहन्छ।

केहीमा शासकहरूका बीचको संझौता हुन्छ, जसमा मिलेर गर्नपर्ने र गर्न नहुने शर्तहरू कुँदिएका हुन्छन्। यस्ता अभिलेख **सन्धिपत्र** भनिन्छन्। प्राय : सबै सन्धिपत्र मल्लकालका पाइन्छन् जो सुनको मोलम्मा चढाइएको ताम्रपत्रमा नेवारी

लिपिमा र प्रायः नेपालभाषामा कुँदिएका पाइन्छन्। देवदेवीका नामबाट सुरु गरिने सन्धिपत्रका अन्तमा समझदारी विपरीत गर्ने पक्षलाई देवदेवीको कुदृष्टि पर्ने धम्की, दृष्टिसाक्षी र तिथि पाइन्छन्। अधिकांश सन्धिपत्रको विषय काठमाडौं उपत्यकाका राज्यहरूका बीच राजनीतिक सहमति हुन्छ। भक्तपुर र ललितपुरका राजा क्रमशः भूपतीन्द्र मल्ल र योगनरेन्द्र मल्लले नेपालसंवत् ८२२ (१७०२ ई.) को सुनौलो ताम्रपत्रमा कान्तिपुरको विरूद्ध मोर्चा बाँध्ने सहमति भएको छ। यसो गर्न त्यहाँ उपत्यका बाहिरका गोरखा, मकवानपुर र अन्य एक राज्य समेत तीन राज्यहरूको सहयोग मिलेको कुरा छ। यसमा ललितपुर कान्तिपुरसँग मिल्न गएमा जफत गरी आपसमा बाँडिलिने शर्तमा ललितपुरका राजाबाट चालीस हजार रुपैया धरौटी लिएको र त्यसो भएमा सबै मिलि ललितपुरलाई दबाउने सहमति पाइन्छ। नेपालसंवत् ८२३ (१७०३ ई.) को अर्को सन्धिपत्रमा ललितपुरलाई दबाउन भक्तपुर र कान्तिपुर मिलेका छन्। यस अनुसार भक्तपुरले अन्य राज्यबाट मदत माग्न नहुने र ललितपुरको लागि बाटो खोल्न नहुने शर्तमा कान्तिपुरले छत्तीस हजार मोहर र केही जग्गा धरौटी दिएको छ। भक्तपुरका जितामित्र मल्ल र ललित़पुरका योगनरेन्द्र मल्लको नेपालसंवत् ८१६ (१६९३ ई.) को ताम्रपत्र बिरलै पाइने धार्मिक र सामाजिक महत्वको सन्धिपत्र हो। यसमा दुवै राज्यले एक अर्कोका धार्मिक कृत्य, कर्मकाण्ड, विधिविधान र परम्परामा हस्तक्षेप नगर्ने कुरामा सहमति जनाएका छन्।

केही अभिलेखको विषय भूमिदान र नगद दानसँग सम्बन्धित हुन्छ। दानसम्बन्धी शासकीय अभिलेखलाई **दानशासन** भन्न सकिन्छ। लिच्छविकालका दानशासनको आरम्भ र अन्तको बेहोरा शिलापट्टकशासन र प्रसादशासनको समान हुन्छ। यसका मूल विषयमा दान पाउनेको कर्तव्य, जग्गाका चार किल्ला र परिमाण वा ठेकिएको कुतको उल्लेख गरेपछि दानको प्रशंसा, दाताले पाउने पुण्यको बखान र दानको जग्गा हिनामिना गर्ने वा मास्ने व्यक्तिले लामो कालसम्म नरकमा दुःख पाउने आशयको पुराणको उद्धरण दिइएको हुन्छ। दान दिइएका जग्गा रहेका धेरैजसो गाउँलाई कोटको दर्जा दिइ मालपोत उठाउने कर्मचारीले जान नपाउने गरी निगाह गरिएको हुन्छ। दानशासनमा अनेकौं पारिभाषिक शब्दहरू र ठाऊँ, नदी, कुलो, डाँडा, विहार र मन्दिरका नामको उल्लेख पाइन्छ। यिनमध्ये केही शब्द संस्कृत भाषाका होइनन्।

मल्लकालीन दानशासन प्राय : सुनको मोलम्मा लगाइएको ताम्रपत्रमा पाइन्छ। यसको आरम्भमा तिथि, नक्षत्र योग मुहूर्त्त, वार, सूर्य र चन्द्रका राशि, जग्गाका चारकिल्ला, क्षेत्रफल र दानको

उद्देश्य सहितको संस्कृत भाषाको संकल्पवाक्यको साथसाथ जग्गाको हिनामिना गर्नेलाई नरकवास हुने पौराणिक चेतावनी र त्यसपछि नेपाल भाषामा दानको उद्देश्य, जग्गाको सीमा, दान पाउनेको कर्त्तव्य दानको प्रशंसा र हिनामिना गर्नेलाई चेतावनी दिइएको हुन्छ। व्यक्तिगत दानको चर्चा गर्ने अभिलेखलाई **दानपत्र** भन्न सकिन्छ। यिनमा व्यावहारिक भाषामा प्रायः संवत्, राजाको र दाताको नाम, जग्गाको परिमाण, विवरण र दानको उद्देश्य हुन्छ।

ईसवीको पाँचौ शताब्दीदेखिका मूर्ति, शिवलिंग र ढुंगेधारामा यस्ता अभिलेख पाइन्छन् जसमा कसैको संझनाको अभिलेखन हुन्छ। त्यस्तालाई **संस्मरणात्मक** अभिलेख भन्न सकिन्छ। आकारमा साना हुने यस्ता अभिलेख राजा, रानी वा सर्वसाधारणका पनि हुनसक्छन्। यस्ता अभिलेखमा पूजा र व्यवस्थापनको लागि जग्गा छुट्याउने, अक्षयनीवी अर्थात् कहिल्यै नास नहुने गरी राखिने गुठीको र राजाको उल्लेख गर्ने चलन पाइन्छ।

कुनै व्यक्तिको स्मरण गर्दै उसले पुण्य वा सद्‌गति पाओस् भन्ने कामना गरी उसकै नाममा **ईश्वर** शब्द जोडेर स्थापित शिवलिंग वा मन्दिरको नाम राख्ने चलन काठमाडौं उपत्यकामा पछिसम्म कायम रहेको छ। व्यापारी रत्नसंघले आफ्नै पुण्यवृद्धिको कामना गरी स्थापित शिवलिंगको नाउँ रत्नेश्वर र प्रभुसंघ नाउँका आफन्तको संझनामा ४८० ई. मा स्थापित शिवलिंगलाई प्रभुकेश्वर नाम दिएका छन्। शिवदेव द्वितीय र यक्षमल्लले आफ्नै कल्याणकामना गरी क्रमशः शिवदेवेश्वर र यक्षेश्वर मन्दिरको निर्माण गराएका थिए। रणबहादुरशाहको सद्‌गतिको कामना गरी काठमाडौंको रणमुक्तेश्वरको निर्माण गरिएको थियो।

अभिलेखका वर्गीकरणका विषयगत माध्यम बाहेक विशिष्ट लेखनशैली, भाषाशैली, धर्म, कालक्रम जस्ता अनेकौं आधारहरू हुनसक्छन्। किनभने यहाँका अभिलेखहरूमा अनेक किसिमका लेखन र भाषाशैली पाइन्छन्, काव्यमय र प्रौढ गद्य र पद्य पनि पाइन्छन् र व्यावहारिक भाषाका अभिव्यक्ति पनि। हिन्दु र बौद्ध धर्मसँग सम्बन्धित पक्ष पनि अभिलेखका विषय हुनसक्छन्। अभिलेखहरूको मोटो विभाजन कालक्रमको हिसाबले लिच्छवि, पूर्वमध्यकाल, मल्लकाल र शाहकाल भनेर गर्ने गरिन्छ।

उन्नाइशौं शताब्दीको उत्तरार्धदेखि नेपालमा पनि पुरालेखको तुलनामा अभिलेखले बढी स्थान पाएको छ। ई. सन् १८८० देखि काठमाडौं उपत्यकामा र १८९६ मा लुम्बिनी र निगिलहवामा पहिलोपल्ट केही अभिलेखहरू पढिए। त्यसपछि अभिलेखहरूको प्रकाशमा आउनेक्रम जारी रहेको छ। पाइएका

अभिलेखको लिप्यन्तर गरी संक्षिप्त टिप्पणीको साथ प्रकाशित गर्ने चलन बढी पाइन्छ। अधिकतर व्याख्या/टिप्पणीमा राजवंशको पारिवारिक सम्बन्ध र आनुवंशिक इतिहासमा रूचि देखाइन्छ, कुनै तिथिविहीन लेखोटको तिथिनिर्धारण गर्दा मात्र पुरालेखनको चर्चा गरिन्छ र अन्य पक्षहरूमा भने टिप्पणी प्रायः मौन रहन्छ। अनुवाद र विस्तृत टिप्पणीसहित अभिलेखको पाठ छपाउने सम्पादक निकै कम छन्। अभिलेख अध्ययनका अनेकौं पक्ष अझै अनुसन्धानबाट टाढिएका छन्।

अझै हामीकहाँ इतिहासको अर्थ राजवंशको कथा भन्ने बुझिन्छ। तथ्य र घटनाहरूको संग्रहमात्र पनि इतिहास होइन। इतिहास त तथ्य र घटनाहरूको व्याख्या हो जो समसामयिक आधारमा र सामग्रीमा गरिनुपर्दछ। यहाँ भने प्राचीन इतिहासको प्रसंगमा पनि पुरालेखन र पुरातत्वभन्दा बढी मान्यता ईसवीका चौधौं शताब्दी र अठारौं शताब्दीहरूको बीचमा संग्रह गरिएको वंशावलीसाहित्यलाई दिने गरिन्छ। तथ्य र घटनाहरूको सम्बन्ध हरेक सामाजिक क्रियाकलापसँग हुनेगर्छ। वास्तवमा समाजको इतिहासको सम्बन्ध राजनीतिमात्र नभै समाजको आर्थिक आधार, धर्म, संस्कृति र कलासँग पनि रहन्छ।

अभिलेखको सांस्कृतिक महत्व

अभिलेखको पनि लेखन/पुरालेखनको समान सांस्कृतिक महत्व हुन्छ। स्वयं यी दुवैको विकास विशेष सांस्कृतिक परिवेशमा हुन्छ। यिनको अध्ययन सांस्कृतिक विकासको पृष्ठभूमिमा गरिन्छ। काठमाडौं उपत्यका वरिपरि पाइने नेपालका अभिलेखहरूमा पुरालेखन र धार्मिक सांस्कृतिक पक्षहरूमा प्रकाश पार्ने लेखाइ, अभिव्यक्ति चिन्ह र प्रतीकहरूको अभाव छैन। प्राचीन अभिलेख किन संस्कृतमा लेखिए भने प्रश्नको साथसाथ कसरी काठमाडौं उपत्यकामा सोह्र सय वर्ष अघिदेखि भाषा, लेखन र अभिलेख धर्म, कला जस्ता सांस्कृतिक परम्पराको इतिहासका भौतिक आधार पाइन्छन् भन्ने प्रश्नको अधिकांश उत्तर अभिलेखहरूमा पाइनसक्छ।

वास्तवमा नेपालका अभिलेखहरू भाषा, साहित्य, कला, धर्म र दर्शन, सामाजिक र आर्थिक अवस्था जस्ता सांस्कृतिक अध्ययनका समसामयिक र प्रामाणिक स्रोत हुन्। लिच्छवि लिपिका अभिलेखहरूको भाषा संस्कृति छ र गुप्तकालीन (चौथो-छैठौं शताब्दी) भारतका लेखोटका समान शुद्ध, परिष्कृत र काव्यगुणयुक्त छ। नेपाल भाषाको इतिहासको अधययनमा मल्लकालीन अभिलेखको आफ्नो विशिष्ट महत्व छ। कतिपय अभिलेखहरूमा मैथिली भाषाका

सुन्दर कविता पनि पाइन्छन्। यहाँका अभिलेखहरू स्वयं कलाका माध्यम बनेका छन्। माथि भनिएझैँ कतिपय अभिलेखहरू मूर्ति, शिवलिंग, ढुंगेधारा र स्तम्भ जस्ता कलाकृतिमै कुँदिएका छन्। यिनबाट विभिन्न कालमा प्रचलित धर्म, तिनका प्रकृति, कर्मकाण्ड र दर्शन, मठ, विहार र मन्दिर, जात्रा/पर्व र धार्मिकसहिष्णुता र धार्मिक द्वन्द्वका बारेमा जानकारी पाइन्छ। लिच्छविकालमा नेपालीहरू १८ समुदायहरूमा विभक्त रहेका, शासकहरू वर्णव्यवस्थाका पक्षपाती रहेका र समाजमा गोष्ठी जस्तो सामाजिक महत्वको संगठन रहेको जानकारी अभिलेखहरूबाट पाइएको छ।

कमी, कमजोरी र त्रुटि

यति महत्वपूर्ण हुँदाहुँदै पनि अभिलेखमा केही कमी, कमजोरी र त्रुटी हुनसक्छन् भन्ने तथ्यबारे पनि अभिलेख अध्येताको ध्यान जानुपर्छ। अभिलेखहरूका लाक्षणिक शैली, चाकडी र दम्भ देखाउने अतिरंजित वर्णन, इतिहासप्रतिको तत्कालीन (फरक) धारणा, अपर्याप्त र असन्तुलित सूचना, कालक्रमप्रति निरपेक्षता र लिपिक र कालीगढको गल्ती यस्ता केही कमी, कमजोरी र त्रुटि हुन्। मानदेवको चाँगुनारायण प्रशस्तिमा उसले पूर्वदेश र मल्लपुरीका सामन्तहरूलाई कज्याएको त उल्लेख छ तर ती ठाउँ कहाँ थिए भन्ने सूचना दिइएको छैन। सं. ४२५ (५०३ ई.) को पलाञ्चोकको व्यक्तिगत अभिलेखमा मानदेवलाई एक शय वर्षभन्दा पनि बढी समयदेखि शासन गरिरहेका भनिएको छ। अभिलेखमा प्रायः राजाका गुण र चरित्रलाई बढाइएको र पराजयलाई लुकाइएको हुन्छ। कतिपय अभिलेखमा उल्लिखित वंशावलीमा महत्वपूर्ण नाम छुट्याइएका पाइन्छन्। कहिलेकाहिँ एउटै अभिलेखमा अन्यथरिको लेखावट पाइन सकिन्छ। अध्ययन गर्दा यस्ता कुराहरूमा ध्यान पुऱ्याइनु आवश्यक हुन्छ।

भूमिसम्बन्धी केही तमसूक ताडपत्र

- सिद्धिरत्न शाक्ययभिक्षु*

मल्लकालमा ताडपत्रमा लेखिएका घरखेत किनबेच, पैसा लेनदेन, गुठी आदिसँग सम्बन्धित अभिलेखहरू राष्ट्रिय अभिलेखालयमा संग्रहीत छन्। मूलप्रति नै संग्रह गरिएका ताडपत्र अभिलेखहरू ७३ वटा बट्टामा राखिएको छ। यस्ता थप ताडपत्र अभिलेखहरू माइक्रोफिल्ममा पनि संग्रह गरिएका छन्। यी तमसूक ताडपत्र अभिलेखका सामान्य विवरण "भूमि सम्बन्धी "तमसूक" मा र केही पूर्णिमा तथा अन्य पत्रपत्रिकामा पनि प्रकाशित छन्। तर यस विषयमा रुचि राख्ने पाठकवर्गलाई सहयोग पुगोस् भन्ने उद्देश्यबाट नेपाल भाषा र संस्कृत भाषामा भएका ती अभिलेखहरूको नेपाली भाषामा परिचय सहित अभिलेखालयको संकलनमा रहेको सम्पूर्ण अभिलेखहरूलाई क्रमशः प्रकाशित गर्ने लक्ष्य अनुसार यस अंकमा कान्तिपुरका २४ थान, ललितपुरका १ थान र भक्तपुरका १ थान गरी जम्मा २६ थान तमसुक प्रस्तुत गरिएका छन्। यस अंकमा समावेश ताडपत्र अभिलेखहरूमा कान्तिपुरको ज(य)क्ष मल्ल (ने.सं. ५९८ प.नं. १०५५), पत्र नं १०२६, राजा प्रताप मल्ल (ने.सं. ७८१ प.नं. १०४५) को साथै दृष्टसाक्षिमा नारायण मल्ल (ने.सं. ७८१ प.नं. १०४५), उल्लेख भएका ताडपत्रहरू छन् भने प्रधानांग पात्र श्री जयजुतपाल आपस वर्मन, प्रधानांगपात्र, उजोताल वर्मनको उल्लेख भएका छन्।

यस्तै विभिन्न टोलहरूमा तेदो बहार, तेतवाहार, नकविहारी, गोफले तोल, ओतु तोल, तओध वाहार, कीर्तिपुण्यमहाविहार, वतुं, वंथबहार, लुञ्जुगलटोलहरू छन् भने थरहरूमा श्रृखिलिकार, श्रृंषिरिकार, श्रृखलीकार, शृंखलीकार भिक्षु, मालाकार, माणघर, दोय इत्यादि समावेश छन्। यी टोलहरू र थरहरू मध्येमा यहाँ **तेबहाल टोल र त्यहाँका सिखराकार** थरको संक्षिप्त अध्ययन प्रस्तुत गरिन्छ।

तेबहाल :-

तेबाहाल का.म.न.पा. वडा नं. २२ मा पर्दछ (आर.एन.सि. विल्डिग) को पछाडिको बहाल। टेबहाल भित्र मानदेव पालाको एउटा र अंशुवर्मा नरेन्द्रदेव पालाको लिच्छविकालका २ ओटा अभिलेखहरू पाइएबाट यस टेबहाल लिच्छिविकालीन बस्ति भएको जानकारी हुन्छ। यस बहालभित्र अक्षभ्य तथागत क्वाचपाल देवता भएका दुइ ओटा विहारहरू छन्। श्री राजकीर्ति महाबिहार र श्री वन्धुदत्त विहार। राजा नरेन्द्रदेवले बन्धुदत्त आचार्यको निमित्त यस विहार निर्माण गरि दिएका थिए भनिन्छ। यस स्थानको प्रमाणित रूपमा पाइएको

** लिपिसहायकः राष्ट्रिय अभिलेखालय*

सबभन्दा पुरानो नाउँ तेडो बहार हो (ने.सं. ४३४ पत्र नं. १०१५) नेवार भाषा एकाक्षरी स्वभाव भएको र शब्दहरूलाई प्रायः छोटो गरी बोलिने चलन अनुसार "खोकना" को "क" लोपभई "खोना" र कीर्तिपुर को "र्ति" लोपभई "कीपू" लेख्ने भन्ने गरिए जस्तै मल्लकालमा विभिन्न समयमा यस स्थानलाई तेन्दु बाहाल, तेतबाहार, तेदु बाहाला इत्यादि जे लेखिए तापनि तेदो बाहरमा भएको शब्द "तेडो" को "डो" शब्द लोप भएर "टेबहाल" हुन आएको देखिन आउँछ।

टेडोविहार - ने.सं. ४३४ (पत्र नं. १०१५)
- ने.सं. ५४९ (पत्र नं. १०२८)
- ने.सं. ७११ (पत्र नं. १०५०)

त्यंदुबाहाल - ने.सं. ७१९ (प.नं. १०४६)

तेन्दुबाहार - ने.सं. ७८१ (प.नं. १०४५)

तेदु (महाकार देओ) - ने.सं. ८५३ (बज्राचार्य)

तेतवाहार - ने.सं. ७५७ प.नं. १०५३, (ख)
- ने.सं. ८८(५) (पत्र नं. १०३३)

सिखाकार :-

काठमाडौंका उदास जातीको विभिन्न ७ शाखाजाती जस्तो तुलाधर, कंसाकार, ताम्राकार, स्थापित, शिलाकार, सेलालिक, वनिया, सिन्दुराकर मध्येक एउटा थर शिखाकार हो। ऐतिहासिक प्रमाण अनुसार शिखाकारहरूको बसोवास केवल तेबाहालमा मात्र पाइएको छ। (यस बहालका बज्राचार्यहरू पनि पुराना वासिन्दा हुन्)। यिनीहरूको मूल पेशा छाना छाउने कार्य गर्ने हो। यो कार्य जयस्थिति मल्लबाट बाँधिएका कार्य विभाजन अनुसार भागमा परेको कार्य हो। घरको झिंगटी छानाको कामगर्ने हुनाले शिखराकार भनिएको हो पनि भनिन्छ। अहिलेसम्म पाएको यस थरको पुरानो शब्द (ने.सं. ५५२ मा **श्रृंखलीकार लेखिएको पाइन्छ।** (प.नं. १०४९)

सिखाकारहरू तेबाहालका पाःल्हाः द्यः - चन्दमहारोशन पद्मान्तक देवता (बौद्ध तान्त्रिक भैरव)सँग सम्बन्ध देखिन्छ। अतः यिनीहरू यहाँका पुरानो बासिन्दा हुन सक्ने अनुमान गर्न सकिन्छ। किनभने राजा नरेन्द्रदेवको पालामा पाटनको श्री लोकनाथ (करुणामय्) कामारुकामाक्षबाट नेपाल ल्याउने क्रममा कटुवाल दह(क्वदुवाः) पुग्दा यक्षहरूले अवरोध पुऱ्याएका हुनाले वन्धुदत्त आचार्यबाट दशक्रोध देवताहरू प्रकट गराएका मध्ये पद्मान्तक एक थिए। १२ वर्षको मेलामा पद्मातक देवतालाई यसै स्थानबाट बरुणकलशमा राखी टेवहालमा ल्याउन बज्राचार्यले पूजागरेपछि शिखांकारहरूद्वारा पूजा गरिन्छ। यसपछि मात्र अरूले पूजा गर्न पाउने साथै सोही स्थानदेखि च्वामोल पंखा हम्काइ कलस सँगसँगै टेबहाल ल्याईपुऱ्याइन्छ। अतः अहिलेसम्मको पुरानो निवास यहीं मात्र

देखिएको र टेबहालका पद्मान्त मन्दिरसँग सम्बन्धित पनि देखिएबाट स्रिखाकार पुराना निवासी हुनुपर्ने देखिन्छ। यसबारे थप अनुसन्धान हुनु जरुरी छ।

श्रृंखलीकार - ने.सं. ५५२ - प. नं. १०४९

सिखिलिकार - ने.सं. ५७४ - प. नं. १०२६

श्रृंषरिकार - ने.सं. ६५६ - प. नं. १०४०

श्रृंखिकार - ने.सं. ६६७ - तेबहाल महाकालको शिलापत्रमा लेखिएको

श्रृंषिरिकार - ने.सं. ६८८ - प. नं. १०२७

श्रृंषिरिकार - ने.सं. ७०७ - प. नं. १०४८

यस अंकमा समावेश भएका ताडपत्र तमसूकहरू:

बटा नं. ७० - ने.सं. ५७४ - पत्र नं. १०२६

१. सम्बत ५७४ अशिवनि शुदि १२ प्रधानांग पात्र श्री जयजुतपाला आपस वर्मनसनः श्री तेदो बहार सिखिलि

२. कार जगता भारोसके। ससमण्डलबु नयकव्यायसोदोर पायाकेय शिवका दस सिवकांक

३. सिवका १० सयव ननिया वदिन १४ साखि श्री रथन राजजुस प्रधानांग पात्र श्री उजोतपाल वर्मनस पंदु

४. मुल्मीस एते दृष्ट बयसंत्का निक्षेप दम्म षु ६ जुरो, भुय निक्षेप दम्म २ भुय निक्षेप दम्म १६ शुभ

५. भुय निक्षेप दम्म ६६ थ्वते अंकस सर्ब्व सोाधन धूग्वं। जुरो शुभ

परिचय :

ने.सं. ५७४ (वि.सं. १५१०) अश्विन शुद्धि **१२** मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो। **सिखिलिकार** जगत भारोले पैसा सापटि लिइएको व्यहोराको यस ताडपत्रको साइज २५×३.८ से.मि. को छ। यसमा शिलछाप छैन। व्यहोरामा × चिन्ह राखी काटिएको छ।

बटा नं. ७० - ने.सं. ६८८ - पत्र नं. १०२७

१. शुभ सम्बत ६८८ श्रावण वदि ९ श्री तेदोबहार योताछे भ्राता श्रृषिंरिकार जिकेराज भारोस सयेव तेदो बहार योता छैं भ्राता श्रृंषिरि

२. कार पंदुभारो याके आवद्धि तंत्रा किमडोंरि बु रो ५५ थुतेस बु रो १ पिकत्या ॥ पन्द्रह ओहो लाक तंका। ५ आवदि वर्ष ... यस

३. ओहो ताक तंका जुरों प्रतिरवादे वा पोलस आवद्धि न तया जुरों म्हायस ओहो लाक तंका॥ दृष्ट सापि सयेव तेदो बहार यंकुरि श्रृषिरि

४. कार विजयराज भारो। उति चोता दो॥ तलपत्र मबिय जुरो। शुभं॥

पछाडि लेखिएको :

भुय बुरो छि १ यत ङतया गृहित तेरह ओहो २ टंका १३ बृष ३. ब्वायस टंका जुरो प्रति सेरे पुरस ...

जुरो सम्बत ६(९)७ पौष शुदि १ उचिर चोता दो ॥

भुय छछ बिया तिस ओहो तंका ३० तेदो (छा) त द थ्ववर

या भागपंन भं (जु) रस दुंथङा मडो, मुरपति छायाओ साइडमा लेखिएको किमडो खिवुया उ उचो या ......

परिचय :

ने.सं. ६८८ (वि.सं. १६२५) श्रावण वदि ९ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। श्रृंषिलिकार जिकेराज भारोले खेत वन्धकी राखी पैसा सापटि लिएको ब्यहोराको यस ताडपत्रको साइज २६ × ३.५ से.मि. को छ। यसमा शिलछाप छैन।

बटा नं. ७० - ने.सं. ५४९ - पत्र नं. १०२८

१. श्रेयोस्तु। सम्बत ५४९ भाद्रपद शुद्धि ६ श्री तेदोबहार जगता भरोसन सकासेतः सेव बुदिराज भारो भ्रात्य लुंत

२. राज भा तदुभयस नामनेन शुकीयं शुबुज्यमानिकः सेव योता दुंथो छेदी बछि क्रेविक्रेन काया जुरो, थ्व छेंदी म

३. धकारन चोनडान जगता भारोस सेयकं ता जुरो। अवनलीस श्री राजकुलपात्रकुलादि अपराप्र सुछिनो हङ

४. वतं क्रेविक्रेन चोसन छेंदि थववो जुको बिया दो मदो धासन छो धायनो मदो साक्षि दृष्ट तेजपति भारोस ॥

परिचय :

ने.सं. ५४९ (वि.सं. १४८६)भाद्र शुद्धि ६ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यस ताडपत्र भुजिंमोल लिपिमा लेखिएको छ। छिडीं आधी खरिद गरेको ब्यहोराको यस ताडपत्रको साइज २३.५ × ३.५ से.मि. को छ। यसमा शिलछाप छैन।

बटा नं. ७० - ने.सं. ५७० - पत्र नं. १०२९

१. श्रेयोस्तु ॥ सम्बत ५७० श्रावण शुक्ल स ..... म्यायां तिथौ ॥ श्री यंबुब्रमा श्री गाङ्गलांग श्री तेदो बहार योता गृहाद्धिवासिन आजा श्रृंखलीकार जगता भारो नाम्ने सकासात ॥ सयवबहार गृहाद्धिवासिन छुय श्रृंखलीकार राजराम भरोस नाम्ने शुकयिं शुबुजेमानिक ॥ मोगल.................

२. ... भुमे पुब्बेत ॥ मोपा ... कस्य भुमे दक्षणत ॥ एते ... समर्षक, षटरोपनिक ... द्ध भागं भोग बृद्धापंञ्च बजि नावद कस्त माद सये गृहात

जथार्थेवलन सुवर्ण (दी) रि तृयक ... तोपि अंकेच लुंजीनिप्ल ॥। बुरोव ६ थ्वतेस धा अ... टुका नभएको ।

३. न ... रोपनी पञ्च ॥ अत्रपत्र ॥ थ ... षुधार मणस्य जेष्ट पिता ... तारलुंत भारोम ... तिया २ ... राम .... चोता दो ॥ पोलस भोगन ज्वडतया जुरो : ॥

पछाडि ... तिषि पत्र ॥

परिचय :

ने.सं. ५७० (वि.सं. १५०६) श्रावण शुक्ल ६ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यस ताडपत्र भुजिंमोल लिपिमा लेखिएको छ। खेत गरेको सम्बन्धको यस ताडपत्रको साइज किनवेज ४४.५ × ३.४ से.मि. को छ। यसमा भएको माटाको शिलछापमा श्री अक्षर अंकित छ। ठाउँठाउँमा मुसाले खाएको प्वालहरू भएको यस ताडपत्रको अन्तिम भागको टुक्रा खसेको छ।

बटा नं. ७० - ने.सं. ७०१ - पत्र नं. १०३०

१. सम्बत् ७०१ चैत्र वद्धि ३ उदार स्वपुलष लुपचंन्द्र दोय ओ टंका बाटंकने टंका २ वंण्डक तवलवं थु बु चुल २ ब्रखंप्रटि

२. त्रा प्रदेशे ... फुको जुरो पोरेस ओहो ... राक टंका प्रटि रो डनटंका उदारया धनि स्वभार्या रुमयि सायि दृष्ट भ्राता गयदा शुभ ॥

परिचय :

ने.सं. ७०१ (वि. सं. १६३७) चैत्र वद्धि ३ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। पैसा सापटी लेनदेन विषयको यस ताडपत्रको साइज २१.५ × २ से.मि. को छ। यसमा शिलछाप छैन।

बटा नं. ७० - ने.सं. ५६० - पत्र नं. १०३२

१. श्रेयोस्तु ॥। सम्बत ५६० बैशाख शुक्ला पंञ्चम्यायां तिथौ : श्री लतित ब्रुमायां श्री मनिग्लकै उत्र स्थानै श्री नकविहारी लिविछें गृहाद्धि वास्तव्य : तेजराज भारोस : नामनेन सकासात। श्री यंबु तेदो बहार यंटाछैं वासिनोः उदय भावोसः स्वभार्ज्यः जयतनमाः थ्वसनेम्ह त्रीपुरुख एकोछापासिजलः नामनां स्वकीयं स्वयभुज्यमानिकं

२. थंपाको क्षेत्र नाम प्रदेश श्री द्वगन विहारि वंहोकीयः क्षेत्रे पछिमत। धरशीमायां उत्र भावतु श्री आचा .. क्षत्रो पूर्ब्वत्र। श्री तेदो बहारः भारोसिक स्य क्षेत्रः दक्षनकार तेष्व म धे स्ववरोपनिकं ततक्षत्रे सकर्षकं सप्त वषा वटिनी वन्दक कतेनो .. तः संश्रृहितः चुन्दमाशिवकाः एकार (ह) शिवंका

३. द्विकः थल्गका कृतः स छि ११४ वका ११ आविदि वर्ष ७ तलपत्र पो २ स्मेतः .....

४. ..... अत्र पत्राथे साक्षि श्री सोहनिम्ह व्रम्हपुरो द्विजवर श्री आसजुसः सयव श्री तेदो वहारः धार्णक सोगोस्त्रे ...

परिचय :

ने.सं. ५६० (वि.सं. १४९७) बैशाख शुक्ल पञ्चमीमा लेखिएको पाटनको तमसूक ताडपत्र हो। यस ताडपत्र भुजिंमोल लिपिमा लेखिएको छ। खेत वन्धकी राखी पैसा सापटि लिएको ब्यहोरा उल्लेख भएको यस ताडपत्रको साइज ७०.५× ४.२ से.मि. को छ। यसमा भएको शीलछाप खसी सकेको हुनुपर्छ।

बटा नं. ७० - ने.सं. ८८(५) - पत्र नं. १०३३

१. स्वस्ति श्री जय जयप्रकाश मल्ल प्रभुठाकुलसन्न तेतबाहार बाहा (तेल) बाहा यौताछेया विनेमयी नाम्ना .. दी त्त द्याबु शा

२. मेक कर्ष परि (मि) कर्ष व ध्वतेया मुल टंका ७ दुकास्यरिस्ता प्रस्न जुया। प्रत्ति महेश्वरीया .. यता दुकास्यथ्व दुवार मास मुर

३. अत्र प्रतार्थे दृष्टसाक्षि द्विजर श्री देवानन्द राजोपाध्या सर्म्मश ॥। सम्बत .. ८८(५) चैत्र शुदि २ शुभ ॥

परिचय :

ने.सं. **८८(५)** (वि.सं. १८२१) **चैत्र शुदि २** लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। खेत बिक्री सम्बन्धको यस ताडपत्रको साइज २५ × ३ से.मि. को छ। यसमा शीलछाप छैन। ताडपत्र ठाउँठाउँमा किराले खाइसकिएको छ।

बटा नं. ७० - ने.सं. ५७० - पत्र नं. १०३४

१. सं ५७० श्रावणशुद्धि ७ उदार श्री तेदोबहार अजा शृंखलीकार जगता भारोस ॥

२. लुं खीरि प्ल .. ॥ प्रते सागलको बूया आवधिप्न। नियार दिन १५ कायेस दाम। ध

३. नि़ छय शृंखलीकार राजाराम भारोस ॥ साक्षि सेव ॥ निखेव दंम ३ बय प्रति ॥ नि

४. खेव दम्म ४१ भुय निखेव दम्म २७ प्रते दाम काया ॥ निखेव दम्म ७८ दाम काया ॥

५. निखेव दंम २३ ॥ प्रते दाम काया ॥

परिचय :

ने.सं. ५७० (वि.सं. १५०६) श्रावणशुद्धि ७ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। ताडपत्र भुजिंमोल लिपिमा लेखिएको छ। पैसा लिएको सम्बन्धको यस ताडपत्रको साइज १६ × ३.५ से.मि. को छ। यसमा शीलछाप छैन।

बट्टा नं. ७० - ने.सं. ७८५ - पत्र नं. १०३६

१. सम्बत् ७८५ कार्त्तिक शुदि ५ उदार तेन्दु बाहार तोर, बाहार येताछे, भिक्षु श्री जुगिदेवजु अथाविस कवीन्द्र मल्ली टंका नियच्याटंका २८ वन्धक तेन्दुबाहार लिओ केव कुर व तस्यं भोग वन्धक

२. बिस्यं तया ब्रर्षप्रति कस्त्रया आखर थ्व वन्धक, केबया ओरसाननस्य त्वाकभोगन भुंक्तपं यंने जुरो, आवदि वर्ष श्व ३ स्थापन कवीन्द्र मल्ली जुरो, धनि सयव तोर, सिखलिकार ग्या

३. नसिंह प्रते ल्हामेरे भोगन तया सरि (त्या) ङाओ थिभोगन तया ॥ साक्षि ॥ दृष्ट रनिस जेष्ट पिता पुत्र भात्य भिक्षु श्री पारजु शुभ ॥

परिचय :

ने.सं. ७८५ (वि.सं. १७२१) कार्त्तिक शुदि ५ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। बारी भोगबन्दकी लिएको सम्बन्धको यस ताडपत्रको साइज १६ × ३.५ से.मि. को छ। यसमा शीलछाप छैन।

बटा नं. ७० - ने.सं. ४६८ - पत्र नं. १०३७

१. श्रेयोस्तु ॥ सम्बत् ४६८ अशुनिशुक्लत्रयोदश्यां। श्रीयङलदक्षिण श्रीर्तिपुण्यमहाविहारभिक्षु श्रीहाकोजुसहस्य सकाशे। तत्रैव लुन्जुगलटोल कूसिं कोछैं सहश्र मूर्त्तिकुटुम्बज उदोतरामदीयेन सुकीयं सुभुज्यमानं। तत्रैव कंद्वल दोह्मा अयलृलक्षेत्रप्रदेशे। धारनकस्य भूमे पश्चिमतो उत्तरतो पूर्व्वतश्च। पनस्य दक्षिणतः। एतन्मध्ये सार्द्धाधिकचतुरोपनिकंयत् क्षेत्रं।

२. तस्य क्षेत्रस्य सकर्षकभोगवृद्वया त्रयवर्षावदिना बन्दकत्वेनोदिस्य यथाव्यवहारसुवर्ण्णखिरि कर्षकाधिकपलत्रयं। समुङाताङ्गा। अङ्गे च बू रोव ४ ॥ सकर्षक आवदि वर्ष ३ तेलपिण्डसह। तलपति मदो। सङ्हीत लुं खिरि प्ल ३। कायस दम्मन खंग्व थ्यं लुं वोह। तत्र यदि पीडा स्यात्तदा धरानकेन परिसोद्धनीयं। अत्रार्थे साक्षि दृष्ट पसलसिंह साहुस ॥ वोदनं वा बछि काया ॥

पछाडि लेखिएको

कंद्वल दाथोम्हा बूया आवदिपति।

वा बु नी अत्रेव मास।

परिचय

ने.सं. सम्बत् (४) ६८ (वि.सं. १४०४) आश्विन शुक्ल त्रयोदशीमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। भुजिंमो लिपि ? खेत भोगबन्धकी राखेको सम्बन्धको यस ताडपत्रको साइज ५४ × २.५ से.मि. को छ। यसमा भएको शील आधा जति मात्र बाँकी छ। फुटेको छ।

बट्टा नं. ७० - ने.सं. ८७८ - पत्र नं. १०३९

१. श्रेयोस्तु ॥ सम्बत् ८७८ माघ मास कृष्ण पक्ष ॥ दशयान्तिथौ ॥ श्री मत्कान्तिपुर महानगले ॥ श्री यंग्र गोफले तोल फतासिगार वन्ताछे जयनारायण भारो न हेङा ॥ श्री यंबु ओतु तोल तओधे वाहार, यौता छे

२. महेश्वरी मयी न बुया ॥ हाकुयां यौता ॥ यंता ॥ धरनयां वन्ता ॥ यिता थ्वते चातुरघानन दु, नन्दन ओल कर्षव थ्वते क्रिविक्री न हेडा जुरो। मूल श्रीश्री जय प्रकाश मल्ली टंका

३. मोहो टं १५ थ्वत सर्ब्ब सु(द्धा)न पाचु ॥ पर्त्ति धनि पुरेस हेङा। थ्वते भाखाया दृष्ट शाक्षि मातुर रन्हेश्वर भारो ॥ अन्तर, ध्यंजु भारो ॥ तरपति सहकसं जुरो ॥ शुभ ॥

परिचय :

ने.सं. ८७८ (वि.सं. १८१५) माघ मास कृष्ण पक्ष लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। खेतको कारोवार गरेको व्यहोरा उल्लेख भएको यस ताडपत्रको साइज ४०.५ × ३.४ से.मि. को छ। यसमा शीलछाप छैन।

बट्टा नं. ७० - ने.सं. ६५६ - पत्र नं. १०४०

१) शुभ ॥ सम्बत् ६५६ अश्वनि शुद्धि २ उदार यंग्ल च किलाछे प्लागादकोछेमा नंघ्र विर सिंह ॥ नति स. माकं

२) दाम २९ तबा २ निवन्दक ॥ ब्रष ब्रषपति क्लत्र दम्म ३ ... संपुरान षुडुआम ... थुपतकम्हड धनि हेल उ(द)र पा ॥ धनि तेदो व.र. श्रृं. षरिकार लुंगु ॥ थ्वते भाषाया साषि ... (ध्र) जयकेश : ॥ शुभ ॥

परिचय :

ने.सं. ६५६ (वि.सं. १५९२) आश्विन सुदि २ माघ मास कृष्ण पक्षमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। पैसा सापटी लिएको सम्बन्धको यस तमसूक ताडपत्र हो। पैसा सापटी लिएको सम्बन्धको यस तमसूक ताडपत्रको साइज १८ × २.३ से.मि.को छ। यसमा शीलछाप छैन।

बटा नं. ७१ - ने.सं. ७०१

प.नं. १०४२

१) शुभ ॥ श्रेयोस्तु ॥ सम्बत ७०१ पौष मास्य कृष्णपक्ष ॥ द्वादस्यांतिथौ श्री यंबुब्रुमायां श्री गागुलंग्य ॥ श्री अमातेवर माहाब्यैहार श्री तेदोबाहार यौताछे गृहाद्विवातरब्य ॥ सिंधृकार पंडु भारोस नामनं सकारात। श्री यंबु माहानगरे श्री सांतिगुलंग्य ॥ श्री

जमल यौता छैं गृहाद्धिवातर ब्य ॥ माराकार केसचन्द्रकस्य नामनेन शुक्रीयंशुबुजेमानिकं ॥ मिसिको बातिकायां नाम प्रदेस्य कांसकार अन्तभारोया

२) वातिकाया पश्चिमत ॥ (वं) तबहार, वितुभारोया वातियाया उतरत ॥ पूर्ब्वत ॥ गुथिया वातिकायांदक्षनत ॥ एते समिध्य, मेक क्रंसांक अंकेञ्च वरक्रस छि १ तत वातिकाकयां जथादयेकार प्रववणमान संचाराघेण शुवर्ण्ण मुर माडायस्वादिनां निवस्तकं न्यायक्रिविक्रियतं

भवतु, तडाधारननकस्य निमितेन जदिसंकित ब्यावादेसतिटदाधारणकेन परिसोध

३) निपंञ्च प्रटि धारनलस्यंरे वादे वापुरस क्रिबिक्रीन काया जुरो अतपत्राथ्यदृष्ट साखि र निस पिता माराकार आसचंन्द्र शुभ ॥

पछाडि लेखिएको

सि

व

या

परिचय :

ने.सं. ७०१ (वि.सं. १६३७) पौष कृष्ण द्वादशी तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। बारी खरिद गरीलिएको सम्बन्धको यस ताडपत्रको साइज ६८ × २.५ से.मि. को छ। यसमा शिलछापमा त्रिशूल चिन्ह अंकित छ।

बटा नं. ७१ - ने.सं. ५५४ - प.नं. १०४३

१) श्रेयोस्तु ॥ सम्बत् ५५४ माघशुद्धि ९ श्री तेदो बहार गृहाद्धिवाशिन भ्राता शृंखलीकार मलयराज भारोसवो ॥ भ्रात्य शृंखलीकार जगतराज भारोसवो ॥ थ्वस उभे ॥ योता छैंयाः लिबी क्यंबं ॥ बडिचेकरडा भाष थ्व ......

२) येथो ल्वह्वंकिलि व छेकनः ॥ यो द्वाको जगतराज भारोस जुरो ॥ थ्व मिथि चेन ल्वह्वकिलि चेन छेकन, वंमलयराज भारोस जुरो ॥ भाषा आव छेये बुः चेन छेकन यो जगतराज भारोस्यं छेये ॥ चेनन वं., मलयराज भारोस्यं छेये जुरो ॥ सद, लुद

३) क्यं वोयेः छेया पानिपातन पिंस शुब्दिवु जगतराज भारोस्यं बोये जुरो ॥ मलयराज भारोस्यं छो धायेनो मदो जुरो ॥ सदक्यं वायेया घातः तवछतला थोव पादोन लि जरो ॥ लुंदंक्यं, डोये यापघाट, थिंसला गाक, पादोन, ह्डा, डोयेमा

४) ल्व जुरो जगतराज भारोस्यं ॥ आव, वोय, वोये, थव मद्धाकाले, अनोयन, चलछीवु, वोचकेमाल्व। थव थवस आव वोये द्वातङास, मिथिन या

जगतराज भारोस ॥ मिथिन वं मलय भारोस जुरो ॥ उभे भाष चोता दो ॥ थ्वते भाषया सा

५) क्षि दृष्ट योतु श्री येतखाबहार मूत्यगनायक पात्र शत्रि श्री दोयचण्ड वम्मनस ॥ वंतुं वंदुछे भिक्षु श्री जोगरामजुर ॥ यंगल सालछे ताब्रकार यंता भारोस एते तृय दृष्ट प्रमाणश्चेति ॥

शुभ ॥

परिचय

ने.सं. ५४४ (वि.सं. १४९०) माघ शुदि ९ तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यो पत्र भुजिंमोल लिपिमा लेखिएको छ। सम्पत्ति बाँडि लिएको सम्बन्धको यस ताडपत्रको साइज ४२ × ३.३ से.मि.को छ। यसमा शिलछाप छैन।

बटा नं. ७१ - ने.सं. ४६२ - प.नं. १०४४

१) श्रेयोस्तु ॥ सम्बत् ४६२ भाद्रपदकृस्नद्वादस्याः श्री यंबुबुंमाया श्री गीकुल्वङ्के दथौबहार कुटुंबजपात्र श्री जयराज वर्द्धनदत, भार्तापुत्रसहेन शकीयं शुबुज्यमानिकंः तत्रैव श्री आमात्यपात्र श्री केसवचंद्रकृतत्यंडूंविकाराधिवाशिना मूत्यंगार हसव्रंह्मस्य नाम्नै शकासे ॥ टेडोख्वटक्षेत्र प्रदेशे ॥ धनि ...

२) मत, भिक्षु श्री प्रज्ञाचन्द्रस्य भूमे उत्रतः श्री मूलविहारसंभूमे पूर्व्वतः लवनगोष्टीभूमे दक्षिणतः एतेषा मधे ॥ चतुरोपिनिकं क्षेत्राङतोपि बु रोव ४ यत क्षेत्रशा यथादेसकाल प्रवतमानसंचाराघेन मूल्मादाय, क्रेविक्रेस्वाद्दीन क्रेन विक्रीयतं, धानरकस्य निमितेन व्यावादे सति तदा धारनकेन सो (धनीयं) ..

३) येहअथक महापात्र श्रीञ्चपुटि भरोस ॥ प्रमानः ॥ शाक्षि, श्रीसखु भारोस, श्री तेज भास भ्रात्यसहस, शुभ ॥

पछाडि लेखिएको

टेडोख्वट बू क्रेपत्र। तलपत्र समेत, शुभ ॥

परिचय

ने.सं. ४६२ (वि.सं. १३९९) भाद्रकृष्ण द्वादशी तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। खेत खरिद बिक्री सम्बन्धको यस तमसूक ताडपत्र भुजिंमोल लिपिमा लेखिएको छ। यस ताडपत्रको साइज ५०.५ × ३.५ से.मि.को छ। यसमा भएको शिलछापमा श्री अक्षर अंकित छ।

बटा नं. ७१. - ने.सं. ७८१ - प.नं. १०४५

१) स्वस्ति ॥
शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग
महाराजाधिराज श्रीश्री राजराजेन्द्र
कवीन्द्र जयप्रताप मल्लदेव
परमभट्टारक प्रभु ठाकुलसन,
श्रीमत्कान्ति पुरमहानरे श्री यंबुभूमौ
तेन्दुबाहार टोर बाहार यौ

२) ता छेगृवास्तव्य, ग्यानसिंह नाम्न प्रसादीकृत, तेन्दुष्वाट बल चुलं १ मूल कवीन्द्रमल्ली टंका ९.. दुंकास्यं बिज्याङाव निस्तार प्रसन्न जुया ॥ प्रति थ्व दाम संलयात, दानायातं ॥ अत्र पत्रार्थै दृष्टसाक्षि श्री नारायण मल्लदेस ॥

३) सम्बत् ७८१ श्रावणशुद्धि १० शुभ ॥

पछाडि लेखिएको

ग्यान सिंह

या नि स्तार

परिचय

ने.सं. ७८१ (वि.सं. १७१८) श्रावण शुदि १० तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो । प्रताप मल्लबाट टंका ९ लिइ खेत लेखिदिएको विषयको यस ताडपत्रको साइज ३५ × २.५ से.मि.को छ । यसमा शीलछाप छैन ।

बटा नं. ७१. - ने.सं. ७२९ - प.नं.. १०४६

१) शुभं ॥ श्रेयोस्तुः सम्बत् ७२९ मार्ग्गसिर मासे कृष्णपक्ष नवम्यान्तिथौ श्री यंबु बुमायां श्री गाङ्गलंगे श्री अमात्यवल माहाब्यहारिक त्यंदुबाहाल योताछें गृहाद्धिवासिए माहेलमयिकस्य नाम्नां सकासात् ॥ श्री यंग्र काष्ठमण्डपस नगले श्री क्वथु तरवो तोरके वस्थावरनचोछे गृहाद्धि वाशीन थापित पिराग भारो कस्य नाम्ने शुक्रीयं स्वभुर्ज्यमानिकं ॥ प्यागुरि क्षत्र नाम प्रदेस्ये ॥ थापित मारसिंह भारोकस्य क्षत्रनपश्चिमत गहाकया क्षत्रन उतलत ॥ मागेन पूर्ब्वत ॥

२) एतेषामध्ये चुतुपनिकं, तस्यअर्द्धभागं, क्षत्रांकतोपि, अंकेञ्च प्यागुरि बूरो ४ थ्वतेस बछि बूरो २ ततक्षत्रस्य जथादेसकार प्रवणमानसंचारघण शुवर्ण्ण मूर मान्दायस्वादिनां निवस्तकं न्याय क्रिविक्रीयटं भवस्तुतत्राधार नकस्यंनिमितेन जदिसंकृत् ब्यँावापीडास्यात्, तदाधारणकेनपरिस्वधनियञ्चप्रटिधारन या मार बूया भर्ण्णपरिसक्रिकिक्रीन कायाँ जुरो, अतपत्राथ्य दृष्टसाखि भ्रात्य थापित सगतसिंह भारो शुभ ॥

परिचय

ने.सं. ७२९ (वि.सं. १६६५) मार्ग्गसिर कृष्ण नवमी तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। ताडपत्रको साइज ७७ × ४ से.मि. को छ। छापको बीचमा त्रिशूल अक्षर छ।

बटा नं. ७१ - ने.सं. ५६६ - प.नं. १०४७

१) श्रेयोस्तु । सम्बत् ५६६ श्रावणकृष्ण ॥ षष्टम्याया । श्री यंबुब्रुंमाया श्रीगाङ्गलंगे श्री तेदो बहा योता गृहाद्धिवाशिन श्रृंखलीकार लक्ष्मीज भारोस नाम्ने

सकासात ॥ अर्द्धसालायां श्री मागल स्थाने यंथछैंगृहाद्धिवाशिन मालाकार बोधचंद भ्रातापुत्र मालाकार यंता, भ्रात्य मालाकार रुपा एते सहानुमतानां शुकीयं शुबूजमानिक ॥ विज्याफलक्षेत्रनाम

२) प्रदेशे ॥ वारिमार्गस्य पश्चिम ॥ श्री जोगिनी चक्र भुमरुत्रत ॥ श्रीश्री राजकुलवस्तुभूमे पूर्व्वत ॥ माणधर जिवरामकस्य भुमे दक्षणत ॥ एतेषा मधे । षट्रोपनि क्षेत्राडतोपि बू रोव ६ ततक्षेत्रस्य सा तथा देशकालप्रवत्तमानसंचाराघेन शुवर्ण्णमूल्यमादाय स्वादीननिवत्तकन्ययेन क्रेन विक्रेयतम्भवति ॥ तत्रा धारनकस्य निमितेन जदि संकतव्या३)

४) वादे शति तदाधारकेन परिसोधनीय ॥ अत्र पत्राथे साक्षि दृष्ट मखन थंथछे हरष भारोस पुत्र मनिक भारोस । वतुं वंथबहार गुनचन्द भास एते तृत प्रमाणश्चेति ॥ तलपति पो १ सह ॥ प्रते वक्वल्वं बाकाय देस मणधर भारो मीयाके भोगन च्वग्व फ्याङ्ग क्रेविक्रेन काया जुरो ॥

पछाडि लेखिएको

विज्याफल बूया क्रेपत्र

परिचय

ने.सं. ५६६ (वि.सं. १५०३) श्रावणकृष्ण षष्टमी तिथिमा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो। भुजिंमोल लिपिमा लेखिएको यस ताडपत्रको साइज ६० × ३.२ से.मि. को छ। यसमा भएको शीलछापमा श्री अक्षर अंकित छ।

बटा नं. ७१ - ने.सं. ७०७ - पत्र नं. १०४८

१) शुभ ॥ सम्बत ७०७ मार्गसिर वद्धि २ श्री यंग्ल मंदो गावछैं ताम्वकार जयसिंह राम भारोस्यं, तेडोबहार योताछैं श्रृषिरिकार क्षमन भारो भ्राते सह

२) याटं, निस्तार चोस्यं बिया भाषा थुते न्हवमानसेस्यं तथा, दक्व, कायकास्यं वियाबिस्यं धुरु, ह्वया धरवति पात, मरुवस थ्व निस्तार चोस्यं बिया

३) कडाचित् धरवर पति ज्वङ दोषविव, द्धाकारे जयसिंह रामभारो स्यं रिषिडी सुद्धक मार, थुते भाषया दृष्टसाषि वंतु वंदुछे वहार भिक्षु श्री बाबुसिंह ॥ शुभ ॥

परिचय :

यो ने.सं. ७०७ (वि.सं. १६४३) मार्गसिर वदी २ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यो तमसूक निस्तार पत्र लेखिदिएको सम्बन्धमा छ। यस पत्रको

साइज २४ × २.३ से.मि. छ। यसमा शीलछाप छैन।

बटा नं. ७१ - ने.सं. ५५२ - पत्र नं. १०४९

१) श्रेयोस्तु ॥ सम्बत् ५५२ चैत्र शुक्ल ॥ पूर्ण्णमास्यायाः ॥ श्री यंबुब्रुमाया श्री **गाङ्गलंगे** श्री तेदो बहार गृहाद्धिवासिन श्रृंखलीकार मलयराज भारोस नाम्न सकासात ॥ तत्रै ब्रुमायां श्री षटखीराम महाविहारो योता लिवीछैं गृहाद्धिवान चकुतिकस्य नाम्नेशुकीयं शुबुजमानिकः ॥ तेदोष्वात क्षेत्र नाम प्रदेशे ॥ अनेखसाथचाकस्य भुमे पश्चिमत ॥

२) रथनकस्य भुमेरुत्रत। धारमस्य भुमे पूर्व्वताद्धडन वहिरि रथन चन्दकस्य भुमे दक्षणत ॥ एते षा मधे ॥ तृय रोपनिकं क्षत्राकं तोपि बु रोव ३ ततक्षेत्रीय सा जता देशकारप्रवत्तमानसंर र घेन शुवर्ण्ण मूल्य मादाय स्वादीनांनिर्वतुक न्यायन क्रेन विक्रेयतम्भवति ॥ तत्रा त्रार नकस्य निमितेन जदिसंकत व्यावदशति तदाधारनके

३) न परिसोधनीयंञ्च ॥ अत्त पत्राथेसाखि दृष्ट किसिलागलवाछे धारनस्य चवा जशराममेब प्रमाण चेश्चति ॥

तलपतिपो १ समेत। प्रते लेया देया पोलस क्रेन काया जुरो ॥ शुभ ॥

पछाडि लेखिएको

तेदोष्वात बूया क्रेपत्र ॥

परिचय

यो ने.सं. ५५२ (वि.सं. १४८८) चैत्र शुक्ल पूर्णिमामा लेखिएको कान्तिपुर को तमसूक ताडपत्र हो। भुजिंमोल लिपिमा लेखिएको यस पत्रको साइज ६० × ३.८ से.मि. छ। छापको बीचमा श्री अंकित छ।

बटा नं. ७१ - ने.सं. ७१७ - प. नं. १०५०

१) शुभ ॥ श्रेयोस्तु ॥ सम्बत ७१७ जेष्ठमास्य शुक्रपक्षे ॥ प्रतिपद्यायांतिथौ श्रीयंबुब्रुमाया श्रीगागुलगे श्रीअमात्यवलमाहाव्यवहालिक श्री त्यंदुबहाल यौताछे गृहाद्धिवाशीन श्रृंघंकाल, मनिसिंह भारोस नाम्नां सकासात ॥ सयओ त्यंदुवाहालल, यौताछे गृहाद्धिवाशीन श्रृंघृकाल जिकेराज भारो कस्य नामनेन शुक्रीयंस्वभुज्यामानिकं ॥ त्यंदू ख्वातवातिका नामप्रदेस्य ॥ मयनया वातिकायां पश्चिमत ॥

२) ओतिया वतिकायांउतलत। श्रीश्रीश्री नारायन देवया वातिकायां पूर्व्वत। हडाजया वातियकायां दक्षनत ॥ एतेखामध्य दोयचूलद्धिक, एकक्रषक वन्दकन्त्रनादेस गृहितसथालहओहोदाम टंकाकेञ्चसाथवलिषादिनी अंकेञ्च त्यंदुख्वात वलक्रष १ चुल २ गृहित ओहो टंका जिमन्हस टंका १७ आवदिवर्ष ७ ततवातिकायां भोगबृध्वबृजथालदेकालप्रवनमानसंचाघ

३) नण्डवणमूलमान्दाय स्वादिनानिवतकंन्यायपलिभोष्यं, फयासओहोदामटंका प्रटिघलसालवयसआवदिन तया जुरो ॥ अत्रपत्राथ्यदृष्ट साखि ॥ भेनगयदा, उचलचोतादो शुभं ॥

पछाडि लेखिएको

मंध्रपाको, सोवीः

नद्ड पिंडा क्षेत्रः

स्य भोग पत्रः शुभ ॥

परिचय

यो ने.सं. ७१० (वि.सं. १६५४) (वि.सं. १४८८) जेष्ठशुक्ल पूर्णिमामा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यस ताडपत्रको साइज ६३ × २.२ से.मि. छ। छापको बीचमा श्री अंकित छ।

बटा नं. ७१ - ने.सं. ५९८ - से.न.. १०५२

१) स्वस्ति ॥ श्री श्री जय ज(य)क्ष मर्ल्ल देव प्रभुठाकुरस्यं प्रसादारपाः श्रीयबू थछु न्हसकन तोलं चाबाहार जिवचन्द माहान्ः मंधरयाकोंटपद्म क्षेत्र नामप्र... नदिसिमायां पश्चिमटः रु... नायकाया.... (टूक्रा नभएको)

२) एत्तत्मधे खटरोपनिकं तस्यार्धभागयः अंकेच बू रोव ६ थ्व बुस बाखण्डस्वंप्पकः सय्था देशकालप्रवटमानसंचाराघोन क्रेनविक्रीयटः अडाथेदृष्ट साक्षि श्रीभक्तापुरि नगरे विजहरि कोछे जगतराज भारो ... (टुक्रा नभएको)

३) ..जिवरामयाचा, नाठिठुं विक्वस, लुंप्र छि १ ओह थ्व बू प्रसादारपा जुरो, सम्बत ५९८ फाल्गुण शुद्धि शुभ ॥

परिचय

यो ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुण शुदी पूर्णिमामा लेखिएको भक्तपुरको तमसूक ताडपत्र हो। यस पत्रको साइज ५४ × ४ से.मि. छ। राजा यक्षमल्लबाट खेत दिएको ब्यहोरा उल्लेख भएको यस पत्रमा भएको माटाको शिलछापको बीचमा खडग चिन्ह अंकित छ।

बटा नं. ७१. - ने.सं. ७५७ - प.नं. १०५३

१) श्रेयोस्तु ॥ संम्बत् ७५७ पौष मासेशुक्लसप्तम्यांयातिथौ ॥ श्रीयबू। बुमाया तेतवाहार तोर ॥ नकछेजताजयाज्ञनकेणस्वकियं ॥

स्वभुजयंमानिकं ॥ तत्रैव किसिराग्र तोर ॥ राछयेताछे । लुपिनि केहे शुषलि थ्व निम्ह चोवर वातिका .. (टुक्रा नभएको)

२) या वतिकायाउर्त्तरता ॥ माग्गैस्यपूर्व्वत ॥ वंतुमियाया वातिकाया दक्षिणत ॥ एर्त्तस्मधे तृय चूधिकं । उत्रवातिकायां अकेचरयतेयौकववरे पूर्स्व ३ संजथादेसकारप्रर्व्वतमानेनं ॥ संचाराघेनक्रैन विक्रीयं ... (टुक्रा नभएको)

३) रकेण्ण परिस्यधनियंञ्च प्रतिधारणयाघ्रसार वएससक्रेनविक्रीनन काया अत प्रत्राथ्यदृष्ठ साक्षि धारणया भातृपुत्र मानिक राज शुभ ॥

परिचय

यो ने.सं. ७५७ (वि.सं. १६९३) पौष शुक्लमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो । खेत किनबेच सम्बन्धीको यस पत्रको साइज ५० × २.८ से.मि. छ । यसमा भएको माटाको सिलछापको बीचमा त्रिशूल चिन्ह अंकित छ ।

बटा नं. ७१ - ने.सं. ७११ - पत्र नं. १०५४

१) शुभ ॥ श्रेयोस्तु ॥ सम्बत् ७११ भाद मास्य शुक्र पक्ष ॥ द्वादस्यां तिथौ ॥ श्री यंबु ब्रुमाया श्री गागुलग्य श्री अमातेवलमाहावेहारीका तेदो बाहार योताछे गृहाद्धिवाशीन श्रृघृकार मनिकसिंह भारोस नाम्नासकासात ॥ श्री यंग्र काष्टमण्डप स नगरे, तववाहा, वंकुर केव वंताछे गृहाद्धिवाशीन, जकेराम भ्रात्यसहया नाम्नेन शुक्रीयं स्वभुज्यमानिक भुमारा नक्षत्र नाम प्रदेस्य ॥ भिक्षु श्री ॥

२) जयलषजुयां क्षत्रेन पश्चिमत ॥ सयओ जयलषजुया क्षतन मूल मार्गेन उतलत ॥ श्रीश्री राजया क्षत्रेन पूर्व्वत ॥ सयओ जयलषजुया क्षत्रेन दक्षनत ॥ एतेषमध्यएकरोपनिकं क्षत्राकतोपि अंकेञ्च भूमाचान बुरो १ तत्क्षतस्य जथादेसकाल प्रवणमानसंरचाराघेन शुवर्ण विस ओहो दाम टंका नियटंका २० मुल्मान्दाय स्यादिनां निवस्तकं न्यायक्रिविक्रीय टंभवतु ॥ तत्रा धारन कस्यनिमितेन,, ज

३) दिसंकितव्यावादे, सतितदाधारनकेन, परि सोधनियंञ्च प्रटि धारनस घरसार वय क्रिबिक्रीनं काया जुरो ॥ अत पत्राथ्य दृष्ट साखि ॥ भ्राता लूपराम तलयात सह शुभं शुभं ॥

परिचय

यो ने.सं. ७११ (वि.सं. १६४८) भाद्र शुक्लपक्ष द्वादशी तिथिमा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। टेदो बहारका मणिकरामबाट १ रोपनि खेत २०

मोहरबाट खरिद गरेको व्यहोरा उल्लेख भएको यसपत्रको साइज ६२ × २.५ से.मि. छ। शीलको बीचमा त्रिशूल चिन्ह अंकित छ।

बटा नं. ७१ - ने.सं. ५९८ - प.नं. १०५५

१) शुभ ॥ श्रीश्री जय जक्ष मर्ल्ल देव प्रभुठाकुर स्यंकायदव यंबू थंछु न्हस

२) कनतोलं बाहार लिविछे, जिवचन्द माहान लुं पल् छि १ निपार दिन

३) १५ निपार प्रब्यहारकलंत्र सम्बत ५९८ फालगुणशुद्धि २ शुभः ॥

परिचय :

यो ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुण सुदी २ मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो। यस पत्रको साइज २३.५ × ३.३ से.मि. छ। यस ताडपत्रमा शीलछाप छैन।

Manuscripts of Ashva-Aayurveda

-Dr. Sushil Dahal*

Introduction:

It is not only in religious texts, poetry, drama, fiction and philosophy that manuscripts in National Archives of Nepal exhibit its richness: it does so in technical sciences as well. There had been various scholars in Nepal, who contributed substantially to different technical discipline. In course of continuing this glorious tradition scientist in ancient times even paid attention towards science of horses which was later developed as separate subject named as Ashva Aayurveda.

Ashva-AayurVeda is one of the branch of Aayurveda which deals with the health and life of horses. Aayurveda which means the science of life attached great importance to the study of horses. As horse was major means of transportation and one of the main components in the battlefield, the knowledge of keeping horses healthy and treating their diseases became a vital part of veterinary science in ancient time. Realizing the importance of Ashva-Aayurveda, state patronage was provided to this subject in ancient Nepal which led to the production of various manuscripts by the eminent scholar of those days.

In National archives of Nepal there are sixty-five manuscripts related to Ashvaa ayurveda. Many of them have the same title. However, there are some manuscripts.

Whose title does not resemble with the other; the name of such titles are: Ashva Darpana, Ashva Dosha Nirupanam, Ashva Netra Parikshya, Ashva Parikshanam, Ashva Lakshanam Sachitra, Ashva Lakshanam Hasti Lakshanamcha Sachitra, Nakula Chikitsaa, Yogamanjari, Ashva-Ayurveda (Siddhayoga Sangraha Naama Ashva Shaastra), Vaaji Rahasya Prakaash, Shaalihotra

* *Institute of Medicine: Tribhuvan*

Bhaasa, Shaalihotra (Samhita) and Siddhayoga Sangraha.

There are two manuscripts bearing the same title of Ashvavaidhyakam and Vaahana Saara. Three manuscripts have the same title of Ashva Chikitsaa and Shaalihotra Saara Sangraha, The title Vaaji Rahasyam is found in four manuscripts. Five of the manuscript have the same title Ashva Shaastram Naanaa Grantha Samuchya and Nakula Chikitsitam. There are eight manuscripts bearing the similar title of Shaalihotram. Seventeen Manscripts have the same title - Ashva Vaidhyaka Shaastram.

Among the sixty-five manuscripts only thirty of them bear the name of writer in it. Various manuscripts having the same title of Ashva Vaidhyaka Shaastram has th name of several writers viz. Nakula, Jayanta Raaj Deva, Jaya Datta, Hemanta MaIl Varmana, Dipankara, Dwijvara Shree Devashankana and Vijaya Datta Sen. The renowed scholar of Ashva-Aavarveda: Nakula and Jaya Datta had also written Ashva Chikitsa and Ashva Vaidhyakam respectively.

The name of three different writers mentioned in the manuscripts having the same title Ashva Shaastram (Naanaagrantha Samuchya) are Jitaa Mitra Malla Deva Daivgya Vishwa Singh and one anonymous writer who had written it at the instance of Jaga Jyotira Malla, Bhawani Shankara and Shree Matmadarendra Sen had written separate manuscripts bearing the same title of Shaalihotram. Like wise Hemanta Malla and Jitaa Mitra Malla had Written manuscripts having the similar title of Nakula Chikitsitam.

Gauri Datta had written two manuscripts having the same title Vaaji Rahasyam. In two other manuscripts entiled Vaaji Rahasyam, it is mentioned that it was written at the instance of Grivana Yuddha. Gauri Datta had also written Vaaji Rahasya Prakaash. Some of the name of writer who had written

manuscripts of Ashva-Aayurveda are Vandi Mishra who wrote Ashva Darpana, Vikram Sen who wrote Ashva Parikshanma, Daivagya Kirti Singh wrote Nakula Chikitsaa and var dhamana who had written yogamanjari. The manuscripts entitled Ashva-Aayurveda (Siddhayoga Sangraha Naama Ashva Shaastra) Sangraha Naama Ashva Shaastra) have the name of Ranajit Singh Malla as its writer.

Only nineteen of the manuscripts the year in which it was written. Five manuscripts with the same title of Ashva Vaidhayaka Shaastram were written in the year 192 Aasadwadi 3 Khau, Sambat 713, Sambat 802, Sambat 807 and Sambat 822. Three manuscripts having the similar title Nakula Chikisitam were written in Sambat 799, Sambat 810 and Sambat 813. Three Manuscripts of Ashva Shaastram (Nana Grantha Samuchya) were written in Sambat 149, Sambat 738 and Sambat 810. Two manuscripts of Shaalihotram were written in Sambat 815 and Shaake 1765 (Nepa 963). The other manuscripts such as Shaalihotra Saara Sangraha was written in Sambat 753, Vaahana Saara in Sambat 763, Yoga Manjari in Sambat 843, Ashva Parikshanam in Sambat 1649 and Nakula Chikitsaa was written in Shree Shaake 1694.

Majority of the manuscripts are in Sanskrit language. Some of them are written in Nepali and Newari language. Two different manuscripts bearing the same title of Shaalihotram is in Nepali language. The same Shaalihotram is also available in Newaari language. Likewise one manuscript entitled Shaalihotra is in both Nepali and Newaari language. Two different manuscript having the same title - Ashva Shaastram (Naanaa Grantha Samuchya) is in Newaari language. Most of the manuscripts of Ashva-Aayurveda are in Devanaagari and Newari script. The manuscript entitled Ashva

Vaidhykam is found in Maithali scripts. Some of these manuscripts are written on Nepali paper while others are written on Madhya Deshiyapaper.




Figure: The anatomy of horse illustrated in the manuscript entitled 'Shaalihotra'
Courtesy: National Archives of Nepal. Real no. A1256/7

Conclusion:

The manuscripts of Ashva-Aayurveda at National Archives of Nepal provide detail information about the anatomy, physiology, pathology, surgical and medical treatment of horse. The description of the nature of horse, pedigree, races, colors and inherent qualities, examination of age; measures to improve their life, management of stable and controlling the unruly horse also finds their places in the manuscripts. The information regarding diagnosis of disease of horse such as lameness, eye trouble, fever, coli diarrhea, dysentery, prolapsed rectum cough, asthma, hiccup, common cold jaundice, worm infestation, haemorrhage, swelling in the legs, problems in the mouth and wound caused by poisoning, etc. also be obtained. The formation of


embryo of horses, development of fetus in uterus management of labur during malpresentation and disease of reproductive organs are also discussed. Various forms of medicine used for treating ill horse, their administration and dosage, types of food and proper way of giving diet are also stated in the manuscripts of Ashva-Aayurveda. Fara change Horse continues to play important role in various spheres of life. Therefore the study of manuscripts related Ashva-Aayurveda which are present in National Archives of Nepal will contribute a lot in strengthening the knowledge of treating several diseases of horse and keeping them healthy through natural means and remedies. Moreover, the extensive study on these manuscripts will also help in reviving the ancient science of Ashva-Aayurveda which fell into oblivion many years.

References:

1. Thapa, Ananta Shamsher, 1990 B.S. *Pashu Prabandha,* Kathmandu: *Shree Pashupat Press*
2. Paudyaal, Damaru Ballabha, 2031 B.S., Translator, *Ashva-Aayurveda (Siddha Sangraha),* Kathmandu: Narayanhiti Royal Palace
3. Gyawali, Shuka Deva Sharma, 2059 B.S., *Editor, Aayurveda Visaya Kaa Hastalikhita Grantha Haru Ko Such iptara, Kathmandu: National* Archives of Nepal
4. Dahal, Sushil, 7 Chaitra 2060 B.S., Ghoda: Jatra Ra Vigyana, Yubamanch, Kathmandu: Gorkhapatra Sansthan

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

१. लालमोहर नं. ३६९ मा.फि.नं. DNA $\frac{13}{60}$ मिति : १८९४ साल फागुन सुदि ३ रोज ३	**विषय** : आलमपुर पकरवासको खेतको कुलो भटौलि खोलाले भत्काउन लाग्यो भन्ने जाहेरीमा जीर्णेद्धार गर्न दिइएको रुक्कापत्र ।



२. लालमोहर नं. ३७० मा.फि.नं. DNA $\frac{13}{61}$ मिति : १८९८ साल फागुन वदि ९ रोज ७	**विषय :** सम्शेरबहादुर पांडेल आफ्नो कप्तानी खानगी खेत अरुले ठेक गरी लग्यो भन्ने जाहेरीमा मोहरहानी आँफै भोग गर्नु भनी दिएको रूक्कापत्र ।

श्रीदुर्गासहाय



स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का
आगे·कप्तानसम्सेरवहादुर पाँडेके·तेराकप्तानीषानगी
मापस्याकोजगाषेतषुवाअरुलेठेकगरिलेगीमेरोघट
नगयोभनी·तेलेहाम्राहजूरमाविंतिगर्दाजाहेरभयोत
सर्थ·तेराकप्तानीषानगीमाअरुलेठेकगरिलेगयाकोठे
ककामोहरहानीतैलेवन्दोवस्तगरिवठन्याजगामाव
ठाइजगाकोवेलनूगर्न्·इतिसम्वत१८९८साल·मिति
फागुनवदि९रोज७शुभम्

३. लालमोहर नं. ३७१ मा.फि.नं. DNA $\frac{13}{62}$ मिति : १८६४ साल आश्विन सुदि १५ रोज ६	**विषय** : हुलाक सञ्चालनका लागि हुलाक घर र हुलाकीले गर्ने कामको व्यवस्था गरिएको रूक्कापत्र ।



स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे गढ्कोमासैंविठिपत्रआहोर्याध्यायाकोपश्चिमवाङआयाका
तपसीलबमोजिमकाघरलेमासोमोजना ४ वारलेआठौप्रहररहनु
रहिविठियत्रकोहुलाकबलाईनुपघयाबमोजिमकोहुलाकिला झा
फुवस्याकोथावारिजिमिकोअस्वालिलेषासमोसनगर्नु गर्यासरह
कोरकमकलमकोतिमिहरुलेसालबसालतिम्यासध्येघर १ कोहर
रुपैया १ यकर फाहुलाकोपाडु २३-४ जैकलमकोअसारुपैया १
अरूआरवैकरवेठबेगारमाफगर्‍योहुलाककोकाजकायेसरहजुपाल
समवस्पाईनीवासकोपाठोवाहिकसाल ६० दषीपुडाकोवेयरान
जिमिमध्येघर १ केरलजाशिलकिसीर मीवक्स्यौलालमोहरविठिपत्र
कोहुलाकबलाईनुअसरुआईन्याजान्याकाहमाहिडन्याकोवोकान्ना
रिविठियत्रकाहुलाकीलेनवोकनुकसैलेजवरदस्तीगरिवोझनारि
वोकायाअसामिकमनीछोडीजनीविगाडीमाफिकको सासनागराउ
नुविठिपत्रलेजादाल्याईदवोइमायेकछिन अघ्ककोकेहितवविव
पश्चात्यहुलाकमाषदायाकाघरलाईमारिसासनाफोला

हुलाकवष्याघर १२ कोतपसील

मासोगाउ	
धंसीजंडारि	१
कुलुराजंडारि	१
कमखुजंडारि	१
कुन्दमासे	१
ष्रसोतुमासे	१
ककुमासे	१
जिवृमासारे	१

किसाउीगाउ	
मकुवानेगि	१
माजकुनेगि	१
कुनायककयाल	१
मलुषककयाल	१
असोतेसारे	१

इतिसम्वत १८६४ सालमितिआश्विनसुदि १५ रोज ६ शुभम्

४. लालमोहर नं. ३७२ मा.फि.नं. DNA $\frac{13}{63}$ मिति : १८८७ साल फागुन वदि ६ रोज ५	विषय : श्री ५ राजेन्द्रविक्रम शाहबाट वलम्बू जग्गा विभिन्न व्यक्तिका नाममा कुशविर्ता संकल्प गरेको लालमोहर ।

श्रीः१

श्रीशात्याज्यू श्रीगुवाज्यू श्रीजेठाभिष्मानिमुमाज्यू श्रीमुमाज्यू श्रीजेठामुमाज्यू श्रीआर्यातिर्थ श्रीचन्द्र श्रीमहालक्ष्मी
१ २ ३ ४ ५ ६ ७ ८



स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीम
हाराजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्
आगे वैजनाथपाध्या ललितादेवि श्रीरामकड्याल सर्वानन्दपाध्या अर्ज्याल जानुकाभान्ज्या आम्नरी विद्याधरयम्याल शुकदेवअर्याल
सर्वानन्दभट्टराई सयनारानतेवारिके संवत १८६३ साल जेष्ठवदि ४ रोजका दिन ---१--- काठ्यूसांतिमा ---२--- काबाहुलीवाट सं
कल्पभयाका षेतमध्ये वैजनाथपाध्याके षेत मुरि ।३० श्रीसंवत् १८७२ साल पोषवदि ९ रोज ६ का दिन ---३--- काबाहुलीवाट संकल्
पभयाका षेतमध्ये ललितादेविके षेत मुरि ।२० श्री सहिसाल सहिवदि १३ रोजका दिन ---४--- काबाहुलीवाट संकल्पभयाका षे
तमध्ये श्रीरामकड्यालके षेत मुरि ।२० श्री सहिसाल मार्गसुदि १ रोज ४ का दिन ---५--- काबाहुलीवाट ---६--- मा संकल्पभया
का षेतमध्ये सर्वानन्दपाध्या अर्ज्यालके षेत मुरि ।२० श्री सहिसाल मार्गसुदि १३ रोज २ का दिन ---२--- काठ्यूसांतिमा हाम्रा
बाहुलीवाट संकल्पभयाका षेतमध्ये जानुकाभान्ज्या आम्नरीके षेत मुरि ।२० विद्याधरयम्यालके षेत मुरि ।२० श्री संवत १८
७६ साल चैत्रसुदि १५ रोज ४ का दिन ---७--- ग्रहणमा हाम्रा बाहुलीवाट संकल्पभयाका षेतमध्ये शुकदेव अर्ज्यालके षेत मुरि ।२०
श्री संवत् १८८० साल माघसुदि ९ रोज २ का दिन विवाहका चतुर्थीमा हाम्रा बाहुलीवाट संकल्पभयाका षेतमध्ये सर्वानन्द भट्टरा
ईके षेत मुरि ।५० श्री संवत १८८७ साल भाद्रसुदि १५ रोज ५ का दिन ---७--- ग्रहणमा हाम्रा बाहुलीवाट संकल्पभयाका षेत
मध्ये सयनारानतेवारिके षेत मुरि ।१० ई सबै एकका संकल्पका जम्मा षेत १।७० तस्को मरहवमोजिमको घड्यारी समेत विर्तागरि
वक्स्याको मोहर ताम्रपत्र गरिवक्स्यौं वलंवुका अंवल मध्ये दिम्यो षेत मुरि ।११ तस्को सांध पूर्व दक्षिण पश्चिम उत्तर रैकर षेतको
आली सांध लुहकील दफे छोफल षेत मुरि ।२।१५ तस्को सांध पूर्व रैकर षेतको आली सांध लुहकील दक्षिण वलम्बु षोला
कोडिल सांध पश्चिम रैकर गुठी षेतको आली सांध लुहकील उत्तर वाटो सांध लुहकील दफे छोफल षेत पाथि ५ तस्को सांध पूर्व
दक्षिण पश्चिम उत्तर रैकर षेतको आली सांध लुहकील दफे छोफल षेत मुरि ।२० तस्को सांध पूर्व दक्षिण पश्चिम रैकर षेतको आ
ली सांध लुहकील उत्तर कुलाकोडिल सांध लुहकील श्री सतंगोल गलसि षेत मुरि ।१५ तस्को सांध पूर्व रैकर षेतको आली सां
धलुहकील दक्षिण पश्चिम वाटाकोडिल सांध लुहकील उत्तर सिंहवीरषत्रको विर्ता षेत र रैकर षेतको आली सांध लुहकील
दफे ईटाचा षेत मुरि ।२१ तस्को सांध पूर्व पश्चिम रैकर षेतको आली सांध लुहकील दक्षिण वाटो सांध लुहकील उत्तर वल
म्बुषोलाको डिल र रैकर षेतको आली सांध लुहकील दफे अपाङे षेत मुरि ।११ तस्को सांध पूर्व ---८--- काठ्यूठी षेतको आ
ली सांध लुहकील दक्षिण कुलाकोडील सांध लुहकील पश्चिम षोल्साकोडिल सांध लुहकील उत्तर रैकर षेतको आली सांध
लुहकील दफे अपाङेल षेत मुरि ।२१ तस्को सांध पूर्व दक्षिण पश्चिम रैकर षेतको आली सांध लुहकील उत्तर कुलो सांध लुहकी
ल दफे गुभिछल षेत मुरि ।२२ तस्को सांध पूर्व वाटो सांध लुहकील दक्षिण पश्चिम उत्तर रैकर षेतको आली सांध लुहकील श्री
पुलगोल सिंहवीर षत्रका छापमध्ये पानि षेतको साठो पाषो दिंदा २५ रोपनिको २८ रोपनिका दरले षेत मुरि ।१५ को मुरि ।१।
१६ जंमा पाषो मुरि ।१६।१६ मध्ये पाषो मुरि ।१०।१६ तस्को सांध पूर्व दक्षिण पश्चिम रैकर पाषाको सांध लुहकील उत्तर सिंह
वीर षत्रका विर्ता पाषो सांध लुहकील दफे अंजन छापमध्ये षेतमान पुग्याको मुरि ।६ र घड्यारि मध्ये मुरि ।१० जंमा पाषो
मुरि ।१६ तस्को सांध पूर्व उत्तर रैकर पाषाको सांध लुहकील दक्षिण पश्चिम सिंहवीर षत्रका विर्ता पाषाको सांध लुह
कील दफे दहचोकका चम्वल वहुरसिं षत्रका छापमध्ये वगरमा पाषो मुरि ।२४ तस्को सांध पूर्व रैकर पाषाको सांध लुह
कील दक्षिण षेत माथिका पाषाको आलि सांध लुहकील पश्चिम उत्तर वाटो सांध लुहकील दफे कीर्तिपुरका अंवल मध्ये
कोटन्याको पाषो घड्यारि मुरि ।६ तस्को सांध पूर्व दक्षिण पश्चिम रैकर षेतको आली सांध लुहकील उत्तर पाषो र वाटा
कोडिल सांध लुहकील एति सबै सिवाना भित्र षेत या पाषो मुरि १।७१।१६ घड्यारि मुरि ।२४ जंमा षेत पाषो घड्यारि २।५।१६
विर्ता जानि भोग गर यो विर्ता संकल्प गर्दा संकल्प वाक्य पढ्या पुरोहित यदुनाथ रघुनाथ पंडित अर्याल पानिहाल न्या श्री
जवाल भीमसेन थापा काजि वषतवार सिंह थापा काजि रणधोज थापा काजि दलभञ्जन पांडे कर्नैल रणवीर सिंह थापा
काजि कुलमान सिंह वस्न्यात सांधलाई उत्या माथिया स्थापर मोदनाथ अर्ज्याल मित्र समीपथ हरिवंस वोहोरा आलनटो
लको डगोल हेमंत इटायाटोलको धीर्जविर रसिं डगोल वलंवुका छाम्या मनिभद्र मोहिनाई क्या भीमनारान धनरुद्र मछिंद्र
महान पलिमान सिं मोहि अमित सिं गगननारान देवनारान विष्णु सिं कीलदहचोकका नन्दु पाध्या सुवेडि नारानदत्त मि
स्याल सिवनारान मिश्र कन्याल वैयाकर्ण दवाडि नारानजे सिंघोयाल लालगिरि भीमगिरि दुखिलाल लुईयाल भगीर
थ मिक्रान्या नैकापका छाम्या विष्णु सिं राधाकृष्ण भट्ट हरिदत्त सुभेडि नारान पाध्या दवाडि राधाकृष्ण दवाडि मकरध्वज
का रैमित पन्त नारान षेति रविदान सरूप वस्न्यात दलवीर राई मोहिनाई क्या जसराम भागीवंत पुनसिंह कवु विनारि
चन्दुवा मको टा श्रीमान वोगटि वेदनिधि पंडित सैंतै गोलका छाम्या भाजुनारान महान्याला घ्या थोरी सिवनारान गजेन्द्र नज
रसिं थापा दहचोकको कडुवाल महिङ्या दमाई सिपाहि नौडि क विर्तवारले किलाभन्दा घ्याघ्लोन चापन विनाक
सी जनवदन गर्नजो येस वंदेजमा रहोईन सो सम श्लोकमा भन्याको पातकी होला स्वदत्तां परदत्तां वा यो हरेत वसुंधरां
षष्ठीवर्षसहस्राणि विष्टायां जायते कृमिः ईति संवत् १८८७ साल मिति फागुनवदि ६ रोज ५ शुभम्

५. लालमोहर नं. ३७३ मा.फि.नं. DNA $\frac{13}{64}$ मिति : १८८८ साल मार्ग सुदि ३ रोज ३	**विषय :** श्री ५ राजेन्द्रविक्रम शाहबाट उदयनारायण न्यौपानेलाई भादगाउँको घर घडेरी कुशविर्ता तम्बापत्र गरेको लालमोहर ।

श्रीदुर्गाज्यू

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविरा
जमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रम
साहबहादूर सम्सेरजङ्ग देवानां सदा समरविजयिनाम्
आगे थरघरगामस्या उदयनारायण न्यौपान्याके सम्वत् १८८० साल माघ
सुदि ५ रोज ५ का दिन विवाहका हांका काकुलीबाट संकल्प भयाका मतमधे
मेतमुरी १७० तस्कोसरह वमोजिम कोषमारि स्मेत बिर्ता गरिबक्स्याकोमा
हरताम्रपत्र गरिबकस्यौं भादगाउंका अञ्चलमध्ये सालीखेलवांजो मु
री १७० खआरिमुरी १२ पानिमे तस्कोसाठी पामोवांजो हुदा अठाईस रोपनि
कायरले मुरी १७४ आसेत धआरिमुरी १९३१४ तस्को सांध पुर्व दक्षिण
पश्चिम रैकर पाखाको सांधलुङ्कील उत्तर भीडार लिलानाथ पाडेका
बिर्ता रज फातिरा ठिको आलि सांधलुङ्कील एति सबै सिमाना भित्र खेत
पआरि मुरी १९३१४ बिर्ता जानि सन्तान दरसन्तान पर्यन्त परमसुख भोग्य गर
यो बिर्ता संकल्प हुदा संकल्प वाक्य पर्न्या पुरोहित रघुनाथ पंडीत ज्यो
ल पानिहाल्न्याका जिदलभंजन पाडे सांध लाउन्या संधियार घर
मेघनाथ पाडे मर्दनसिंह ना किलागल टोलको ईगोल धर्मदेउ कलाछि
टोलको डगोल विरभद्र सिं आमालिबाट आयाका भोक्ष टोलको ढलपा
धंजु भलाछि टोलको ढलपा रजवीर यो छेटोलको डुकार नारान् सें टो
लको डुकार विनरसिं व्यासि टोलको डुकार बालकृष्ण उवु लांघु का भानि
स नीलकंठ पाध्या न्यौपान्या हरिहर पाध्या न्यौपान्या भागिरथ पाध्या
न्यौपान्या गौरीसंकर पाध्या न्यौपान्या बालकृष्ण पाध्या न्यौपान्या वख्या
कर्न पाध्या न्यौपान्या भवानिसंकर पाध्या न्यौपान्या हरिलाल पाध्या न्यौपा
न्या हरिवंस पाध्या न्यौपान्या मनोरथ दहाल किसनदास दहाल नंदु गेलाल
सिवनारान गेलाल देउनारान गेलाल चिंतामनि गेलाल राधाकृष्ण पाध्या
खप कोइराला नन्दु पाध्या खपकोट्या श्रीकृष्ण पाध्या धनाल लालु पाध्या सुवेदि देव
पाध्या नेउपान्या कविलास वख्या देवनारान पाध्या ढकाल बिर्तवारले किला
भन्दा अघ्याली न बापत्र विनातक सिरजब दन गर्नु जो येस बन्येज मा रहोर
न सोयेस शोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरेत वसुन्ध
राम् षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः इति सम्वत् १८८८ साल मिति मा
र्ग सुदि ३ रोज ३ शुभम्

६. लालमोहर नं. ३७४ मा.फि.नं. DNA $\frac{13}{65}$ मिति : १८८७ साल फागुन वदि ६ रोज ५	**विषय** : श्री ५ राजेन्द्रविक्रम शाहबाट पुरश्चरण सांग्यमा नीलग्रीवानन्द भाजुलाई पाटनमा अम्बल खेत, घर घडेरी कुशविर्ता ताम्बापत्र गरेको लालमोहर

गा

श्रीपचलिभैरव १ श्रीबालाषसाम्‌ २ श्रीतलेसु ३



स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्

आगे नीलग्रीवानन्द भाजुके सम्वत् १८६२ साल मार्गसुदि १५ रोज ६ का दिन १ का पुरश्चरण सांग्यमा २ काबाकुलीबाट संकल्प भयाको षेत ११ ... नस्कोसरह्वमोजीमका घर आरि समेत बिर्ता गरिवक्स्याको मोहर ताम्वापत्र गरिवक्स्यौं पाटनका अम्वलमध्ये षिपाकवाहा पाषोरोपनि २८ तस्को सांध पुर्व रेकर आलिसांध लुहकील दक्षिण पश्चिमकुलो सांधलुहकील उत्तर रेकर रकालिः नाथभट्टका बिर्ताको आलिसांध लुहकिल षिपा पैरो पाषोरोपनि ५ तस्को सांध पुर्व उत्तर रेकर पाषाको सांधलुहकील दक्षिण ३ का गुठि पाषाको सांधलुहकील पश्चिम राजकुलाको डिलसांध लुहकील येति सर्वे सिमानाभित्र पाषिषेतको साढे पाषोरोपनि २५ से पनिको २८ रोपनि कादरलेषेत रोपनि २८ घराररोपनि ५ षेत घडारिगरि जम्मा रोपनि ३३ बिर्ता जानि सन्तानदर सन्तान पर्यन्तपरमसुषभोग्य गर हाम्रा जयमनाई आसिर्वाद दिन्या गर यो बिर्ता संकल्प हुदा संकल्पवाक्य पन्याँ पुरोहित यदुनाथ पंडीत अर्ज्याल पनि हाल न्याश्री जनरल भीमसेनथापा सांधलाउन्या सधियार थरघर नरवीरथाडे गणपति पंथ विश्वापुनटोलको डंगोलनायेक धनवन्त अ्रालराटोलको डंगोलनायेक षड्गनवाहाटोलको डंगोल विजयरसिं पाटनका अमालिबाट आयाको रोजनाराय नलाध्या मोहिनाथ कल्लाध्या थरि भिमसेन षत्री वर्ण सिंथापा अेटसिं अर्जुन राजदेव वस मुल सिं भाजु धन कासिनाथ भट्टको मोहिल क्ष्मीनारान लक्ष्मीपतिकुसल्या बिर्तवारले किला भन्दा अघ्यालो नचापनु बिनातकसीर जवरदस्त गर्नु जो येस वृत्तिदेजमार होईन सो येस श्लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरेद्वसुंधरां षष्ठीवर्षसहस्राणि विष्ठायां जायते क्रिमिः इति सम्वत् १८८७ साल मिति फागुनवदि ६ रोज ५ शुभम्

७. लालमोहर नं. ३७५ मा.फि.नं. DNA $\frac{13}{66}$ मिति : १८७७ साल बैशाख वदि १२ रोज ३	**विषय :** श्री ५ राजेन्द्रविक्रम शाहबाट आफ्नो जन्मोत्सवमा कुलानन्द झालाई पाटन, भक्तपुर आदि ठाउँको घर घडेरी कुशविर्ता गरेको पत्र ।



स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्रीमत्राजेन्द्रविक्रमसाहवहादूरसमसेरजङ्ग देवानां सदा समरविजयिनाम् ------

[illegible]

८. लालमोहर नं. ३७६ मा.फि.नं. DNA $\frac{13}{67}$ मिति : १८३२ साल श्रावण वदि १० रोज ७	**विषय** : पाटनमा अमालीदारले विलास मन्दिरका लागि भुसको माग गरेकोमा काठमाडौंबाट भुसको मोहर गरी पठाएको रूक्कापत्र ।

श्री [illegible]



स्वस्ति श्रीमन्महा[illegible]राजकस्य रुक्का
आगे. पाटनका अमालिदारप्रति. विलासमन्दिरका काजला
ई भुस चाहियो र [illegible] कनमा मोहर गरि पठाया को हो भुसका न
भा मोहर पनि चाहिन्या हो इनमा मोहर पठायौं र पनि न पठायौं न मो
हरमा लेष्याको भुस [illegible] गरि पठाव. दिन दस १० बसन्तपुर
[illegible] काजगने पर्‍यो [illegible] दिन दस १० को सामलालि कन भुस को
[illegible] श्रावनका दिन [illegible] बसंतपुर [illegible]
[illegible] न आया [illegible] सम्वत १८३२ श्रावनवदि १० रोज ७
मु काम काठमाडौं शुभम्

९. लालमोहर नं. ३७७ मा.फि.नं. DNA $\frac{13}{68}$ मिति : १८५८ साल पौष सुदि ५ रोज ६	**विषय :** जिरिका खिमदि आदि क्षेत्रको गोठ व्यवस्था गर्नका लागि राखिएको खेतको विवाह मिलाइएको रुक्कापत्र ।

श्रीदुर्गाज्यू १

श्रीज्यूज्यूवाज्या



स्वस्तिश्रीमन्महाराजाधिराजकृस्य रुक्का
आगे जिरि खिमदी तिन् सैंदी छेत्रपाजुगुरु एकाङ्क का
पलु कामि हार भागिसिंग्या हर्क्या गंगा भन्या धौराज्या
छाकी अनीवल्या पुरान धन्या वोध्या रघुपत्या नैन
धन्या गोठाला परसुराम षडका जसराम षडका अठ
लवङ्ग्याल पर्ति मनका किपूति हिजो ले
त्यो गोठ जमाउन्दा गोठलाई राख्याका तिम्रा बाषेन थ
रक अमाली छप्याली ले जबर गर्दा फिर्याद गर्न आयो
गोठको अम्बलकारी हामीले कसैलाई बक्स्याको छैन
हिजोको थिति थामि हाम्रा गोठलाई राख्यो गोठकाज
गोमा थुमले र छप्यालीले मिचन गया गोठको प्र
जाले र गोठालाले थुमका जगा मिचन गया दोहरो
निसाफ बुझी जसको अम्बाली ठहर्‍ला पाउन सम्येत
पैयाग्रु नृगार लिनु लाई रति सम्बत १८५८ साल मिती
पौष सुदि ५ रोज ६ शुभम्

१०. लालमोहर नं. ३७८ मा.फि.नं. DNA $\frac{13}{69}$ मिति : १८८७ साल माघ सुदि १२ रोज ३	**विषय** : श्री ५ राजेन्द्रविक्रम शाहबाट त्रिशूलगंगा पूर्व मेची पश्चिम भर मुलुकमा सुनुवारहरूको रीतिस्थिति मिलाइएको बन्देजपत्र ।



स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि
विविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्म
हाराजाधिराज श्री श्री श्रीमहाराजराजेन्द्रविक्रमसा
हबहादुरसमसेरजङ्गदेवानां सदा समरविजयिना
म्
आगे त्रिशूलगंगापूर्व मेचीपश्चीम भर मुलुक
का सुनुवारके तिनिहरू का [illegible] को अघि देखि च:
लिआयाको रिति थितिका हाँ सादर्गी आपस्मा का
पसुई बाहेक याक यज्ञ ई म यो अघुताली माफ ग
रि औहदू फारा· जातक मा एर अरू बिरउंमा फि
क का ॠत माको ती स्थ ति गर्नु· जियनका सजु भनि
थितिर्थ देज वां थिता स्थापन गरिबक्सी ई तिसम्ब
त १८८७ साल मिति माघ सुदि १२ रोज ३ आगे

११. लालमोहर नं. ३७९ मा.फि.नं. DNA $\frac{13}{70}$ मिति : १८६९ साल फागुण वदि ६ रोज १	**विषय** : जीतपुर र साँखु आसपासको क्षेत्रको जङ्गलमा रहेका चाखुरा र त्यसका फुलहरू नमार्नु मारे जरीवाना होला भन्ने बन्देज गरिएको रूक्का ।

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का
आगे जीतपुर लगाइत सांखु उत्तर जगा जगाका सम्मालि थरि यार वर्ग छन्ति
सजात प्रति जंगलमा खा आका जंगलि परको चाखुरा कसैले नमार्नु फुलपा
या फुल पनि नफोर्नु असैले चाखुरा माउ र बच्चा मार्‍या फुल फोर्‍याला इनको
जीमन पसील कोडंड गरि डिठा मार्फत दर्वार दाखील गर्नु ल्याउनु

तपसील

चाखुराको माउ मार्‍याको डंड रुपैया ——— ५०
चाखुराको बच्चा मार्‍याको डंड रुपैया ——— २५
चाखुराको फुल फोर्‍याको डंड रुपैया ——— १०

इति सम्वत — १८६९ साल मिति फागुन वदि ६ रोज १ शुभम्

१२. लालमोहर नं. ३८० मा.फि.नं. DNA $\frac{13}{71}$ मिति : १८३२ साल आषाढ सुदि ८ रोज ५	**विषय** : पाटनका अभालीदारबाट अर्पण भएको एकलाख शुकंधराजको फूल टिपाइ गनाइ काठमाडौं दरबारमा ल्याउनु भन्ने आदेश पत्र ।

श्रीदुर्गासहाय



स्वस्ति श्रीमन्महाराजाधि[राज]कस्य रुक्का

आगे पाटनका अभालिदार प्रति भिक्षा निबाट --- कनशुकंधराज

काफुल येकलाष अर्पण भयाको छ तिम्रा अंवल मराज तिशुकंधरा

जको फुल टिपाई गनाई जतिजति हुन्छ लेषासित काठमाडौ दर्बा

र ज्वाफ बुझाउ ल्याउ स्वर्वथा इति सम्वत १८३२ आषाढ शुदि ८ रोज ५ शुभम्

१३. लालमोहर नं. ३८१ मा.फि.नं. DNA $\frac{13}{72}$ मिति : १८८९ साल पौष वदि १२ रोज ३	**विषय :** श्री ५ राजेन्द्रविक्रम शाहबाट वार्षिक श्राद्धमा वानु पाध्याय दाहाल लगायतका व्यक्तिलाई ठिमीको ढुगाडोल खेत, बारी, घडेरी कुशविर्ता गरेको ताम्बापत्र ।

श्रीदुर्गाज्यु

श्रीबाज्याज्यू १   श्री५बुबाज्यू २




स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावलि विराजमानमा
नोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्रीमत्राजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्
देवानां सदा समरविजयिनाम् ------------------------
आगे वानु पाध्या दाहाल के सम्वत १८८७ साल मिति वैसाष सुदि ७ रोज ५ का दिन --
--- १ का वार्षिक श्राद्धमा --- २ --- का बाकुलिबाट संकल्प भयाका षेत मध्ये षेत मुरि
५० नरुकोसर हवमोजिमको · घडारिसमेत ...गरि वक्स्याको मोहर तांबापत्र गरिवक्सें
ठिमिका अम्वल मध्ये ढुगाडोल षेत मुरि । ६७ । १० नरुकोसांध पूर्व मोलानाथ झाका वि
र्ताकोसांध लुकुकिल · दक्षिण पश्चिम उत्तर रैकरको आलिसांध लुकुकिलु · ओल्लाम
ढा षेत मुरि । १२ । १० नरुकोसांध पूर्व रैकरको आलिसांध लुकुकिल · दक्षिण वाटाको ढ
लको आलिसांध लुकुकिल पश्चिम उत्तर रैकरको आलिसांध लुकुकिल · अरू जग्गा को अ
म्वल घडारि तर्षोगाल पाषो मुरि । १० नरुकोसांध पूर्व गंगाधर अधिकारिको विर्तासां
ध लुकुकिल · दक्षिण पश्चिम उत्तर पाषाको आलिसांध लुकुकिल · यति चार किला भित्र
षेत मुरि ५० घडारि पाषो मुरि दस १० विर्ता ज्ञानि संतान पर्यन्त परमसुषभोग्य गर · यो
विर्ता संकल्प हुदा संकल्प वाक्य पढन्या ब्राह्मण यदुनाथ पंडीत अर्ज्याल · पानि हाल्न
न्या काजि भीमसेन थापा · साधलाउन्या मषियार सिवनाथ अर्ज्याल · भवानिसंकर
घनाल · हरिवंश वोहोरा · डगोल नाईक धनवन्त · नल्ला छेयलको · छोडोयेलकोज
गन · ब्रह्मणेलको महिम्ह · मधुसूदन जैसि दाहाल · रुल पाचि ...ढु · मोहानन्द पं
नरसिं गंगाधर अधिकारि · गुणाकर पाध्या · सापकोटा · सिधिनाथ यरा · जोगा पिला
देविसिंह पाउ · जैनसिंह कुलाल · विलकिसिंह पाउ · विर्तवारले किल्ला भन्दा अर्घ्या लोभ
बापनु बिना हक सीर जवदनमर्नु · जो येस बंदेज मा रहैन सो येस श्लोक मा भन्याको
पातकि होला · स्वदत्तां परदत्तां वा यो हरेद्दै वसुन्धराम् · षष्टिवर्षसहश्राणि विष्ठायां
जायते क्रिमि · इति सम्वत १८८९ साल मिति पौष वदि १२ रोज ३ शुभम्

१४. लालमोहर नं. ३८२ मा.फि.नं. DNA $\frac{13}{73}$ मिति : १८८० साल जेष्ठ वदि ११ रोज ४	**विषय :** श्री ५ राजेन्द्रविक्रम शाहबाट वैजनाथपाध्या कुइँकेल लगायतका व्यक्तिलाई ठिमीको जग्गा कुशविर्ता गरेको ताम्बापत्र ।

श्रीदुर्गा

श्रीभवानी (?)   श्रीपशुपति (?)



स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म
हाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिना
म ---------------------------------
आगे वैजनाथपाध्या कुईक्यालके सम्वत १८७३ साल मिति मार्गसुदि ९ रोज ४ का दिन --- का बाकु
लीवाट --- --- मासीकल्प भयाका षेत मध्ये षेत मुरि ३० तस्को सहुवमोजीमका पआरि सेतविर्ता
गरिवक्स्याको मोहर ताम्बापत्र गरिवक्स्यौं ठिमिका आम्वलमध्ये पानी षेतको साठो पाषो दिदा रोपनी ३८
का दरले षेत मुरि ३० को पाषो वाजे षेत मुरि २२ पाथी ८ नेमम ध्येतर्षा गालपाषो षेत मुरि ५३ तस्को सा
ध पुर्व वानुपाध्या दहालको विर्ता का कान्हो साध लड्कुकिल दक्षिण रेकर पाषो साध लड्कुकिल पश्चिम वा
टो साध लड्कुकिल उत्तर गीगादत्त अधीकारिका विर्ताको साध लड्कुकिल दफेन षीगाल वास्याका षेत
मुरि ९ पाथी ८ धआरि मुरि ५ आपमुरि ४३ पाथी ८ तस्को साध पुर्व रेकर पाषा को आलीसाध लड्कुकिल
दक्षिण रेकर पाषो साध लड्कुकिल पश्चिम वानुदाहालका विर्ताको आलीसाध लड्कुकिल उत्तर गीगाद
त्त अधीकारि का विर्ताको साध लड्कुकिल यतिसिमाना भीत्र षेत मुरि २२ पाथी ८ धआरि मुरि ५ आवे
त मुरि २८ पाथी ८ विर्ता जानी सितानपर्यन्त परमसुष भोग गर्‍या विर्ता सीकल दुदासी कल्प वा धापह
न्या प्रोहित जकुन्या पपंडित अर्ज्याल पानी हाल न्या श्रीजनरल भीमसेन थापा साध लाउन्या सधी या रंग
एपति पंचमर्दन सिंरानासर्दार रणमान सिंघ पत्र नेतलिंगाका नारन जैसी नेवा पान्ध्या त्रिलोचा रिकादिवे
श्वर वडाल लक्ष्मी नारीन उपाध्या ठिमि स्या काठमाडौ का कलानिधि आधि कारि गोकर्न काथि एपति चा
लप्या दापवा का कुसुमाकर अधीकारि लिपागाल का इन्द्र विर पापा गौकर्न का राधा कृष्ण अर्ज्याल टोलाटो
लको डुगोल जगन्नाथ सिं मजा वंदेवल कोडगोल नेकुलि ठिमि का आमालीवाट आयाका भवानीप्रसाद प्र
धान ढलपाधि नरसिं शुकुल पामोहन न्द्रढल पा आगा पिलाढल पा धनपुरु लारामन गर कोटि कासि
राम पाधा विर्ता ढारले किल्या भैदा अर्घ्या लोन वापत्र वि नाता क्तर जवद नगर्नु जो ये सवै धेजमा रहेन
सो एस श्लोकमा सन्या कोपातकीहोला स्वदत्तां परदत्तां वा यो हरेद्वसुंधरां षष्ठिवर्षसहस्र
णि विष्ठायांजायते क्रिमिः इति सम्वत १८८० साल मिति जेष्ठ वदि ११ रोज ४ शुभम्

१५. लालमोहर नं. ३८३ मा.फि.नं. DNA $\frac{13}{74}$ मिति : १८८८ साल प्रथम बैशाख वदि ६ रोज १	**विषय :** श्री ५ राजेन्द्रविक्रम शाहबाट शुद्धशान्तिका लागि शंखनारायण तिवारी लगायतका व्यक्तिलाई पाटनको जग्गा कुशविर्ता गरेको ताम्बापत्र ।

श्रीदुर्गाज्यू १

श्री ५ बाज्याज्यू १ श्री ५ बुबाज्यू २ श्री ५ दज्याज्यू ३



स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजराजे
न्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्
आगे सङ्खनारायेन तेवारि र्वंसिधर केसम्वत १८८३ साल मिति जेष्ठवदि ४ रोज ३ का दिन १ शुद्धसांतिमा २ कावाहुलि बाटसं
कल्प भयाका षेत मध्ये वंसिधर के षेत मुरि १३० श्रीसम्वत १८७८ साल मिति कार्तिकसुदि १५ रोज ६ का दिन सर्वव्रतोआपन सांग्यमा ३ का
वाहुलि बाटसंकल्प भयाका षेत मध्ये षेत मुरि १२० श्रीसम्वत १८८० साल मिति माघसुदि ५ रोज ५ का दिन हाम्रा उपनयनमा काहुलि
बाटसंकल्प भयाका षेत मध्ये षेत मुरि १७५ इ ३ वैसंकल्पमा सङ्खनारायेन तेवारि के षेत मुरि १३५ अंस षेत मुरि १६५ तस्को सरह वमोजि
मको घडारी समेत विर्ता गरि वक्स्याको मोहर ताम्रपत्र गरि वक्स्यौं देउ पाटनका अम्वल मध्ये साडु पाषा मुरि १५।१० तस्को सांध पुर्व ब्रा
ह्मणका विर्ताको आलीसांध लुहकिल दक्षिन पश्चिम उत्तर रैकर षेतको आलिसांध लुहकिल औधसिंगेल षेत मुरि ११ तस्को सांध पुर्व
दक्षिण पश्चिम उत्तर रैकर षेतको आलिसांध लुहकिल औ भागा षेत मुरि ८।१ तस्को सांध पुर्व ब्राह्मणका विर्ता षेतको आलिसांध
लुहकिल दक्षिण सानु नाटो सांध लुहकिल पश्चिम उत्तर रैकर षेतको आलिसांध लुहकिल औ हाडगाउका अम्वल मध्ये कपंटारषे
त मुरि १२१ तस्को सांध पुर्व नेघ कागुठि षेतको आली सुनामेत रैकर षेतको आलि सांधलुहकिल दक्षिण प्रजाका सुनाषेतको आलिसांध
लुहकिल पश्चिम रैकर षेतका आलिसांधलुहकिल उत्तर हरदत्तजाका विर्ता षेतको आलिसांधलुहकिल औ काठमाडौंका अम्वल वि
ऊहिटिनाजो मुरि १७६ तस्को सांध पुर्व रैकर पाषाको आलिसांधलुहकिल दक्षिण प्रजाका सुनायाको सांधलुहकिल पश्चिम
जुलका टोसांधलुहकिल औ देउ पाटनका अम्वल मध्ये घसिकाजो टारु माकाजो मुरि १७९ कोपानि षेतको सांटो गावा
दिया २५ रोपनिको २८ रोपनि कादरले मुरि १२।१५ घ्याम्रि मुरि १३ इ तिनै ठाउँ मुरि १९८।१५ तस्को सांध पुर्व पाटिका गुठि सांध
लुहकिल दक्षिण पद्मनिधि पांडेका विर्ता षेतको आलिसांधलुहकिल पश्चिम रैकर षेत रैकर पाषाका सांधलुहकिल यति
सर्वसिमा साभित्र अंस षेत पाषा गांजो मुरि १८०।५।१५ विर्ता आफ्ना सन्तान दरसन्तान पर्यन्त पर मसुस भोग्य गर । या विर्ता संकल्प
कुदा संकल्पका वाणपुरोहित यदुनाथ पंडित रघुनाथ पंडित अर्जाल पानिहाल न्या कीजन रणभीमसेन थापा काजि
दलभंजन पांडे साधु लाउन्या सधियार पररघर गणपति पंथ हरि वंसको होरा स्याम लाल अर्ज्याल देउ पाटनका अमा
लिवाट आयाको संसवीर रिमने कार काठमाडौंको माहिनाईका आगिसिं जक्सराम पुनसिंघि देउ पाटनको माहिनाई कानंद
ब्राह्मण टोलको डंगोल अभिनसिं स्यावजि तला छिटोलको डंगोल पुनसिं एम जाक दे वलको डंगोल नेकुसिं साउका माहिज्यु
नरसिं लामा घसिका माहि नारायन खत्रि घसिका विश्वनाथ पाध्या वलिस्या प्राणनाथ सापकोटा वंसपुरि काठमाडौंका तेज
नारायन जैसि लक्ष्मीनारायन नेवार रतन नेवार भिमनारायन नेवार सिंघछिपा हाडिगाउ का जयमंगल फुपाल भेमाल कापुरं
धरढकाल कापन काधन विर सिजार धोदसिं खत्र कर्मराम सिजार भक्तसिं पुरान माहि विर्तदारले किला भन्दा अर्ध्याला
न छापनु विना तकसिर जवत न गर्नु ओ येस वर्दजमा रहोइन सो येस श्लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तां
वा यो हरेद्वसुन्धराम् षष्टिवर्षसहस्राणि विष्ठायां जायते क्रिमिः इति सम्वत १८८८ साल मिति प्रथम वैसाषवदि ६ रोज
१ शुभम्

आर्थिक वर्ष २०६४/०६५ को वार्षिक गतिविधि

मुद्रण र प्रकाशन गतिविधिको थालनी भन्दा पहिलेदेखि नै अध्ययन अध्यापक धार्मिक कार्यका लागि लेखिएका ग्रन्थ र आर्थिक लेनदेन एवं भूमिव्यवस्था सञ्चालन गर्दा उत्पादन भएका कागजातको पृष्ठभूमिमा अभिलेखालयको विकास भएको हो। वि.सं. १८६९ भाद्र वदी ६ रोज ६ मा गीर्वाण युद्धविक्रम शाहले पुस्तक व्यवस्थित गर्न जारी गरेको लालमोहरबाट यसले हस्तलिखित ग्रन्थहरूको पुस्तकालयका रूपमा कानूनी आधार प्राप्त गरेको हो। यी ग्रन्थहरू वसन्तपुर दरबारबाट थापाथली दरवार र दरबार हाइस्कुलमा स्थानान्तरित हुँदै वि.सं. १९५७ मा वीर सम्शेरद्वारा वीर पुस्तकालयमा व्यवस्थित गरिएका हुन्। यिनै हस्तलिखित ग्रन्थहरू र धार्मिक, सामाजिक र गुठीसँग सम्बन्धित सरकारी तथा गैरसरकारी क्षेत्रका कागजातहरू र सरकारी रेकर्डहरूको संकलन, संरक्षण, प्रकाशन तथा अध्ययन गर्ने र प्रतिलिपि उपलब्ध गराउने सेवा प्रदान गर्ने उद्देश्यबाट राष्ट्रिय अभिलेखालयको स्थापना २०२४ सालमा भएको हो।

अभिलेखालयको संकलन प्रक्रिया अभिलेख संरक्षण ऐन, २०४६ र अभिलेख संरक्षण नियमावली, २०६३ मा व्यवस्था भए अनुसार सरकारी र गैरसरकारी निकायबाट पठाइएका, विशेषज्ञ टोलीले विभिन्न क्षेत्रको भ्रमण गरी संकलन गरी ल्याइएका, मूल्याङ्कन समितिबाट मूल्य निर्धारण गरी खरिद गरिएका, उपहार स्वरुप प्राप्त भएका एवं माइक्रोफिल्म गरी मूलप्रति सम्बन्धित व्यक्ति वा निकायलाई नै फिर्ता दिइ केवल रिलमा मात्र संकलन गरिने रहेको छ। यस सन्दर्भमा परम्परागत रुपमा वीर पुस्तकालयबाट प्राप्त ग्रन्थहरू १ - ४ लगतमा, राष्ट्रिय पुस्तकालयबाट प्राप्त हस्तलिखित ग्रन्थहरू ५ औं लगतमा र राष्ट्रिय अभिलेखालयले पछि क्रमिक रूपमा संकलन गरेका ग्रन्थहरू षष्ठ लगतमा दर्ता गरिएका छन्। यहाँका अभिलेखहरू विषयका आधारमा धर्मशास्त्र, दर्शन, ज्यौतिष, पुराण, इतिहास, तन्त्र, प्रशासन, अर्थ, भूमिव्यवस्था आदिसँग सम्बन्धित छन्। लिपिका आधारमा लिच्छवी, गुप्त, नागरी, देवनागरी, रञ्जना, नेवारी, बंगाली, तिब्बती, मैथिली आदि १४ प्रकारका लिपिमा लेखिएका छन्। भाषाका आधारमा संस्कृत, पाली, नेवारी, तिब्बती, मैथिली, नेपाली, हिन्दी भाषाका र लेख्य सामग्रीका आधारमा ताम्रपत्र, शिलापत्र, ताडपत्र, भोजपत्र, नेपाली कागज, इन्डियन कागजमा लेखिएका छन्।

यिनीहरूलाई विषयगत रूपमा शाखाहरूमा छुट्टयाएर राखिएको छ।

अभिलेख शाखामा शाह र राणाकालीन लालमोहर, ऐतिहासिक चिठीपत्र, परराष्ट्र मन्त्रालयका चिठ्ठीपत्र, भूमिसम्बन्धी रोल गरिएको ताडपत्र, ताम्रपत्र, ताम्रपत्र उतार, नेपाल अधिराज्यभरका पाएसम्मका शिलालेख उतार, जनमतसंग्रह नामावली २०३७, राष्ट्रिय पञ्चायतका कागजात, कर्मचारी सिटरोल, कानून मन्त्रालयबाट प्राप्त मिसिलहरू, हुलाक सेवाबाट प्राप्त पहिलो टाँचा लागेका टिकट, गोरखापत्र, द राइजिङ नेपाल एवं २०४७ सालका संविधानको अडियो क्यासेट सहितको प्रतिवेदन आदि रहेका छन् । कुमारीचोक शाखामा केन्द्रिय तहसिल कार्यालयबाट प्राप्त शाह र राणाकालीन भूमिसम्बन्धी कागजात र लालमोहरहरू रहेका छन् । ज्यौतिषशाखामा ज्यौतिष, काव्य, कथा पुराण इतिहास, नीति कोश आदि विषयका ग्रन्थहरू छन् । तन्त्रशाखामा तन्त्र, आयुर्वेद, तान्त्रिक कर्मकाण्ड आदि विषयका ग्रन्थहरू छन् । दर्शनशाखामा वैदिक (न्याय, मीमांशा, सांख्य आदि षड्दर्शन) र बौद्ध दर्शनका ग्रन्थहरू छन् । तिब्बती शाखामा लिपि तिब्बती भाषा चाहिँ तिब्बती र संस्कृत भएका बौद्ध दर्शन तथा तान्त्रिक कर्मकाण्ड विषयका ग्रन्थहरू रहेका छन् ।

उपर्युक्त मूलप्रति अभिलेखालयमा संकलित हस्तलिखित ग्रन्थहरूका साथै मूल प्रति सम्बधित व्यक्ति वा निकायमा रहेका केवल रिलमा मात्र संकलन गरिएका नेपाल अधिराज्य भरिका करिब १,८१,५०० हस्तलेखहरू र त्यसको करिब ५३,००,००० पाना सूक्ष्म छवीकरण भएका छन् । विविध विषयका ग्रन्थ र कागजातलाई करिव ८९७३ थान नेगेटिव र त्यत्तिकै संख्यामा पोजेटिव रिलहरूमा सुरक्षित, वातानुकूलित र आर्द्रेता नियन्त्रित कक्षमा भण्डारण गरिएका छन् । अभिलेखालयको पुस्तकालयमा अभिलेख, इतिहास, पुरातत्वसँग सम्बन्धित प्रिन्टेड ग्रन्थहरू पनि रहेका छन् ।

संकलन तर्फ यस वर्ष पनि हुलाक सेवा विभागबाट पहिलो टाँचा लागेका टिकट क्रमिक रुपमा प्राप्त भएका छन् । ऐतिहासिक कागजपत्र र हस्तलिखित ग्रन्थहरू सर्भेक्षण र संकलन गर्ने सम्बन्धमा हरेक वर्ष झै यस वर्ष पनि अनुसन्धान अधिकृत श्री जगन्नाथ उपाध्यायको नेतृत्वमा अछाम जिल्ला र टा.ना.सु. श्री उद्धवप्रसाद न्यौपानेको नेतृत्वमा तनहुँ र लमजुङ जिल्लाको भ्रमण गरी सम्बन्धित कार्यालयहरूमा कागजात संरक्षणका लागि राय सल्लाह दिनुका अतिरिक्त केही सामग्री संकलन गरी ल्याइएको छ । प्रताप मल्लकालिन ताम्रपत्र १, माइक्रोफिल्म गरी संकलन गरिएको छ भने समग्रमा उपहार संकलन र खरीद गरी जम्मा १२५ थान हस्तलिखित, प्रिन्टेड ग्रन्थ र कागजातहरू संकलन गरिएका छन् ।

संरक्षण तर्फ निरन्तर रुपमा प्राप्त हुन आउने कागजातलाई संरक्षण विधि पुऱ्याएर मात्र स्ट्याक हलमा लैजाने र पहिलेदेखि नै संकलनमा रहेका कागजातहरूलाई पनि तिनीहरूको अवस्था हेरी आवश्यक संरक्षण प्रविधि अपनाउनु हाम्रो निरन्तर कार्य प्रक्रिया हो। अभिलेखालयमा संकलित कागजातलाई ए.सी. जडान गरिएको हलमा विभिन्न शाखामा विभाजन गरी राखिएको छ। तन्त्रशाखाका १३४ थान ग्रन्थहरूको तेरिज राखिएको छ भने २३ थान ग्रन्थहरूको १४९५ पाना छुट्टयाइएको छ। गोरखापत्र, द राइजिङ नेपाल, सिटरोल, हस्तलिखित ग्रन्थ, अभिलेख र अन्य विविध पुस्तकहरू गरी ७६४४ थान ग्रन्थहरू वाइन्डिङ्ग, मर्मत र फ्युमिगेसन गरिएको छ। राष्ट्रिय संग्रहालय छाउनीबाट हस्तान्तरित भै आएका ग्रन्थहरू मध्ये ४ थान ताम्रपत्र, ५७ थान तिब्बतीयन ग्रन्थ, १५६ थान हस्तलिखित ग्रन्थ र छाउनी शिलखानासँग सम्बन्धित कागजातको मर्मत र फ्युमिगेसन गरी ४९७ पोका तयार गरिएको छ। पुस्तकालयका २००० थान प्रिन्टेड ग्रन्थहरूको वर्गीकरण र सूची तयार गरिएको छ। केन्द्रीय लगत तथा अभिलेख शाखा भद्रकाली गुठीको अनुरोधमा यस कार्यालयका वरिष्ठ रसायनविद् श्री गृहमान सिंह श्रेष्ठको राय सल्लाहमा त्यहाँ रहेका ७० थान ताम्रपत्र संरक्षण भएको छ। सैनिक संग्रहालय छाउनीको अनुरोधमा संग्रहालय अभिलेख व्यवस्थापन तालिममा यस अभिलेखालयका विज्ञहरूले सहभागी प्रशिक्षार्थीहरूलाई अभिलेख र अभिलेखालय सम्बन्धी कानून, अभिलेख संकलन, संरक्षण, वर्गीकरण र प्रतिलिपि उपलब्ध गराउने जस्ता विषयमा जानकारी दिने कार्य गरिएको छ।

प्रकाशनतर्फ यस वर्ष अभिलेख शाखामा रहेका सबै अभिलेखहरूको र हस्तलिखितग्रन्थ शाखाका १६००० ग्रन्थहरूको सूचीलाई कम्प्युटर टाइप गर्ने र प्रिन्ट निकालि वाइन्डिङ गर्ने कार्य सम्पन्न गरिएको छ। उक्त सूचीलाई कम्प्युटर र सी.डी.मा समेत राखिएको छ। तिब्बती शाखाका ८०० थान ग्रन्थहरूको विवरणात्मक सूचीपत्र भाग २ पनि प्रकाशित गरिएको छ। वार्षिक मुखपत्रको रुपमा अभिलेखको यो २६ औं अङ्क प्रकाशित भएको छ।

यस वर्ष स्वदेशी र विदेशी गरी जम्मा ३० जनाले ७८ थान माइक्रोफिल्म अध्ययन गरेका छन्। २२५ जनाले गोरखापत्र, कर्मचारी सिटरोल, २०३६ सालको मतदाता नामावली, कुमारी चोकका कागजात, हस्तलिखितग्रन्थ आदिको अध्ययन गरेका छन्। पुस्तकालयका प्रिन्टेड पुस्तकको ५८० जना अनुसन्धानकर्ताहरूले अध्ययन गरेका छन्। ४०७ थान ग्रन्थका ३८९६ फिट

माइक्रोफिल्म र १११ थान ग्रन्थका ८५३ प्रति रिडरप्रिन्ट अनुसन्धानकर्ताहरूलाई प्रतिलिपि उपलब्ध गराइएको छ ।

अभिलेखालयलमा संकलित पञ्चाङ्गका आधारमा प्रदान गरिने मिति रुपान्तरण सेवा तर्फ यस वर्ष ई.सं. बाट वि.सं.मा २८ जना र वि.सं. बाट ई.सं. मा ६० जनाले मिति रुपान्तरण गराएका छन् । विभिन्न क्याम्पस, विद्यालय र संघसंस्थाका स्वदेशी तथा विदेशी १५ वटा टोलीले अभिलेखालयको शैक्षिक अध्ययन अवलोकन भ्रमण गरेका छन् ।

भौतिकसुधारतर्फ राष्ट्रिय अभिलेखालयको सुरक्षा पर्खाल सुधार गर्ने कार्यलाई निरन्तरता दिइएको छ । कार्यालय परिसरमा रहने बाह्य वातावरणबाट संकलित अभिलेख सामग्रीमा पर्न जाने असरलाई मध्यनजर गरी कार्यालय परिसरमा ल्याण्डस्केपिङ र गार्डेनिङ सम्बन्धी परामर्श र सुधारका लागि विशेषज्ञहरूबाट अध्ययन गराइ विस्तृत प्रतिवेदन तयार गराइएको छ । निरन्तर रुपमा संकलनमा आउने अभिलेख राख्ने कोठा सुधार कार्य गरिएको छ ।

जनशक्ति विकासतर्फ अभिलेखालयलका अनुसन्धान अधिकृत श्री जगन्नाथ उपाध्याय मलेसिया सरकारले उपलब्ध गराएको छात्रवृत्तिमा ११ अगष्ट देखि १६ सेप्टेम्बर २००७ सम्म मलेसियाको राष्ट्रिय अभिलेखालयमा सञ्चालित Advanced Archives and Records Management Course मा सहभागी हुनुभयो । प्रत्यक्ष अवलोकन, प्रयोगात्मक र विषय शिक्षण गरी तीन पद्धति अपनाएर सञ्चालन गरिएको सो तालिममा मलेसियाका विभिन्न रेकर्ड सेन्टरको अवलोकन एवं विभिन्न क्रियाकलापमा सहभागी भई अभिलेख संरक्षणका आधुनिक पद्धतिका बारेमा जानकारी हासिल गर्नुभयो । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित तालिममा प्रमुख छविकर श्री गोविन्द घिमिरेले परियोजना पूर्व मूल्याङ्कन विषयमा छविकार श्री किरणबहादुर श्रेष्ठले अफिस व्यवस्थापन विषयमा सहभागी भइ आफ्नो दक्षतावृद्धि गर्ने अवसर प्राप्त गर्नुभएको छ ।

यस वर्ष अभिलेखालयले माइक्रोफिल्मको प्रतिलिपि उपलब्ध गराएको र अन्य विविध दस्तुर वापत रु. ६,१७,३७७/५० संकलन गऱ्यो । जसमध्ये रु. १,०१,५०९/३० राजस्वमा र रु. ५,१५,८६८/२० रिभल्विङ फण्डमा जम्मा गरियो ।

राष्ट्रिय अभिलेखालय र एशिया अफ्रिका इन्स्टीच्यूट हेमवर्ग युनिभर्सिटी जर्मनी बीच मिति २०५९/४/३१ मा भएको सम्झौता अनुसार नेपाल जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजनाले यस वर्षसम्म ग्रन्थहरूको विस्तृत सूचीपत्र

तयार गर्ने कार्य २०००० थान पुऱ्याएको छ ।

अन्त्यमा हाम्रा अनन्य मित्र एवं यस अभिलेख पत्रिकाका सम्पादक प्रमुख अभिलेख अधिकृत स्व. विष्णुकान्त शर्माको मिति २०६५/४/१२ मा भएको असामयिक निधनबाट उहाँका परिवारजन र हामीहरूमा पर्न गएको अथाह वेदना र अभिलेख पत्रिका र अभिलेखालयलाई हुन गएको अपुरणीय क्षतिलाई यहाँ स्मरण गर्न विवश भएका छौं ।

"अभिलेख" पत्रिकाका निम्ति अनुसन्धानमूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख-रचना विशेषत: हस्तलिखित ग्रन्थ, अभिलेख, लिपिविज्ञान आदि विषयसँग सम्बन्धित हुनुपर्छ । लेख रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ । लेख रचनासँग सम्बन्धित चित्रहरू पनि समावेश गर्न सकिने छ ।

-राष्ट्रिय अभिलेखालय

ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका संवाहक अभिलेखात्मक सामग्री मानवीय ज्ञानसम्पदा हुन् । यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाइ राखौं ।



नेपाल सरकार
संस्कृति तथा राज्य पुनः संरचना मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
फोन : ४२५१३१५, ४२६४३५३
Email: narchives@yahoo.com